USAID
FROM THE AMERICAN PEOPLE

NDI
NATIONAL DEMOCRATIC INSTITUTE FOR INTERNATIONAL AFFAIRS

# नीति समीक्षा

दोस्रो संस्करण, असार २०७८



# महिला प्रतिनिधित्व

सार्वजनिक वृत्तमा महिला सहभागिता
सार्वजनिक वृत्तमा सशक्त महिला आवाज
कोरोना महामारी र महिला आर्थिक सवलीकरण
नेपालको बालअधिकार अभियानको नारीवादी विश्लेषण
राजनीतिमा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व

Policy Review

# Women's Representation

नीति समीक्षा

# महिला प्रतिनिधित्व

# Disclaimer

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367-LA-17-00001. The opinions expressed herein are those of the author(s) and do not necessarily reflect the views of USAID or the United States Government.

NDI is a non-profit, nonpartisan, nongovernmental organization that has supported democratic institutions and practices in every region of the world for more than two decades. Since its founding in 1983, NDI and its local partners have worked to establish and strengthen political and civic organizations, safeguard elections and promote citizen participation, openness and accountability in government.

Copyright: National Democratic Institute for International Affairs 2021. All rights reserved. Portions of this work may be reproduced and or translated for non-commercial purposes provided NDI is acknowledged as the source of the material and is sent copies of any translation.”

**Address:**

National Democratic Institute for International Affairs (NDI)
Continental Center, 4th Floor, Uttar Dhoka Sadak, Gairidhara-2, Kathmandu, Nepal
G.P.O. 8975, E.P.C 4129
Tel: (+977) (1) 4442079, Fax: (+977) (1) 4442079
email: spaudel@ndi.org

# द्रष्टव्य

अमेरीकी जनताको उदार सहायताबाट अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अवार्ड नम्बर एआइडी–३६७–LA–१७–००००१ अन्तर्गत यस प्रकाशन सम्भव भएको हो । यहाँ व्यक्त गरिएका विचारहरू लेखकका निजी हुन् र तिनले युएसएआइडी र अमेरिकी सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट (एनडिआई) एक मुनाफा रहित गैर-सरकारी तथस्ट संस्था हो जसले विश्वभर रहेका लोकतान्त्रिक संस्था र अभ्यासहरूलाई बिगत दुई दशकभन्दा लामो समयदेखि सहयोग गर्दै आएको छ । सन् १९९३ मा एनडीआईको स्थापना भएदेखि नै एनडिआई र यसका स्थानीय साझेदारहरूले राजनीतिक र नागरिक संस्थाहरूको स्थापना र सबलीकरण गर्ने, चुनावी प्रक्रियाको संरक्षण गर्ने र सरकारमा नागरिक सहभागिता, खुल्लापन र जवाफदेहिता बढाउने काम गर्दै आइरहेको छ ।

प्रतिलिपि अधिकारः सबै अधिकारहरू नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स २०२१ मा सुरक्षित रहेका छन् । यस प्रकाशनका केही अंशहरू पुनः उत्पादन गर्न वा गैर–नाफामुलक उद्देश्यका लागि अनुवाद गर्न सकिनेछ तर यसका लागि एनडिआईलाई यसको स्रोतका रूपमा उल्लेख गरी अनुवादको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

**ठेगाना**

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स (एनडिआई)
कन्टिनेन्टल सेन्टर, चौथो तल्ला, उत्तरढोका सडक, गैरीधारा–२, काठमाण्डौ, नेपाल
जि.पि.ओ. ८९७५, इ.पि.सि.४१२९
सम्पर्क नम्बरः (९७७) (१) ४४४२०७९, फ्यासः(९७७) (१) ४४४२०७९
इमेलः spaudel@ndi.org

# Editorial Board

**Deborah Healy**, Chairperson

**Akhilesh Upadhyay**, Member

**Jaya Jung Mahat**, Member

**Nayan Pokhrel**, Member

**Pranika Koyu**, Member

# सम्पादक मण्डल

**डेब्राह हिली**, अध्यक्ष

**अखिलेश उपाध्याय**, सदस्य

**जय जंग महत**, सदस्य

**नयन पोखरेल**, सदस्य

**प्रनिका कोयु**, सदस्य

# Foreword

Namaste.

Following the recent publication of the inaugural edition, I am delighted to share with you the second edition of the Policy Review – the latest publication from the National Democratic Institute (NDI) Nepal. The Policy Review is an initiative of the five-year USAID funded Niti Sambad ('Policy Dialogue') project. Niti Sambad contributes to USAID/Nepal's goal of helping to advance a more democratic and resilient Nepal by helping to support all democratic institutions and by further strengthening political, social and economic inclusion.

Through these publications, NDI Nepal aims to make policy analysis more publicly accessible, thereby further cementing linkages between citizens and those they elect. The aim is to examine how policies relating to key issues such as federalism, gender equality and the rights of youth and marginalized communities are being addressed by policy makers at all levels of government. However, the Policy Review is not an academic journal. Rather, it is a publication that aims to put forward interesting and thought-provoking essays from Nepali policy experts who wish to provide a diverse range of perspectives on their country's key policy developments.

In this edition, we cover the important issue of gender equality. The issues covered ranges from women's participation in the public sphere, to enhancing economic activities for women in a post-pandemic environment, political representation of disabled women, women's participation in the movement for child rights, and amplifying the voice of women in the public sphere. The articles provide some important and valuable insights in regard to how the issue of gender equality is treated in this country and how it can be treated.

Attaining gender equality is not unique to Nepal and many countries around the world, including those in established democracies, struggle to ensure that gender equality and parity are met. However, the elections and implementation of the constitution have been qualified successes from the perspective of inclusion. The constitution set out quotas for the inclusion

# प्रस्तावना

नमस्ते ।

यस नीति समीक्षाको भर्खरैको प्रथम संस्करणको प्रकाशन पश्चात, यहाँहरूमाझ नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडिआई)को नीति समीक्षाको दोस्रो संस्करण ल्याउन पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यो नीति समीक्षा युएसएआईडीको आर्थिक सहयोगमा सञ्चालित पञ्च वर्षीय परियाजना नीति संवादको पहलमा प्रकाशित भएको हो । नीति संवादले युएसएआईडी नेपालको सबै प्रजातान्त्रिक संस्थाहरूलाई सहयोग उपलब्ध गराउँदै राजनीतिक, सामाजिक र आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै अझ बढी लोकतान्त्रिक नेपाल निर्माणमा सहयोग पुऱ्याउने लक्ष्यमा योगदान पुऱ्याउँछ ।

यस नीति समीक्षामार्फत नीतिसम्बन्धी विश्लेषण नागरिकको तहसम्म पुऱ्याएर निर्वाचित प्रतिनिधि र नागरिकबीचको सम्बन्ध थप बलियो बनाउने लक्ष्य एनडिआई नेपालले लिएको छ । यस समीक्षाको उद्देश्य संघीयता, लैङ्गिक समानता, युवा तथा सीमान्तकृत समुदायका अधिकार जस्ता मुख्य मुद्दासम्बन्धी नीतिहरूलाई सरकारका सबै तहका नीति निर्माताले कसरी सम्बोधन गरिरहेका छन् भनेर जाँच गर्नु पनि हो । तथापि यस नीति समिक्षा एक प्राज्ञिक जर्नल भने होइन । बरु यसले नेपालको मुख्य नीतिहरूमा विभिन्न फरक विचार राख्ने नेपाली नीति विशेषज्ञहरूको चाखलाग्दो र विचारपरक लेखहरु समावेश गर्ने लक्ष्य राख्छ ।

यस संस्करणमा हामीले लैङ्गिक समानताको महत्वपूर्ण मुद्दालाई समेटेका छौं । सार्वजनिक क्षेत्रमा महिलाको सहभागिता, महामरी पश्चातको समयमा महिलाको आर्थिक क्रियाकलाप बृद्धि गर्ने वातावरण, अशक्त महिलाको राजनीतिक प्रतिनिधित्व, बाल अधिकारको आन्दोलनमा महिलाको सहभागिता र सार्वजनिक क्षेत्रमा महिलाका आवाज बढाउनेसम्मका मुद्दाहरु समेटिएका छन् । यसमा समेटिएका लेखमार्फत नेपालमा लैङ्गिक समानताको मुद्दालाई हेरिएको छ र कसरी हेर्न सकिन्छ भन्ने पक्षमा छलफल गरिएको छ् ।

लैङ्गिक समानता प्राप्ति नेपाल र विश्वका धेरै मुलुकमा नौलो होइन । लोकतान्त्रिकरूपमा स्थापित मुलुकमा समेत लैङ्गिक समानता सुनिश्चित गर्नका लागि संघर्ष गर्नुपर्ने अवस्था छ । तथापि, निर्वाचन र संविधान कार्यान्वयनको सफलता समावेशीताको अवधारणबाट निर्धारण हुन्छ । संविधानले महिलाको समावेशीकरणका लागि कोटा तय गरेको छ, जसका कारण राजनीतिक दल र संसदमा महिलाको राजनीतिक प्रतिनिधित्वमा बृद्धि भएको छ । फलस्वरूप, यी संस्थामा विविधता सहित नागरिकको प्रतिनिधित्व भएको छ । यद्यपि, धेरै निर्वाचित महिलाले आफ्ना नयाँ

of women, witnessing a major rise in the political representation of these groups in political parties and parliament. As a result, these institutions have become more representative of the diversity among citizens. However, this inclusion has often been symbolic with many elected women experiencing difficulties in fulfilling their new roles and struggling to overcome patriarchal norms that have existed for decades. Therefore, there is still much to be done in terms of making the issue of gender equality and inclusion meaningful and educating policy makers about their role in implementing the constitution in regard to gender equality.

Please let us know what you think of the publication in regard to the views expressed and/or the topics covered. Your feedback will help us greatly in terms of improving the publication further. As your opinion matters to us, please let us know what you think by contacting us - please see page.4 for details.

Finally, I would like to highlight that the Policy Review series is made possible by the generous support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367-LA-17-00001. The opinions expressed herein are those of the authors and do not necessarily reflect the views of NDI, USAID or the United States Government.

Again, I hope you will enjoy reading this publication.

With kinds regards,

**Deborah Healy**
**Senior Country Director**
**NDI Nepal**

भूमिका पूरा गर्न कठिनाई अनुभव गरिरहेका छन् र दशकौंदेखि अस्तित्वमा रहेका पितृसत्तात्मक मान्यतालाई परास्त गर्न संघर्ष गरिरहेको कारणसमावेशीकरण प्रायः प्रतीकात्मक रहेको छ । यसर्थ, लैङ्गिक समानता र अर्थपूर्ण समावेशीकरणका आधारमा नीति निर्मातालाई संविधानमा उल्लेखित लैङ्गिक समानतासम्बन्धी विषयको कार्यान्वयनका लागि अझै धेरै काम गर्न बाँकी छ ।

कृपया, यस प्रकाशनमा उल्लेखित विचार र समावेश गरिएका विषयबारे तपाईंको धारणा वा दृष्टिकोण हामीलाई उपलब्ध गराउनुहोला । तपाईंका प्रतिक्रिया र सल्लाह–सुझाबले अब आउने संस्करणहरूलाई अझै परिष्कृत गर्दै लैजान हामीलाई सहयोग पुग्नेछ । तपाईंको विचार हाम्रो लागि महत्वपूर्ण हुने भएकाले प्रकाशनमा दिइएको ठेगानामा तपाईंको सुझाबको अपेक्षा पनि गर्दछु । पुरा जानकारीका लागि कृपया पृष्ठ ५ हेर्नुहोला ।

अन्त्यमा, यो प्रकाशन अमेरीकी जनताको उदार सहायताबाट अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) अन्तर्गत अवार्ड नम्बर एआइडी–३६७–ीब–१७–००००१ को सहायताबाट सम्भव भएको व्यहोरा म स्पष्ट पार्न चाहन्छु । यस प्रकाशनमा समावेश गरिएका विचार स्वयं लेखकहरूको हो, जसले एनडीआई, युएसएआइडी र अमेरिकी सरकारको विचार प्रतिविम्बित गर्छ भन्ने जरूरी छैन ।

यस प्रकाशन यहाँहरूका लागि सहयोगी रहनेछ भन्ने आशा लिएको छु ।

धन्यवाद ।

**डेब्राह हीलि**
**वरिष्ठ आवाशीय निर्देशक**
**एनडीआई नेपाल**

# List of Contributors

### Kailash Rai

Kailash is a researcher with an interest in gender, politics and social justice. She has worked in various development organizations in a range of research roles. She is the author of 'Indigenous Women's Institution, Movement and Writings' and the editor of 'In Search of Identity: Indigenous Women's Social, Cultural and Political Context'. Dozens of her research articles focusing on gender, women, intersectionality, social justice, and social inclusion have been published in various journals and publications. In addition, her articles on multi-dimensional aspects of gender, feminism, and women of Nepal have been published in various newspapers and magazines.

### Pallavi Payal

Pallavi is a political researcher with a postgraduate degree in Development Studies and research experience in the area of elections and federalism. She is also a feminist Mithila artist exploring concepts and ideas that serve to re-invent this art form in contemporary times in order to highlight the impact of patriarchal and misogynistic mindsets, which affect the lives of women, in particular Madhesi women.

### Swadeepa Bohora

Swadeepa is a development consultant with experience in private sector engagement and policy research. She is interested in understanding the dynamics between state and the market, including the role that technology can play that enable development initiatives to achieve equitable outcomes. Her most recent work focused on expanding access to finance, building sub-national governance capacity to leverage Public-Private Partnerships to manage the business acceleration of rural enterprises for women. She has a postgraduate degree from Seton Hall University, New Jersey, and an undergraduate degree in International Relations and Political Economy from Brigham Young University, Utah.



# लेखकहरू

### कैलाश राई

कैलाश राई लैङ्गिक, राजनीतिक र सामाजिक न्यायमा गहन चासो राख्ने अनुसन्धानकर्ता हुनुहुन्छ । उहाँले विभिन्न विकाससम्बन्धि संस्थाहरूमा अनुसन्धानकर्ताको भूमिकामा काम गर्नु भएको छ । उहाँ 'आदिवासी जनजाति महिलाका संगठन, आन्दोलन र लेखन' को लेखक हुनुहुन्छ तथा 'पहिचानको खोजीः आदिवासी जनजाति महिलाको सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ' को सम्पादक हुनुहुन्छ । लैङ्गिक, महिला, अन्तर–सम्बन्धता, साामजिक न्याय र सामाजिक समावेशीकरणमा केन्द्रित उहाँका दर्जनौं अनुसन्धानात्मक लेखहरू विभिन्न जर्नल तथा प्रकाशनहरूमा पाइन्छन् । यसका साथै उहाँका विभिन्न लैङ्गिक, नारीवादी र महिलाहरूका बहुआयामिक पक्षहरूमा केन्द्रित लेखहरु विभिन्न पत्रपत्रिकाहरूमा पनि प्रकाशित हुने गर्छन् ।

### पल्लवी पायल

विकास अध्ययनमा स्नातकोत्तर गर्नु भएको पल्लवी पायल एक राजनीतिक अनुसन्धानकर्ता हुनुहुन्छ । उहाँसँग चुनाव र संघीयताबारे अनुसन्धान गरेको अनुभव छ । उहाँ नारीवादी मिथिला कलाकार पनि हुनुहुन्छ । वर्तमान समयका मिथिला कलाको पुनःआविस्कार गर्दै, उहाँले महिला र विशेषगरी मधेसी महिलाहरूको जीवनमा प्रभाव पार्ने पितृसत्तात्मक र रूढिवादी परम्परागत सोचलाई उदाङ्गो पार्ने उद्देश्य लिनुभएको छ ।

### स्वदिपा बोहरा

निजी क्षेत्रमा संलग्नता भएको र नीति अनुसन्धानमा अनुभवी, स्वादिपा बोहरा एक विकास परामर्शदाता हुनुहुन्छ । राज्य र बजारमा आधारित अवधारणा, विशेषगरी न्यायसंगत परिणामहरु प्राप्त गर्नका लागि प्रविधिले विकासका पहलहरूमा पार्न सक्ने सकारात्मक प्रभाव उहाँको रूचिका विषय हुन् । उहाँको पछिल्लो अनुसन्धान वित्त क्षेत्रमा पहुँच विस्तार गर्दै, उप–राष्ट्रिय शासन क्षमताको विकासमा केन्द्रित रहेर, सार्वजनिक निजी साझेदारी अघि बढाउंदै महिलाका लागि ग्रामीण उद्यमहरूको व्यवसायिक व्यवस्थापनसम्बन्धि थियो । उहाँले न्यू जर्सीको सेटन हिल विश्वविद्यालयबाट स्नातकोत्तर र ब्रिघम योङ्ग विश्वविद्यालय, उथाबाट अन्तर्राष्ट्रिय सम्बन्ध र राजनीतिक अर्थशास्त्रमा बीए गर्नुभएको छ ।

## Sanjog Thakuri

As a Child Club graduate, Sanjog has been part of Nepal's child rights movement since the mid 1990's. He has been analyzing Nepali child rights movement from an inclusionary, intersectional and feminist perspective. Currently, he is pursuing his postgraduate degree in Gender Studies from Tribhuvan University, Nepal. He is the Founding President of Hami DajuVai, a feminist organization focused on the notion of men and masculinity.

## Rama Dhakal

Rama is a woman with disability and is the Vice-President of National Federation of the Disabled. She is also the founding president and advisor of Nepal Disabled Women Association. Since 1994, she has worked in the disability rights movement, focusing on the rights of women and girls with and without disabilities. As part of her activism, she submitted a supplementary report on sexuality and the reproductive rights of women with disabilities within Article 25 of UN Convention on the Rights of Persons with Disabilities in Geneva. In addition, she has also delivered numerous speeches in many international fora.

## सन्जोग ठकुरी

सन् १९९० को दशकदेखि नेपालको बाल अधिकार अभियानमा आबद्ध सञ्जोग ठकुरी बालक्लबका पूर्व सदस्य हुनुहुन्छ । ठकुरीले नेपालको बालअधिकार अभियानलाई समावेशीता, अन्तरसम्बद्धता र नारीवादी दृष्टिकोणले व्याख्या गर्दै आइरहनु भएको छ । हाल त्रिभुवन विश्वविद्यधालयमा लैङ्गिक अध्ययनमा अध्ययनरत उहाँ पुरूष र पुरूषत्व केन्द्रित नारीवादी संस्था 'हामी दाजुभाइ' को संस्थापक अध्यक्ष हुनुहुन्छ ।

## रमा ढकाल

स्वयं अपाङ्गता भएको रमा ढकाल, राष्ट्रिय अपाङ्ग महासंघ नेपालको उपाध्यक्ष हुनुहुन्छ । राष्ट्रिय अपाङ्ग महिला संघको संस्थापक अध्यक्ष र सल्लाहकारको भूमिकामा रहेर काम गर्नु भएको ढकाल सन् १९९४ देखि नै अपाङ्गता भएका व्यक्तिको अधिकारका आन्दोलनमा निरन्तर रूपमा संलग्न हुनुहुन्छ । विशेषगरी उहाँ अपाङ्गता भएका र नभएका महिला र बालिकाको क्षेत्रमा सशक्तरूपमा आवाज उठाइरहनु भएको छ । आफ्नो अभियानको क्रममा उहाँले जेनेभामा संयुक्त राष्ट्र संघको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धीको धारा २५ अन्तर्गत महिलाहरूको प्रजनन् अधिकारसम्बन्धी पूरक प्रतिवेदन पेश गर्नु भएको थियो । उहाँले विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा वक्ताको रूपमा आफ्ना धारणाहरु व्यक्त गरिसक्नु भएको छ ।

# Contents


18 Women's Participation in the Public Sphere
– Kailash Rai

32 Amplifying the Voice of Women in Public Sphere
– Pallavi Payal

42 Women's Economic Empowerment and Inclusive Growth in the Post COVID-19 World
– Swadeepa Bohora

56 Feminist Analysis of Nepal's Child Rights Movement
– Sanjog Thakuri

66 Representation of Women with Disabilities in Politics
– Rama Dhakal


# विषयवस्तु


१९ सार्वजनिक वृत्तमा महिला सहभागिता
– कैलाश राई

३३ सार्वजनिक वृत्तमा सशक्त महिला आवाज
– पल्लवी पायल

४३ कोरोना महामारी र महिला आर्थिक सवलीकरण
– स्वदिपा बोहरा

५७ नेपालको बालअधिकार अभियानको नारीवादी विश्लेषण
– सन्जोग ठकुरी

६७ राजनीतिमा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व
– रमा ढकाल

# Women's Participation in the Public Sphere

■ Kailash Rai

## 1. Introduction

Nearly seven decades have passed since the public lives of the women of Nepal first began. The feminist discourse in Nepal, and the implementation of the principles of gender equality, women's empowerment and inclusivity have lent support to their active public participation. Yet, the public sphere is mostly a space from where women have been largely excluded, which has been adapted to suit the needs of men, and where male hegemony has remained dominant.

While the entry of women into public life is gradually being accepted as a norm, there is still a lack of infrastructure and mechanisms necessary for women to continue to occupy active leadership roles. The challenges faced by women are multidimensional. Yet, even though women's participation in the public life is full of challenges, it is characterized by enthusiasm and energy. The fact that a 2017 survey by The Asia Foundation found a positive attitude prevailing in society towards women's public presence is a sign that the public sphere is slowly expanding.

Women's participation in public life has influenced public decision-making. For example, women's public engagement has assisted in transforming the traditional and gender-discriminatory sociopolitical structures and mindsets. The exercise of expanding the gender and diversity aspects of the public sphere through voices raised by social institutions and political organizations has been intensifying. Therefore, this article will aim to discuss the presence of women in the public sphere in regard to achievements reached and limitations observed.







# सार्वजनिक वृत्तमा महिला सहभागिता

■ कैलाश राई

## १. पृष्ठभूमि

नेपालका महिलाहरूको सार्वजनिक जीवन शुरू भएको लगभग सात दशक नाघ्यो । नेपालमा नारीवादी छलफल, लैङ्गिक समानता, महिला सशक्तिकरण, समावेशीतालगायतका सिद्धान्त अवलम्बन गरिएका कारण उनीहरूका सार्वजनिक सक्रियतामा भरथेग मिलेको छ । मूलतः सार्वजनिक वृत्त आफैंमा पुरूष प्रभुत्व जगजगी रहँदै आएको पुरूष-अनुकूलित र महिला-बहिष्कृत गरिएको थलोको रूपमा रहेको छ ।

त्यसैले सार्वजनिक जीवनमा महिलाको प्रवेशलाई क्रमशः केही हदसम्म सामान्य र स्वीकार्य मानिन थालिएको छ । तर, उनीहरूलाई सक्रिय र प्रभावशाली भूमिकामा टिकिरहन र हस्तक्षेपकारी निर्णायक हैसियत कायम राख्न आवश्यक पूर्वाधार र संयन्त्रको अभाव छ । सार्वजनिक जीवनमा महिलाले खेप्नुपर्ने चुनौतीहरु बहुआयामिक छन् । यद्यपि, सार्वजनिक वृत्तमा महिला सहभागिताको लैङ्गिक अनुपात कम र चुनौतीपूर्ण भएपनि उत्साहजनक रहेको मान्न सकिन्छ । सन् २०१७मा द एशिया फाउण्डेशनले गरेको सर्वेक्षणमा महिलाका सार्वजनिक उपस्थिति र लैङ्गिक समानतालाई सकारात्मक रूपमा लिने गरेको भेटिनु नेपाली समाजको सार्वजनिक वृत्त फराकिलो बन्दै जानुको संकेत हो ।

सीमितता र चुनौतीका बाबजुद सार्वजनिक वृत्तमा हुने महिला सहभागिताले राजनीतिक-सामाजिक संवाद बढाएको र राजनीतिक तथा सार्वजनिक निर्णयहरूमा प्रभाव पार्ने गरेको छ । महिलाका सार्वजनिक सक्रियताले यथावतै रहिरहेका पूरातनी लिङ्गीय विभेदयुक्त सामाजिक एवं राजनीतिक संरचना र मानसिकता परिवर्तन गर्न/गराउनमा ठूलो मद्दत पुगेको छ । सामाजिक संघसंस्था र राजनीतिक संगठनमार्फत् उठाइएका आवाजले सार्वजनिक वृत्तलाई लैङ्गिक एवं विविधताको आयामबाट सघन बनाउँदै लगेको छ । यो लेखमा महिलाको राजनीतिक एवं सार्वजनिक वृत्तमा रहेको उपस्थिति, त्यसको उपलब्धी र सीमितताबारे संक्षेपमा छलफल गरिएको छ ।

## 2. Structural reform for public life

Societal practices since the Panchayat era show that reforms in the structural mechanisms aimed at women's participation in public life have proven effective. However, it was around the time of the 1950 revolution against the Rana regime that women finally began to break 'free from the bondage', which had kept them confined to domestic and private spaces, and which prohibited them from participating in or influencing public life. Women's participation in the political sphere began formally after women's organizations affiliated with major political parties following the establishment of democracy in 1951. In 1959, Dwarika Devi Thakurani became a symbol for women's representation after she was appointed as Nepal's first woman deputy minister. Thereafter, the gates began to open for women to enter public life. Yet, that a real vision still served to prohibit women from politics and guided them toward a life of social service.

After the restoration of democracy in 1990, political parties declared that they had fulfilled their responsibilities after fulfilling their constitutionally directed minimum requirement for fielding women candidates in five percent of all electoral zones. Then the provision requiring at least one-woman representative at each ward of village development committees (VDC) and municipalities was adopted. At the time, thousands of women entered public life en masse for the first time. The fact that women's participation in politics was enabled through reservations and quotas created certain standards for women's participation. If such provisions had not been implemented, women would have continued to languish as invisible minions at the bottom of the political pile.

> "While the entry of women into public life is gradually being accepted as a norm, there is still a lack of infrastructure and mechanisms necessary for women to continue to occupy active leadership roles."

While it disrupted people's lives, the Maoist 'People's War' did bring women into public life from different backgrounds. Some feminists contend that this increased engagement assisted in undermining the rigid wall that had separated the private and public lives of women, and which had been created as a means for the perpetuation of patriarchy. It certainly weakened the mainstream gender-unequal social and formal political powers and structures to challenge the 'masculine' state. The reforms in gender roles that took place created opportunities for all women to move forward in the public sphere as leaders. The 'People's War' was a key factor behind the 33 percent participation rate for women in the first Constituent Assembly.

At the same time, women's engagement toward ensuring gender parity and a more decisive role in politics also increased. Through different social organizations, women from different communities made the leap into public life. The People's Movement II of 2006, and the political and social movements and campaigns since then have led to an increase in the participation of women from a range





## २. सार्वजनिक जीवनका निमित्त संरचनागत सुधार

पञ्चायत कालपछिको अभ्यास नियाल्दा, राजनीतिक-सार्वजनिक जीवनमा महिला सहभागिताका लागि संरचनागत संयन्त्रमा प्रभावकारी सुधार भएका छन् । त्यसको पृष्ठभूमि भने पहिल्यैदेखि तयार पारिँदै ल्याइएको थियो । घरायसी र निजी वृत्तमै महिलालाई सीमित राख्दै सार्वजनिक मामिलामा सहभागी हुन र निषेध तोड्दै प्रभाव स्थापित गर्ने प्रक्रिया नेपालका महिलाले २००७ सालको क्रान्ति आसपासबाट शुरू गरेका थिए । प्रजातन्त्र स्थापनासँगै राजनीतिक पार्टीसँग सम्बन्धित महिला संगठनहरू खुलेपछि राजनीतिक वृत्तमा महिला सहभागिताले संरचनागत प्रवेश पायो । २०१५ सालमा पहिलो महिला सहायक मन्त्री बनेपछि द्वारिकादेवी ठकुरानी राजनीतिक वृत्तमा महिला प्रतिनिधित्वको प्रतीक बन्न पुगिन् । त्यसपछि, विकासमा महिला सहभागिता गराउने खाकाअनुरूप नेपालका महिलाका लागि सार्वजनिक जीवनमा प्रवेश गर्ने ढोका थप उघ्रियो । यद्यपि, उक्त खाकामार्फत् मुलुकको समृद्धिका लागि महिलाका राजनीतिक जीवन निषेध गरेर सामाजिक-परोपकारी जीवनतर्फ डोऱ्याइएको थियो ।

२०४६ सालको प्रजातन्त्र पुनर्बहाली भएपछि संविधानले निर्दिष्ट गरेझैँ राजनीतिक दलहरूले ५ प्रतिशत महिला उमेद्वारीको न्यूनतम शर्त पालना गरे। त्यसपछि नगरपालिका तथा गाउँ विकास समितिअन्तगर्तका वडामा एक महिला अनिवार्य हुने प्रावधान अपनाइयो । यसले पहिलोपटक हजारौँको संख्यामा महिलालाई सार्वजनिक जीवनमा प्रवेश गरायो । आरक्षणकै बूँतामा राजनीतिक संरचनामा महिला सहभागिता हुनुले सार्वजनिक तथा राजनीतिक वृत्तमा महिला सहभागिताको एकखालको मानक सिर्जना गऱ्यो । बाध्यकारी महिला सहभागिता नबनाएको भए पञ्चायती व्यवस्था ढाल्न अग्रपंक्तिमा खटेका महिलाहरू राजनीतिक संरचनाको पिँधमै सहयोगी कार्यकर्तामै खुम्च्याइन्थे ।

> "सार्वजनिक जीवनमा महिलाको प्रवेशलाई क्रमशः केही हदसम्म सामान्य र स्वीकार्य मानिन थालिएको छ । तर, उनीहरूलाई सक्रिय र प्रभावशाली भूमिकामा टिकिर हन र हस्तक्षेपकारी निर्णायक हैसियत कायम राख्न आवश्यक पूर्वाधार र संयन्त्रको अभाव छ ।"

तत्कालिन नेकपा (माओवादी)को 'सशस्त्र जनयुद्ध' (२०५२-२०६३ सालसम्म)ले नेपालका विविध समुदायका महिलालाई नयाँ भूमिकासहित सार्वजनिक जीवनमा उताऱ्यो । त्यसबारेमा केही नारीवादीको विश्लेषण थियो-महिलाको सार्वजनिक सक्रियताले महिलाका निमित्त पितृसत्ता टिकाउने औजारको रूपमा सिर्जित निजी र सार्वजनिक जीवनबीचको बलियो पर्खाल कमजोर पार्न सघायो । मूलप्रवाहको लैङ्गिक असमान सामाजिक तथा औपचारिक राजनीतिक शक्ति र संरचना कमजोर तुल्याइ 'पुलिङ्गी' राज्य र सामाजिक व्यवस्थालाई चुनौती दिएको थियो । 'जनयुद्ध'का बखत लैङ्गिक भूमिकामा भएको परिवर्तनले धनी-गरिब, शिक्षित-अशिक्षित, सामाजिक रूपमा प्रतिष्ठित-सामान्य-अपहेलित सबै महिलालाई सार्वजनिक वृत्तमा नेतृको रूपमा अघि बढ्ने अवसर पैदा गरिदियो । पहिलो संविधानसभा (२०६४-२०६८ सालसम्म) मा ३३ प्रतिशत महिला सहभागिता हुनुको एक पृष्ठपोषक माओवादी 'जनयुद्ध' पनि थियो ।

अर्कोतिर, निजी जीवनका चौघेरा तोड्दै सामाजिक, राजनीतिक र कानुनी रूपमा लैङ्गिक समानता र महिलाको निर्णायक भूमिका सुनिश्चित गर्नेतर्फ महिलाको सक्रियता बढ्यो । २०६२/६३ को दोस्रो जनआन्दोलनपछिका सामाजिक–राजनीतिक आन्दोलन र अभियानमार्फत् महिलाको सार्वजनिक सहभागिता ह्वात्तै बढ्यो । लोकतान्त्रिक गणतन्त्रको स्थापनाका साथै महिलाका विशेष हकअधिकारका निमित्त सामाजिक-राजनीतिक वृत्तका महिलाले एकीकृत महिला-शक्ति प्रदर्शन गरे । समग्र

of diverse backgrounds. As the struggle to end the monarchy and establish a democratic republic continued, women joined together to show their strength to secure special rights for women. Amidst the turmoil of the political transition, women insisted obtaining gender-inclusive participation, representation, women-friendly policies and laws in all aspects of the state.

Following the 2006 Comprehensive Peace Agreement, the 2008 Interim Constitution guaranteed women's representation in the state. Women had felt emboldened by it, imagining that the constitutional guarantees would make it possible to address gender equality issues at a more structural level. The 2015 Constitution further provided for 33 percent women's representation at the federal parliament and provincial legislative assemblies. As a result, women's participation in the federal parliament stands at 33.5 percent; in provincial assemblies at 34 percent; and across municipal councils at 41 percent. With 6,742 women representatives and 6,567 Dalit women representatives, a total of 14,349 women were elected to local government positions. Structural reforms implemented in politics have greatly assisted in increasing women's participation.

## 3. The power of women in public life: limitations and challenges

While women are engaged in public life, there has not been a major change in attitudes toward them as the gendered sociocultural duties and practical restrictions present in their private lives still remain to be dismantled. Most women are forced to struggle in their public lives while still carrying such duties and restrictions, which tend to dilute their effectiveness in public sphere. When these aspects are left unexamined while evaluating women as 'non-competitive', 'incapable' and 'weak', their public lives are further restricted. There is also a tendency to misconstrue that the principle of inclusion and the reservation policy (adopted to overcome the hurdle of systemic obstacles) has given space to 'incapable' individuals on par with 'capable' individuals. Such an attitude simply discourages the public participation of women – especially those at the 'bottom of the pile'.

**“Formal and informal institutions and visible and invisible structures of patriarchy are responsible for the exclusion of women from the public sphere – especially of women who experience multi-level marginalization.”**

In many contexts, when women become active outside their homes, there is a tendency to claim that it has brought discord into the family life, that it has brought cultural disruption into the society, and that it has pushed the institution of marriage towards jeopardy. In particular, when women participate in temporary internal and external migration to secure employment and independence, they are accused of undermining the institutions of the family and marriage. The fearlessness against gender-based discrimination that develops in women after they become active in public life, and the demands they make on behalf of themselves and others like them, are considered 'excessive' for society. Moreover,





सामाजिक-राजनीतिक क्षेत्रमा लैङ्गिक समावेशी प्रतिनिधित्व, महिलामैत्री संवैधानिक, नीतिगत र कानूनी व्यवस्थाको लागि अडान राखे ।

विस्तृत शान्ति सम्झौतापश्चात, नेपालको अन्तरिम संविधान २०६३ ले राज्य संरचनामा महिला प्रतिनिधित्व प्रत्याभूत गऱ्यो । त्यसपछि लैङ्गिक समानता र विविधताको संरचनागतरूपमै सम्बोधन हुने अपेक्षासहित महिलाहरु हौसिए । नेपालको संविधान २०७२ ले संघीय संसद तथा प्रदेशसभामा ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य हुनुपर्ने व्यवस्था गऱ्यो । यही संवैधानिक व्यवस्थाका कारण संघीय संसदमा ३३.५ प्रतिशत, प्रदेशसभामा ३४ प्रतिशत र स्थानीय तहमा ४१ प्रतिशत महिला सहभागिता भएको छ । ६ हजार ७४२ महिला र ६ हजार ५६७ दलित महिला गरी १४ हजार ३४९ जना महिला सरकारको स्थानीय निकायमा पुगेका छन् । यसले राजनीतिक संरचनागत सुधार र महिला सहभागिता बृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

## ३. सार्वजनिक जीवनमा महिला-शक्तिः सीमा र चुनौती

सार्वजनिक वृतमा महिलाको संख्या बृद्धि भए पनि उनीहरूप्रति हेर्ने दृष्टिकोण र व्यवहारमा तात्विक परिवर्तन आएको छैन । उनीहरूका सामाजिक-सांस्कृतिक दायित्व र व्यवहारिक बन्धनहरु तोडिएका छैनन् । अधिकांश महिला ती दायित्व र बन्धनसँग निरन्तर लडिरहेका छन् । त्यसले उनीहरूको सार्वजनिक वृत्तमा हुने सक्रियता, प्रभावकारीता र प्रतिस्पर्धी क्षमतालाई फितलो पार्ने गरेको छ । महिलाको जीवनलाई साँघुऱ्याउने भित्री पाटो नकेलाइ उनीहरूको प्रतिस्पर्धी क्षमता योग्यताको मूल्याङ्कन गर्न सकिन्न । संरचनागत अड्चनलाई पन्छाउन अपनाइएको समावेशी सिद्धान्त/आरक्षणलाई 'असक्षम'लाई 'सक्षम' सरह स्थान दिएको भनेर अपव्याख्या गर्ने परिपाटी पनि छ । त्यस्तो परिपाटीले महिला त्यसमाथि पनि पछाडि पारिएका महिलाको सार्वजनिक उपस्थिति र सक्रियतालाई अपमानित र हतोत्साहित गर्छ ।

कतिपय सन्दर्भमा महिलाले घर(गृहस्थी बाहिर सक्रियता बढाएपछि घरपरिवार विथोलिएको, समाजमा सांस्कृतिक विचलन आएको र विवाह भन्ने संस्था नै धरापमा परेको समेत बुझाइ राख्ने गरिन्छ । खासगरी जब महिला रोजगार र आत्मनिर्भर बन्नका लागि अस्थायी आन्तरिक तथा बाह्य बसाइसराईमा लागे, तब परिवार र विवाह संस्थामा उनीहरूले खलल पुऱ्याए भन्ने भाष्य निर्माण गरियो । सार्वजनिक जीवनमा सक्रिय भएपछि लैङ्गिक विभेदविरूद्ध महिलामा विकास हुने निडरपन, आफ्नो र आफूजस्ता समूहका लागि गर्ने मागदाबी राज्य र समाजको लागि 'अति' हुने गरेको छ । त्यसले पैदा गर्ने त्रासबाट मुक्त रहनकै लागि पनि महिलाको सार्वजनिक जीवनलाई लाञ्छित गर्ने, अनुपयुक्त ठहऱ्याउने र उनीहरूको भूमिका र प्रभावलाई भुत्ते पार्ने प्रयत्न हुने गरेको छ ।

**“सार्वजनिक वृत्तमा महिला त्यसमाथि पनि बहु-तहगत सीमान्तीकरणमा पारिएका महिलाको बहिष्करणमा औपचारिक र अनौपचारिक संस्था अनि सदृश्य र अदृश्य पितृसत्तात्मक संरचना जिम्मेवार छन् ।”**

वैदेशिक रोजगारमा काम गर्न गएपछि नेपाली समाजमा सम्बन्धविच्छेद व्यापक भएको दस्तावेजीकरण भइरहेको छ । त्यसको कारण एकातिर घरपरिवार छाडी महिला आफैं आप्रवासी कामदार भएर जानु र अर्कोतिर श्रीमान् आप्रवासी कामदार रहँदा पनि श्रीमान्प्रति इमान्दार नहुनुलाई मान्ने गरिएको छ । महिलाले अझैंपनि घर, परिवार, खासगरी श्रीमान्को निमित्त निजी वृत्तकै दायित्वलाई पहिलो प्राथमिकता दिनुपर्ने, सार्वजनिक जीवनमा सक्रिय हुँदा पनि निजी जीवनको दायित्वसमेत पूरा गर्नैपर्छ भन्ने मान्यता छ । यहाँनेर, महिलाको

constant efforts are made to render ineffective the roles and influence of women, and to demean their public lives.

There is documentary evidence that the rate of divorce in Nepal has grown since foreign employment has expanded. There are two causes given for this: women are leaving their families and traveling abroad as immigrant laborers, and the fact that wives of immigrant laborers are increasingly unfaithful to their husbands. The idea that women must still prioritize the private sphere in service of the home, family, and husband - even if a woman is active in public sphere - continues to prevail. Yet, this discourse does not account for either the partnership of men, or the gendered and unequal distribution of the workload, or issues of structural benefits. Although it appears superficially that women's public life and engagement have become accepted to an extent, in reality women continue to be forced into the 'old molds' and described often as 'problems'.

The public role of a woman is commonly expected to be in service of perpetuating the values of patriarchy. If there are steps that shake the structure or that may obliterate male-centric values, such steps are invariably obstructed as far as possible. Women who raise such issues, or their peers, are easily swept aside. Only when women raise their voices universally does the state give any space to their collective voice, for example, it is the women who carried out sustained and parallel struggles to establish the right to abortion, equal rights to property inheritance, inclusivity, criminalization of marital rape, right to divorce, citizenship in mother's name, addressing sexual violence and harassment in public space. Women who provided leadership to such efforts have collected many experiences of being defamed, threatened, and ostracized. Women of younger generation are also living the same experiences all of which are covered well in media.

There is no congruity between the duties in a woman's private life and the functioning, structure and mechanisms of public life. Therefore, the knowledge and experience arising from the private lives of women are either shown to be irrelevant in public life, or, simply because they have been categorized under the rubric of gender, women are limited to unproductive and service-giving roles. Most public organizations and offices feature mostly women in roles that are categorized as ancillary, domestic and unskilled in nature, and thereby deserving of low wages and lesser dignity. These roles mostly include women who are from marginalized communities, class and groups. Women face many hurdles in exhibiting their work skills even in the formal structure. Women who attained the posts of deputy chairpersons and deputy mayors after the 2017 elections have been facing difficulties in conducting their duties independently.

It cannot be denied that the equality enjoyed by an individual in their private lives





सार्वजनिक सक्रियताका निमित्त न पुरूषको सहकार्यलाई न त लैङ्गिक रूपमा असमान कामको बोझ र संरचनागत लाभलाई गणना गर्ने गरिएको छ । महिलाको सार्वजनिक जीवन र सक्रियतालाई केही हदसम्म स्वीकार गरेझैं देखाइएको भए पनि वास्तवमा त्यसलाई पुरानै ढर्रामा हुलेर समस्याको रूपमा व्याख्या गर्ने गरिएको छ ।

महिलाको सार्वजनिक भूमिका र प्रस्तुती पुलिङ्गी संरचना, संयन्त्र र पितृसत्तात्मक मूल्य-मान्यता टिकाउने खालका होऊन् वा त्यसले झिनो सुधार वा सानो परिवर्तनको मात्रै माग राखोस् भन्ने आम अपेक्षा गर्ने गरिन्छ । संरचनालाई ठूलै धक्का दिने र पुराना पुरूषकेन्द्रीत मूल्य–मान्यता खारेज हुनसक्ने खालका कदम रोक्न सक्दो प्रयत्न गरिन्छ । कुनै एक क्षेत्रबाट त्यस्ता संरचनाविरूद्ध आवाज उठेको खण्डमा त्यसलाई सजिलै पन्छाइन्छ । आवाज उठाउने महिला वा जमातलाई पनि सहजै पाखा पार्ने गरिन्छ । महिलाले चौतर्फी आवाज उठाएपछि मात्रै राज्य वा सम्बन्धित निकायमा उनीहरूको आवाज सुन्न बाध्य हुन्छन् । महिला-पुरूषबीचको शक्ति–सम्बन्ध र हैसियतमा ठोस फेरबदल ल्याउने खालका प्रावधानहरु जस्तै : गर्भपतनको अधिकार, पैतृक सम्पतिमा समान हक, समावेशीता, वैवाहिक बलात्कारलाई अपराध मान्ने, सम्बन्ध विच्छेदको हक, आमाको नाममा नागरिकता, सार्वजनिक स्थलमा हुने यौनहिंसा/दुर्व्यवहार लगायतका नीति तथा ऐन ल्याउन महिलाले अधिकारको सुनिश्चितताका लागि लामो समयदेखि संघर्ष गर्दै आइरहेका छन् । यस्ता संघर्षको नेतृत्व प्रदान गरेका महिलाले आफू लाञ्छित हुनुपरेको, डर धम्कीको सामना गर्नुपरेको, र एक्लिनु परेको लगायतका अनेक अनुभव बटुलेका छन् । यस्ता अनुभव पछिल्लो पुस्ताका महिलाहरूले समेत आफ्नो सार्वजनिक जीवनमा भोगिरहेका छन् । यस्ता घटनाहरू मिडियामार्फत सार्वजनिक हुने गरेका पनि छन् ।

महिलाको निजी जीवनको दायित्व र सार्वजनिक वृत्तको कार्यशैली, स्वरूप र संरचनाबीच तालमेल छैन । त्यसले महिलाको निजी जीवनका ज्ञान र अनुभवलाई सार्वजनिक जीवनमा कि बेकामे सावित गरिदिन्छन् कि चाहिँ लैङ्गिकताका आधारमा वर्गीकरण गरिएकै अनुत्पादक र सेवामूलक भूमिकामा सीमित पारिन्छन् । प्रायजसो सार्वजनिक संस्था तथा कार्यलयमा सहायक र घरेलु कामको रूपमा वर्गीकरण गरी न्यून ज्याला दिने, सीपबिहीन मानी कम सम्मान दिने वा सम्मानको लायक नमानिने भूमिकामा बढीजसो महिला नै संलग्न रहेको भेटिन्छन् । त्यसमा पनि वर्गीय, जातीय हिसाबले पछाडि पारिएका समूह र समुदायको बाहुल्यता हुने गरेको छ । औपचारिक संरचनामा महिलाले आफ्नो कार्यकौशलता प्रदर्शन गर्न समेत अनेक बाधा व्यहोरिरहेका छन् । २०७४ सालमा सम्पन्न स्थानीय र प्रादेशिक निर्वाचनमार्फत् चुनिएका महिलाले प्राप्त गरेको पदीय (उप–प्रमुख) हैसियत र जिम्मेवारी स्वतन्त्रपूर्ण निर्वाह गर्न कठिनाइ व्यहोरिरहेका छन् ।

व्यक्ति विशेषले निजी जीवनमा स्वतन्त्रता, समानताको उपभोग गर्ने कुराले उनीहरूको सार्वजनिक जीवनलाई सशक्त र प्रतिस्पर्धी बनाउन पक्कै सघाउ पुर्‍याउँछ भन्ने कुरा नकार्न मिल्दैन । तर, अमूक व्यक्तिमा भएको त्यस्तो सशक्तपन र प्रतिस्पर्धी क्षमताकै आधारमा आम महिलाका संरचनात्मक सीमा-व्यवधानलाई पन्छाउन आवश्यक नभएको मत पनि व्यक्त हुने गर्छन् । गर्नेले वा गर्न सक्ने महिलाले जहाँ पनि जस्तो सुकै अवस्थामा पनि गरेरै छाड्छन् भनेर अतिरञ्जित कथ्य तयार पारी 'सुपरहिरो'को संज्ञा भिराइन्छ । उदाहरणको लागि महिला नेतृत्वलाई 'तपाईहरूले त्यस्तो अप्ठ्यारो अवस्थालाई आफ्नै बलबूतामा डटेर अझ पुरूषलाई समेत सम्हालेर यहाँसम्म आइपुग्नु भयो । अब आएर महिलाको मात्रै कुरा

helps to empower their public lives. However, often times the empowerment and competitive capacities of specific women are presented to support the notion that there is no need to eradicate the systemic obstacles that affect women. Exaggerated narratives are created to declare women as 'superheroes' to assert the notion that a capable and determined woman will be able to overcome any adversity to achieve their ambitions. For instance, women leaders, who are expected to assume greatness, are often told – 'Not only did you overcome such great odds on your own, but you also commanded control over men to reach here. Why do you now limit yourself by only raising women's issues?' However, these women are not allowed to throw off the burden of being a 'woman's representative'. Feminist perspectives adopted are used to obscure important facets of inclusivity and diversity. This creates a lot of confusion in the public life of the women. When the Women's Caucus was created during the first Constituent Assembly, women parliamentarians faced difficulties regarding whether they should give primacy to their party principles or to women's rights, or about how to create congruity between the two. Women politicians still lack the freedom to either represent their party's philosophy, or work on or present opinions e on behalf of women's rights. Even within the Women's Caucus, rifts arose when attempting to address the concerns of women from a diverse set of backgrounds, and then the difficulties became compounded.

These difficulties that women have to face, contribute to the formation of controversial public images, and question their leadership and philosophy with the result that a woman leader or thinker's social acceptability is further eroded. During that process, whether the patriarchal structures protect or boycott women, their public life becomes even harder. These activities gradually serve to make those women who stand up to patriarchy unsuccessful and futile. This is a characteristic of patriarchy that divides and rules women, which ultimately discourages women by making their public life largely ineffective.

## 4. The digital public lives of women

Despite some achievements, the environment for women to participate in public spaces with ease has not been achieved. Examples of the participation of women being prioritized by the responsible parties are rare except in programs and spaces for which mandatory provisions have been built in. The many sides that weaken and dilute the presence, of and intervention by women in spaces where policies, ideas and knowledge are created and programs are drafted remain strong. One recent study of the formal and informal public debates, interactions and discussion programs organized in various media and spaces seems to show the reality that objections have had to be raised about how the public presence of women has been denied, or how their physical and intellectual presence has been negated. It





उठाएर किन संकीर्ण हुनुहुन्छ' भनिन्छ । त्यसो भनिएपनि अन्ततः महिला प्रतिनिधित्वको पूरापूरा भार बोकाइन्छ । तर, उनीहरूले अपनाएको नारीवादी दृष्टिकोणद्वारा, समावेशीता र विविधताको महत्वपूर्ण आयामलाई सर्लक्कै ढाकिन्छ वा बेवास्ता गर्ने गरिन्छ । त्यसले महिलाको सार्वजनिक जीवनमा अनेक अलमल पैदा गर्छ । पहिलो संविधानसभामा महिला 'ककस' निर्माण भएपछि महिला राजनीतिज्ञ/सभासद्लाई दलीय सिद्धान्त वा महिला हक अधिकारमध्ये कसलाई प्राथमिकता दिने र आपसमा तालमेल कसरी मिलाउने भन्ने असहजपना थियो । यसरी हेर्दा महिला राजनीतिकर्मीलाई न पूर्ण रूपमा दलको सिद्धान्त मात्रै बोकेर प्रस्तुत हुने छुट छ, न त महिला अधिकारका लागि काम गर्न, मत दिन, विचार निर्माण गर्न र हस्तक्षेप गर्न नै सहजता छ । महिला ककसभित्रै विविध महिलाका सरोकारलाई अटाउन खोज्दा महिलाबीचमै फाटो आएको र अझ बढी कठिनाइ व्यहोर्नुपरेको अनुभव पनि बटुलेका थिए (राई २०७३) ।

महिलाले व्यहोर्नु परेका त्यस्ता अनेक अप्ठ्याराले उनीहरूको विवादास्पद सार्वजनिक छवि निर्माण गर्न, नेतृत्व क्षमता र वैचारिकतामाथि प्रश्न चिन्ह खडा गर्न भूमिका खेल्छ । नतिजा, नेतृत्व वा विचारकको सामाजिक स्वीकार्यतामा खलल पुग्छ । त्यसबेला पितृसत्तात्मक संरचनाले संरक्षण वा बहिष्कार जे गरे पनि महिलाको सार्वजनिक जीवन असहज नै बन्छ । त्यस्ता क्रियाकलापले पितृसत्ता तोड्ने मानक शक्तिका रूपमा उभिएका महिलाका सार्वजनिक छविलाई भने क्रमशः अनुपयोगी र असफल साबित गर्दै लैजान्छ । यो महिला-महिलाबीच फाटो ल्याइ चलखेल गर्ने पितृसत्ताको एउटा प्रवृत्ति हो । जसले महिलाको सार्वजनिक जीवनलाई प्रभावहीन बनाइ निरूत्साहन गर्ने गर्छ ।

## ४. महिलाका डिजिटल सार्वजनिक जीवन

केही उपलब्धीका बाबजुद महिलालाई सार्वजनिक स्थलमा सहज रूपमा सहभागी हुने वातावरण निर्माण भइसकेको छैन । बाध्यकारी नीति लागू नगरिएका थलो तथा कार्यक्रममा जिम्मेवार पक्षको स्व-विवेकले महिला सहभागितालाई प्राथमिकता दिने गरेको उदाहरण कमै पाइन्छ । खासगरी विचार/ज्ञान तथा नीति निर्माण र कार्यक्रम तर्जुमा गर्ने थलोमा महिलाको उपस्थिति र हस्तक्षेप फितलो बनाउने अनेक पक्षहरु बलिया छन् । पछिल्ला समय विभिन्न माध्यम र थलोमा आयोजना गरिने औपचारिक/अनौपचारिक सार्वजनिक बहस, अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई सरसर्ती नियाल्दा, महिलाको सार्वजनिक उपस्थितिलाई नकार्नु वा उनीहरूको भौतिक र वैचारिक उपस्थितिलाई मान्य नबनाएको कुरामै आवाज उठाउनु परिरहेको यथार्थ हो । महिलाको भौतिक उपस्थितिलाई नै गौण मानिने सार्वजनिक वृत्तमा विविध समुदायका महिलाको सहभागिता, प्रतिनिधित्व र सरोकारले स्थान पाउँछ भनेर सोच्नुलाई अति महत्वकांक्षी हुन सक्छ । तर, त्यसो भन्दैमा पहिला महिलाको सार्वजनिक सहभागिता सुनिश्चित गरौँ त्यसपछि महिलाभित्रको बहुआयामिक पक्षलाई हेरौँला भनेर पन्छिनुलाई सही र उपयोगी मान्न सकिदैन ।

बरु कुन र कस्ता सार्वजनिक थलोमार्फत विविध समुदायका महिलाका सार्वजनिक सहभागितालाई अर्थपूर्ण र प्रभावशाली बनाउन सकिन्छ भनेर खोजी गर्नु आवश्यक छ । महिला सहभागिताका निमित्त नीतिगत व्यवस्था भएका क्षेत्रहरूका अलावा डिजिटल युगको थालनीसँगै अहिले अनलाइनमा महिला सहभागिता र अभिव्यक्ति बढ्दो छ । महिलाका अफलाइन निजी तथा सार्वजनिक जीवनमा भएका लैङ्गिक रूढीवाद अनलाइनमा पनि प्रतिबिम्बित छन् । त्यसो भएपनि जुनसुकै सामाजिक पृष्ठभूमिका महिलाले अनलाइनमार्फत्

may be seen as highly ambitious to imagine that the participation, representation and concerns of diverse women will find a space in a public sphere that still holds the physical presence of women as insignificant. However, that does not mean that we should consider it right to insist that we must ensure the public participation of women in general before addressing the diversity within women.

Instead, it is necessary to search through which and what types of public spaces the public participation of diverse women can be made meaningful and effective. Apart from sectors for which policy provisions have been created for women's participation, with the advent of the 'digital age' the participation in and expression by women in online spaces has also been increasing. Yet, the gender stereotypes present in women's offline private and public lives are also reflected online as well. Either way, women from any social background can express online opinions, anger, suggestions and analysis on any subject. And the restrictions present in the offline private and public lives of women may be less effective in online spaces. If access can be created to technology, equipment and digital public spaces for marginalized women, there is actually a possibility that it will make their public lives more effective.

In February 2021, the media reported that the federal government had recommended creating a provision under which women under 40 years old would require the permission from their family – which must be understood to mean men – and recommendation from their ward offices in order to travel abroad. Immediately, women began raising vociferous objections on social media, and organizing physical protest programs. After receiving this immediate critical reaction against the planned policy, the concerned entity further chose to 'clarify' that the policy had not yet been created, and that the provision had merely been a 'recommendation'. This can be taken as a good example of how women's engagement successfully supported efforts to defeat harmful policies aimed at women.

## 5. Conclusion

Formal and informal institutions and visible and invisible structures of patriarchy are responsible for the exclusion of women from the public sphere – especially of women who experience multi-level marginalization. The inequities and discriminations existing between women have simply been left unaddressed. Women have not been treated as a singular social group, and the diversity of their interconnected identities of ethnicity and caste, class, sexuality, condition of ability, religion, age, region have not been afforded the appropriate space. Structural limitations continue to support the increased influence of a few women already occupying positions in public life while creating a lack of adequate space and opportunities for marginalized voices.





कुनैपनि विषयमा आफ्ना मत-अभिमत, गुनासा, आक्रोश, सुझाव र विश्लेषण अभिव्यक्त गर्न र सम्प्रेषण गर्न सक्छन् । महिलाका अफलाइन निजी र सार्वजनिक जीवनका बन्धनहरु अनलाइन थलोमा कम प्रभावशाली हुन सक्छन् । प्रविधि, उपकरण र डिजिटल सार्वजनिक थलोमा सीमान्तका महिलाका पहुँच स्थापित गर्ने हो भने त्यसले उनीहरूको सार्वजनिक जीवन प्रभावशाली बनाउन सक्ने सम्भावना छ ।

२०७७ माघ महिनामा सरकारले ४० वर्ष नपुगेका महिलालाई मुलुकबाहिर जान परिवार (जसको अर्थ पुरूष नै भनेर मान्नुपर्ने हुन्छ)को अनुमति र वडा कार्यालयको सिफारिस चाहिने प्रावधान ल्याउने सुझाव पाएको कुरा बाहिर आयो । लगत्तै सामाजिक सञ्जाल र अनलाइन सार्वजनिक थलोहरूमा त्यसविरूद्धमा महिलाको चर्को आवाज उठ्यो । त्यसपछि भौतिक रूपमै विरोध कार्यक्रम पनि भयो । अफलाइन-भौतिक र अनलाइन थलोमार्फत् उक्त नीतिप्रति मानिसको तत्काल आलोचनात्मक प्रतिक्रिया पाएपछि सम्बन्धित निकायले उक्त नीति बनिनसकेको सुझाव मात्रै पाएको स्पष्टिकरण पनि दियो । यसलाई प्रविधिमा पहुँच र डिजिटल सार्वजनिक थलोमा बढ्दै गएको महिलाको सक्रियताले महिला लक्षित हानीकारक नीति बन्न नदिनको लागि टेवा दिएको ताजा उदाहरणको रूपमा लिन सकिन्छ ।

## ५. निष्कर्ष

सार्वजनिक वृत्तमा महिला त्यसमाथि पनि बहु-तहगत सीमान्तीकरणमा पारिएका महिलाको बहिष्करणमा औपचारिक र अनौपचारिक संस्था अनि सदृश्य र अदृश्य पितृसत्तात्मक संरचना जिम्मेवार छन् । महिला-महिलाबीच विद्यमान असमानता, विभेदसहितका जटिलतालाई थाँती राखिएको छ । महिलालाई एकै सामाजिक समूहको रूपमा लिने गरिन्छ तर उनीहरूका अन्तरसम्बद्धित पहिचान जस्तै : जातजातीयता, वर्ग, यौनिकता, सक्षमताको अवस्था, धर्म, उमेर, क्षेत्र आदिजस्ता विविधतालाई खासै स्थान दिईंदैन । संरचनागत सीमितताले पहिलेदेखि सार्वजनिक जीवनमा रहँदै आएका सीमित महिलाकै सक्रिय प्रभाव बढ्दै जाने र सीमान्त आवाजहरूका लागि पर्याप्त स्थान र अवसरको अभाव गराउनेतर्फ टेवा दिन्छ । त्यसको प्रतिवादमा विभिन्न महिला समूहले आन्दोलन, अभियान तथा विरोधमार्फत् प्रभाव पार्ने प्रयत्न गर्ने गरेका छन् । महिला सहभागितालाई मुलुकको सामाजिक र राजनीतिक वातावरण एवं संरचना महिलामैत्री बनाउने मात्रै हैन महिलाभित्रको विविधतालाई समेत उत्तिकै मात्रामा ध्यान दिनुपर्ने आवश्यकता छ। विविध वर्ग र समुदायका महिला प्रतिनिधित्वलाई अंकगणितीय लेखाजोखामा मात्रै सीमित नराखी अन्तरसम्बन्धित सवाल समेटिनुपर्ने कुरामा पनि महिला सचेतपूर्वक प्रस्तुत हुन थालेका छन् । लैङ्गिकता समानता, समावेशीकरण र महिला सशक्तिकरणका अलग-अलग मापदण्ड निर्माण, निर्धारण तथा अवलम्बन गर्ने/गराउनेतर्फ दबाब सिर्जना गर्ने गरेका छन् ।

## सन्दर्भ सूची


- आईएफईएस नेपाल । २०१८ । अ इयर अफ इलेक्सन इन नेपालः इम्प्लिमेन्टिङ अ फेडरल एण्ड इन्क्लुसिभ कन्स्टिट्युसन। उपलब्धः www.ifes.org/news/year-elections-nepal-implementing-federal-and-inclusive-constitution; ४ डिसेम्बर २०१८ मा हेरिएको ।

Various women's groups have attempted to create influence as a reaction to this through campaigns and resistance. Women's participation should be oriented not only toward making the social and political environment more 'women friendly', but also toward fully considering the diversity among women. Women have begun to be vigilant about ensuring that the representation of diverse communities among women is not limited to simply arithmetic 'tokenism', but rather that it includes intersectional and interconnected issues. Indeed, women have been creating pressure aimed at creating, determining and implementing various criteria regarding women's empowerment, inclusivity and gender-parity.

## References


- IFES Nepal. 2018. A Year of Elections in Nepal: Implementing a Federal and Inclusive Constitution. Available at www.ifes.org/news/year-elections-nepal-implementing-federal-and-inclusive-constitution; accessed December 4, 2018.
- Kayastha, S. and Pokharel, M. 2020. Identities Experiencing the Internet: Nepal Survey Report. Kathmandu: Body & Data. Also available on https://files.bodyanddata.org/nextcloud/index.php/s/jsnQBzfGyDso4Kj#pdfviewer.
- Mahato, Sanjaya, Rai Paudyal, Bimala and Baruah, Nandita. 2019. Women in Public Life in Nepal. The Politics of Change: Reflections on Contemporary Nepal. Deepak Thapa, ed., p.54-82. Kathmandu: Himal Books for Social Science Baha and The Asia Foundation.
- Tamang, Seira. 2018. "They've Given Us the Chair, but Bound Our Hands and Feet": Embedding Elected Female Representatives in Institutions in Nepal. Studies in Nepali History and Society 23(2): 309–352.
- The Asia Foundation. 2018. A Survey of the Nepali People in 2017. Kathmandu: The Asia Foundation.
- Naya Page. 2077. 'Mohna Ansarisahit Chha Abiyantalai Balatkar Garne ra Jyaan Line Dhamki Ayo'. Falgun 7. https://www.nayapage.com/archives/294897.
- Rai, Kailash. 2073. Sambidhansabha, 'Caucaus' ra Aadibasi Janajati Mahila. Pahichanko Khoji: Adibasi Janajati Mahilaka Samajik, Sanskritik ra Rajnitik Sandarbha (2016-2073). Kailash Rai, ed., pg 119-127. Kathmandu: Indegenous Media Foundation.
- कायस्थ, एस् एण्ड पोखरेल, एम् । २०२० । आइडेन्टिटिज एक्सपियरेन्सिङ द इन्टरनेटः नेपाल सर्वे रिपोर्ट । काठमाण्डौंः बडी एण्ड डेटा । उपलब्ध : https://files.bodyanddata.org/nextcloud/index.php/s/jsnQBzfGyDso4Kj#pdfviewer.
- महतो, सन्जय, राई पौड्याल, विमला एण्ड बारूह, नन्दिता । २०१९ । वुमन इन पब्लिक लाईफ इन नेपाल । द पोलिटिक्स अफ चेन्जः रिफ्लेक्सन अन कन्टेम्पोररी नेपाल । दिपक थापा, सं., पेज ५४–८२ । काठमाण्डौः हिमाल बुक्स फर सोसल साइन्स बहा र द एसिया फाउन्डेसन ।
- तामाङ, सियरा । २०१८ । "दे ह्याभ गिभन अस द चियर, बट बाउन्ड आवर ह्यान्ड्स एण्ड फिट": इन्बेडिङ इलेक्टेड फिमेल रिप्रेजेन्टेटिभ इन इन्स्टिच्युसन इन नेपाल । इस्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी २३(२): ३०९–३५२ ।
- द एसिया फाउन्डेसन । २०१८ । ए सर्वे अफ द नेपाली पिपल इन २०१७ । काठमाण्डौः द एसिया फाउन्डेसन ।
- नयाँ पेज । २०७७ । 'मोहना अन्सारीसहित ६ अभियन्तालाई बलात्कार गर्ने र ज्यान लिने धम्की आयो' । फागुन ७ । https://www.nayapage.com/archives/294897।
- राई, कैलाश । २०७३ । संविधानसभा, 'ककस' र आदिवासी जनजाति महिला । पहिचानको खोजीः आदिवासी जनजाति महिलाका सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ (२०१६-२०७३) । कैलाश राई, सं, पृ. ११९-१२७ । काठमाडौंः इण्डिजिनियस मिडिया फाउण्डेसन ।

# Amplifying the Voice of Women in Public Sphere

■ Pallavi Payal

## 1. Introduction

It takes a lot for women to try to break the 'glass ceiling' or try to break the gender-based hierarchy that places them in a disadvantaged position in a society. Nepali society is inherently patriarchal reinforcing women's status within the domestic sphere without any independence of their own. Religious and cultural mythologies have also contributed to the formation of this view. Mindsets, state legislation and actions are all dependent on the same religious and patriarchal ideas. As a result, women and women from marginalized communities are still fighting a long battle for equality in both the domestic and public sphere.

Women in Nepal who try to organize, protest and raise their voices against the established social norm in the public are treated harshly and are seen as somehow a threat to culture while those women who submit to the established norms are celebrated. There is a dominant patriarchal force that constantly tries to fight back and punish women who rebel either in the name of culture, nationalism or religion to maintain the gender-based hierarchy. The State punishes with laws relating to citizenship that do not view women as equal citizens, including their legal rights to confer citizenship to their offspring on the basis of descent independently. Society also punishes vocal women by attacking them with hate speech. Such women are hardly listened to, and when they are heard they often receive extreme negative backlash that is usually carried out with the aim of attacking their dignity. Hate speech and threats are generally aimed at sexual harassment and rape. In addition, the backlash does not only affect vocal persons, it also greatly damages the attempt of equal space for women and particularly women from different marginalized backgrounds in the public sphere. And this is what happened with a group of women activists after the women's march on February 12, 2021 organized in Kathmandu.







# सार्वजनिक वृत्तमा सशक्त महिला आवाज

■ पल्लवी पायल

## १. परिचय

महिलालाई बञ्चित गर्ने लैङ्गिक विभेदमा आधारित तहगत संरचना भत्काउन र सार्वजनिक रूपमा उठाइएका महिला आवाजलाई अस्वीकार गर्ने अवस्था तोड्न नेपाली महिलालाई अझै समय लाग्न सक्छ । नेपाली समाजको मुख्य चरित्र नै पितृसत्तात्मक छ जसले महिलाको हैसियतलाई स्वतन्त्रताबिहीन अवस्थामा परिवारभित्रै कैद गरिदिन्छ । यस्तो समाजिक विचारको निर्माणमा धार्मिक र सांस्कृतिक मान्यताहरूले योगदान पुऱ्याइरहेका छन् । यस्तो परिवेशमा राज्यले निर्माण गरेका कानुन र क्रियाकलापहरु पनि तिनै धार्मिक र पितृसत्तात्मक विचारमा आधारित हुने गरेका छन् । यसको परिणामस्वरूप, नेपालका महिला र सिमान्तीकृत समुदायका महिलाले पारिवारिक र सार्वजनिक वृत्तमा समानता प्राप्तिका लागि लामो समयदेखि संघर्ष गर्दै आइरहेका छन् ।

नेपालका महिला संगठित हुने, प्रदर्शन गर्ने र स्थापित विभेदकारी सामजिक मूल्य–मान्यताविरूद्ध लड्ने कोशिश गरिरहेका छन् । तर, यसरी सार्वजनिक रूपमा विरोधको आवाज उठाउने महिलालाई संस्कृतिविरूद्ध लागेको भन्दै कठोर चुनौती दिइन्छ भने स्थापित विभेदकारी मान्यतालाई पालना गर्ने महिलालाई चाहिँ सम्मान गरिन्छ । यहाँ दमनकारी पितृसत्तामा आधारित शक्ति हाबी छ, जसले लैङ्गिक रूपमा रहेको संरचनागत विभेदलाई कायम राख्ने पितृसत्ताविरूद्ध प्रतिरोध गर्ने महिलालाई संस्कृति, राष्ट्रियता वा धर्म आदिको नाममा निरन्तर दबाब र सजाय दिइन्छ । राज्यले नागरिकता ऐन जस्तो कानून ल्याएर महिलालाई सजाय दिन्छ, जसले महिलालाई स्वतन्त्रताका आधारमा सन्तानलाई नागरिकता प्रदान गर्न कानुनी अधिकार दिँदैन र महिलालाई समान नागरिकको रूपमा हेर्दैन । यस्तो परिपाटीको विरूद्ध आवाज उठाउने महिलालाई समाजले घृणा गर्दै सजाय दिन्छ । सार्वजनिक वृत्तमा महिलाको सशक्त आवाज सायदै सुनिन्छ, बरु उनीहरूले प्रायः जसो आत्मसम्मानमाथि चोट पुऱ्याउने उद्देश्यले गरिएका गम्भीर प्रकृतिको नकारात्मक आलोचनाको सामना गर्नुपर्छ । यसरी गरिने धेरैजसो घृणायुक्त अभिव्यक्ति र धम्की यौन दुर्व्यवहार र बलात्कार समेत गर्ने प्रकृतिका हुने गर्छन् । अझ, उनीहरूले उठाएका मुद्दा लैङ्गिक समानतासँग सम्बन्धित छन् भने त्यस्तो आलोचनाले सार्वजनिकरूपमा सशक्त आवाज उठाउने महिलालाई मात्रै होइन, विशेषगरि सीमान्तकृत पृष्ठभूमिका महिलाको उपलब्ध सार्वजनिक स्थानलाई समेत गम्भीर क्षति पुऱ्याउने गरेको छ । यस्तो घटना गत २०७७ माघ ३० गते काठमाडौँमा आयोजित 'महिला मार्च' सम्पन्न भएपछि महिला अभियानकर्तामाथि भएको थियो ।

## 2. Marginalized women and the difference in hate speech

Hate speech against women, especially women from marginalized communities, is becoming more visible with the increasing public access to social media and impunity that surrounds it. After years of struggling for democracy, Nepal is gradually seeing more women, in the political and public sphere. However, women's role in politics is again being constrained by patriarchal norms. When the former MP Sarita Giri questioned the government's move in the parliament, she not only faced hate speech and threats on social media but also an attempt of physical attack at her home. This incident ended not with a punishment for the attackers but instead with Giri being removed from her political party and parliament. Even though the same decision of the government was also questioned by other male MPs, Giri received greater wrath because of her gender, ethnicity and type of citizenship. In other words, she was a vocal woman politician of Indian origin who acquired citizenship through marriage to a Nepali man and her politics centering around Madhesi community. The other women politicians in her party and in other political parties remained silent. Likewise, the mainstream women groups also remained silent. This incident indicates the challenges of marginalized women to be vocal in politics and the gaps within the mainstream feminist movement in Nepal.

As a part of the ongoing 'Brihat Nagarik Andolan', a citizen's movement, the women's march held on February 12, 2021 witnessed poet and artist Sapana Sanjeevani recite her poem in Maithili that mentioned the religious and mythological women characters such as Sita, Saraswati and Draupati to symbolically make the point about the foundation of patriarchy and the situation of women and marginalized women in current times.[1] The poem connected current times with the poet's Hindu roots and refused to accept the idealization of women, portrayed as virtuous simply because of their supposed submissive and tolerant characterization to physical and psychological violence inflicted on them. The poem received widespread appreciation from the audience and there were also strong positive reactions by women who could relate to it in the current context of increasing sexual violence against women. However, after the video of her poem was released online, Sanjeevani began receiving a number of threats, which mostly constituted of rape and death threats that were highly graphic in nature. Women who supported her spoke up about these threats but ended up receiving themselves on social media for their efforts. Most of these women are from marginalized communities.

> **There is a dominant patriarchal force that constantly tries to fight back and punish women who rebel either in the name of culture, nationalism or religion to maintain the gender-based hierarchy.**

In the same march, activist Rita Sah (who did not speak) and former NHRC member Mohna Ansari (who did not speak about religion) both received threats from religious extremists. Most of the threats were attacks on women's bodies.





## २. सिमान्तकृत महिला र घृणायुक्त अभिव्यक्तिमा भिन्नता

सामाजिक सञ्जालमा पहुँच र दण्डहीनताका कारण यस्ता घृणायुक्त अभिव्यक्ति महिला र विशेषगरी सीमान्तकृत समुदायका महिलाविरूद्ध लक्षित हुने गरेका छन् । लोकतन्त्रका लागि धेरै वर्षदेखि भएको संघर्षका कारण नेपालको सार्वजनिक वृत्त र राजनीतिक परिदृश्यमा बिस्तारै महिला देखिन थालेका छन् । यद्यपि, राजनीतिमा महिलाको भूमिकालाई पितृसत्तात्मक मान्यताले नै गाँजेको छ । जब सरकारको कदमलाई लिएर पूर्व सांसद सरिता गिरीले संसदमा प्रश्न उठाइन् तब उनले सामाजिक सञ्जालमा घृणायुक्त अभिव्यक्ति र सामाजिक सञ्जालमार्फत धम्कीको मात्रै सामना गर्नु परेन, उनको घरमा भौतिक आक्रमणको समेत प्रयास भयो । उक्त घटनामा आक्रमणकारीमाथि कुनै कारबाही भएन, बरु उल्टै गिरीलाई उनी संलग्न पार्टीले कारबाही गऱ्यो भने संसद पदबाट समेत हटायो । सरकारको निर्णयलाई लिएर गिरीले जस्तै अन्य पुरूष सांसदहरूले पनि संसदमा प्रश्न उठाएका थिए । तर, गिरीमाथि व्यापक मात्रामा क्रोध देखियो । गिरीको लिङ्ग, जातीयता र नागरिकता फरक प्रकारको छ । उनी नेपाली पुरूषसँग विवाहित गरेपछि नेपाली नागरिकता प्राप्त गरेकी भारतीय मुलकी नागरिक हुन् । सशक्त महिला राजनीतिकर्मी गिरी मधेस केन्द्रित राजनीति गर्दै आएकी छन् । त्यसैले उनीमाथि यस्तो आक्रोश पोखिएको हो । यस्तो अवस्थामा उनकै दल र अन्य राजनीतिक पार्टीका महिला राजनीतिकर्मी भने मौन रहे । यसैगरी मूलधारका महिला समूहहरु पनि चुपचाप नै रहे । यो घटनाले सिमान्तकृत समुदायका महिला राजनीतिमा सशक्त हुन कति चुनौतीपूर्ण छ भन्ने संकेत गर्छ भने सिमान्तीकृत महिला र नेपालको मूलधारको महिलावादी आन्दोलनबीचको दूरी पनि देखाउँछ ।

यसैगरी, बृहत नागरिक आन्दोलनले २०७७ माघ ३० गते महिला हिंसाविरूद्ध 'महिला मार्च'को आयोजना गरेको थियो । मार्चपछि आयोजना गरिएको सभामा कवि तथा कलाकार सपना सञ्जीवनीले मैथिली भाषामा कविता वाचन गरिन् । उनले कवितामार्फत पौराणिक र धार्मिक पात्रहरु जस्तै : सीता, सरस्वती र द्रोपदी आदिलाई बिम्बको रूपमा प्रयोग गर्दै पितृसत्ताको जग र वर्तमानका महिला र सीमान्तकृत महिलाको अवस्था औँल्याइन ।[१] उक्त कवितामा महिलामाथि अहिले भइरहेको विभेदको स्रोत हिन्दू धर्म भएको र शारीरिक र मनोवैज्ञानिक हिंसाका लागि महिलालाई सहिष्णु चरित्र भएका कारण ती महिलालाई आज्ञाकारी, सहनशील र सद्‌गुणी महिलाको रूपमा चित्रण गरी आदर्शकरण गरिएको कुरालाई अस्वीकार गरिएको थियो । कार्यक्रममा उक्त कविताले ठूलो संख्यामा रहेका दर्शकबाट प्रशंसा पायो । देशमा बढिरहेको यौनजन्य अपराध र महिलाविरूद्ध हुने हिंसासँग जोडेर कवितालाई बुझ्ने ठूलो संख्याका महिलाबाट बलियो र सकारात्मक प्रतिक्रिया पनि प्राप्त गऱ्यो । तर, जब उनको कविताको भिडियो विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भयो, त्यसपछि सञ्जीवनीलाई असंख्य धम्की आउन थाल्यो । उनलाई प्राप्त धेरैजसो धम्की बलात्कार गर्ने र हत्या गर्ने जस्ता गम्भीर प्रकृतिका थिए । जसले सामाजिक सञ्जालमा सञ्जीवनीको समर्थन र उनीमाथि भएको धम्कीको विरोध गरेका थिए, ती महिलालाई पनि समाजिक सञ्जालमार्फत नै धम्की दिइएको थियो । यसरी धम्की दिइएकामध्ये धेरैजसो महिला सीमान्तकृत समुदायकै थिए ।

> **यहाँ दमनकारी पितृसत्तामा आधारित शक्ति हाबी छ, जसले लैङ्गिकरूपमा रहेको संरचनागत विभेदलाई कायम राख्ने पितृसत्ताविरूद्ध प्रतिरोध गर्ने महिलालाई संस्कृति, राष्ट्रियता वा धर्म आदिको नाममा निरन्तर दबाब र सजाय दिइन्छ ।**

उक्त मार्चमा सम्बोधन नगरेकी अभियानकर्ता रीता साहलाई पनि धम्की दिइएको थियो । यसैगरी धर्मबारे एक शब्दसमेत नबोले पनि राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य

There was little or no constructive comments about the poem or the opinion and instead the threats were aimed towards punishing Sapana and these other women. They were publicly insulted and a photo of them was made public with even a declaration of prize money to the individual who were able to blackens their faces. As an observer and one of the women who received such threats too, I could not ignore the fact that Sanjeevani carried a bundle of pages of printed threats to the national cyber bureau, including the audio recordings of voice threats she received and videos with her photo, declaring how they would rape her.

As the process of threats continued, it started becoming clearer that there are differences in the nature of the threats that men, women, marginalized women and minority genders each receive. The more marginalized a person is, the nature of the threats becomes more dangerous and include threats of gang rape, mutilation of body and murder. It also shows how women still do not find space in the world of public dialogue on social media and, instead, face targeted threats of declared punishment on their bodies. As Baker and Jurasz argue that a vast majority of such abuse is motivated by sex and gender discrimination[2] as women are not recognized as worthy participants for discussion in the public sphere and extreme intimidation is the only reaction. This can be more damaging to women coming from a historically marginalized community, that is often more patriarchal and conservative due to their marginalized status.

A powerful force of conformism was also clearly visible when a panel discussion called "Vaidehi" (the other name of Sita) in Janakpur Literature Festival was organized to counter the voice of this rebellion. It was aimed towards dismissing Sanjeevani's refusal to be the Sita and the voices that supported her. Countering voices is part of debate, however, as one of the panelists declared that Sanjeevani's refusal to be like Sita was a 'crime.' After this intervention, Sanjeevani again began receiving further threats. People with a powerful status in society are also important 'opinion formers' and when such forces establish a narrative that serves to support the existing power structure and popular beliefs, it is accepted widely within society.

**"Fighting patriarchy, hate speech and seeking justice for Madhesi women is more difficult because of layers of multi-layered oppression."**

However, fighting patriarchy, hate speech and seeking justice for Madhesi women is more difficult because of layers of multi-layered oppression. Madhesi women face discrimination within their own community too as their community is the product of years of wider marginalization and oppression. Historically, they have not had the opportunity for progressive development hence, caste and gender hegemony remain comparatively deeper. In addition, a large number of threats also came from Madhesi men, while the panel countering Sanjeevani's poem was also organized in Janakpur (capital of Province 2) where the majority population is Madhesi. This indicates that the burden of the struggles that Madhesi women





मोहना अन्सारीलाई धार्मिक अतिवादीको संज्ञा दिँदै धम्की दिइयो । यसरी गरिएका अधिकांश धम्की र टिप्पणी महिलाका शरीरमाथि आक्रमण गर्ने प्रकृतिका थिए । सामाजिक सञ्जालमा कुनै रचनात्मक टिप्पणी लेखिएको थिएन । सामाजिक सञ्जालमा कविता वा कवितामा उल्लेखित विचारबारे कुनै बहस भएको थिएन, बरु सपना र ती महिलालाई सजाय दिनुपर्छ भन्ने किसिमका धम्की मात्रै दिइएका थिए । सार्वजनिक रूपमा उनीहरूको अपमान र अपहेलना गरिएको थियो । यति मात्रै होइन, सामाजिक सञ्जालमा फोटो राखेर उनीहरूको अनुहारमा कालो पोत्न सक्नेलाई नगद पुरस्कार दिने घोषणा समेत गरिएको थियो । म यी घटनाको दर्शक र धम्की पाउनेमध्ये एक महिला पनि हुँ । त्यसैले म सञ्जीवनीलाई दिइएका अडियो बाहेकका लिखित रूपमा आएका धम्कीहरूको प्रिन्टसहितको अरु एक बन्डल लिएर न्यायका लागि नेपाल प्रहरीको साइबर ब्यूरोसम्म पुगेको कुरालाई सामान्यीकरण गर्न सकिँन । यति मात्रै होइन, सञ्जीवनीको तस्विर प्रयोग गरेर बलात्कार गर्ने घोषणासहितका भिडियो समेत बनाइएका थिए ।

धम्कीको प्रक्रिया निरन्तर चलिरहँदा के कुरा स्पष्ट हुँदै गयो भने पुरूष, महिला, सीमान्तकृत महिला र अल्पसांङ्यिक यौनिकता भएको व्यक्तिहरूलाई दिइने धम्कीमा पनि भिन्नता हुँदो रहेछ । सबैभन्दा बढी सिमान्तकृत समुदायका महिलालाई त्यति नै धेरै गम्भीर प्रकृतिको धम्की आउँदो रहेछ । सबैभन्दा सिमान्तकृत महिलालाई सामूहिक बलात्कार गर्ने अंगभंग गर्ने र हत्या समेत गर्ने धम्की आउँदा रहेछन् । यसले सामाजिक सञ्जालको संसारमा हुने सार्वजनिक बहसमा पनि महिलाले कसरी स्थान पाउन सकेका छैनन् भन्ने स्पष्ट देखाउँछ । यसको अलवा उनीहरूले शरीर केन्द्रित संगठित आक्रमणका धम्की बेहोरिरहनु परेको छ । अधिकांश महिला र युवतीहरूले अनलाइन अर्थात विशेषगरी सामाजिक सञ्जालमा हुने दुर्व्यवहारको सामना गरिरहेका छन् । बेकर र जुराजले तर्क गरेझैं, यस्ता प्रकृतिका अधिकांश दुर्व्यवहार लिङ्ग र लैङ्गिक भेदभावबाट उत्प्रेरित भएका हुन्छन्[२] । यसो हुनुको कारण के हो भने महिलालाई सार्वजनिक वृत्तमा छलफलका लागि योग्य ठानिँदैन । र विषयमा नबोल्नु वा आफ्नो कुरा भन्न नसक्नुलाई नै उनीहरूको प्रतिक्रियाका रूपमा लिइन्छ । यसले ऐतिहासिक रूपमा सीमान्तकृत समुदायका महिलामा थप आघात पार्न सक्छ किन कि सिमान्तकृत अवस्थाका कारण उनीहरूमा अझ बढी पुरूष प्रधान र रूढिवादी हुने गर्दछ ।

जनकपुर साहित्य महोत्सवमा 'वैदेही' (सीताको अर्को नाम) शीर्षकको एउटा प्यानल छलफलको आयोजना गरी यस्तो विद्रोही आवाजलाई प्रत्युत्तर दिन बलियो पुरातनपन्थी शक्तिलाई उभ्याइयो । सीता बन्न अस्वीकार गर्ने सञ्जीवनी र उनलाई समर्थन गर्ने समूहको आवाज दबाउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो । सो प्यानलमा विभिन्न पृष्ठभूमिका महिलालाई समावेश गरिएको थियो । सो बहसको एउटा उद्देश्य सञ्जीवनीले कवितामा उठाएको विषयको प्रत्युत्तर दिनु नै थियो । त्यसैले प्यानलको एकजना वक्ताले सञ्जीवनीले सीताजस्तै बन्न अस्वीकार गर्ने सवाल समावेश गर्ने कुरा 'अपराध' भएको समेत घोषणा गरिन् । सो कार्यक्रमपछि पनि सञ्जीवनीलाई थप धम्की आइरह्यो । समाजमा शक्तिशाली हैसियत भएका 'विचार निर्माता'हरूले विचार निर्माणमा निकै महत्वपूर्ण भूमिका खेल्छन् । यसरी उनीहरूले निर्माण गरेको भाष्यले विद्यमान शक्ति संरचना र लोकप्रिय विश्वासलाई संरक्षण गर्दछ । यसका साथै समाजमा यसलाई व्यापकरूपमा स्वीकार पनि गरिन्छ ।

**"मधेसी महिलालाई पितृसत्ता र घृणायुक्त अभिव्यक्ति र न्यायको पक्षमा लड्नु अत्यन्तै चुनौतीपूर्ण छ किनभने उनीहरु विभिन्न तहमा विभेद र दमनमा पारिएका छन् ।"**

मधेसी महिलालाई पितृसत्ता र घृणायुक्त अभिव्यक्ति र न्यायको पक्षमा लड्नु अत्यन्तै चुनौतीपूर्ण छ किनभने उनीहरु विभिन्न तहमा विभेद र दमनमा पारिएका छन् । मधेसी महिलाले मधेसी समाजभित्रै पनि विभिन्न किसिमका भेदभाव भोगिरहेका छन् । लामो

and marginalized women of Madhes background face is greater than others. There are large numbers of Madhesi women living in the Madhes who do not get the opportunity to speak in public. And when they do, they are either not heard and, if heard, the consequences can be harsh such as: no access to any public space or being forcefully silenced.

The threats received by Sanjeevani and other women received reasonable media coverage, support from certain civil society groups, and solidarity from other feminists as well as lawyers. At the same time, mainstream women groups/activists remained silent over the hatred received by Sanjeevani. This silence shows that the mainstream feminist movement is yet to be inclusive of issues of marginalized women. Some women politicians showed concern over this issue whereas, the men politicians remained silent. This might be because they do not receive such levels of backlash, attacking their body or threat of rape based on their opinion to realize it as a reality. However, let us not forget that despite these publicized cases, there are many incidents of hate speech against women that simply go unreported or remain uninvestigated, which contributes in the rise of such incidents.

When Sanjeevani went to report the incidents, the national cyber bureau refused to register it even after several follow ups and in the presence of lawyers.[3] According to the bureau, the messages received in her email inbox were not viewed as 'cyber-crime' as public posts against her did not include contents of a lewd nature. It is said that bureau officers told her that, "nothing has happened to you, you are coming to the office alone," indicating to her that no physical harm was caused. This is a good example of dangerous 'gaslighting' the victim/survivor, contributing to the forces that prefer women to tolerate silently instead of taking action. Such cases may also produce severe mental trauma and anxiety to the involved victims.

Baker and Jurasz argue that "existing socio-legal structures and systems are failing to deal with this phenomenon and are instead perpetuating the harassment and discrimination that occurs online". The officers at the national cyber bureau had indicated that these threats were 'natural' because Sanjeevani's poem had religious elements contained within it. In fact, one officers reminded her that she was fortunate that she was not born in a Muslim country such as Pakistan where she would have been hanged by now. Even though Sanjeevani had to take a number of lawyers, and argued with the officers to make them register her complaint. The case is still yet to be registered.

While, on the one hand, the internet provides space for advocacy, debate, activism and engagement, on the other hand, it is increasingly developing into





समयदेखिको सीमान्तीकरण र विभेदका कारण मधेसी समुदाय अहिले पनि रूढीवादी छ । ऐतिहासिक रूपमा मधेसी समाजमा जातीय र लैङ्गिक प्रभुत्व गहिरोसँग जकडिएको छ । तर, यस्तो अवस्थाको रूपान्तरण गर्न मधेसले प्रगतिशील विकासको मौका कहिल्यै पाएन । यही सामाजिक–राजनीतिक पृष्ठभूमिको कारण हुनसक्छ कि सञ्जीवनीलाई धम्की दिने अधिकांश मधेसी पुरूष नै थिए । यसैगरी, सञ्जीवनीको कविताको प्रत्युत्तर दिन प्यानल छलफल पनि जनकपुरमै आयोजना गरिएको थियो । यसले मधेसी र सीमान्तकृत समुदायका महिलाले संघर्षका क्रममा अन्य महिलाले भन्दा धेरै चुनौती खेप्नुपर्छ भन्ने देखाउँछ । अरु महिला मार्चपछि धम्की दिइएका सञ्जीवनी र अन्य मधेसी महिला अधिकारप्रति सचेत सार्वजनिक मञ्च र सञ्जालका स्थापित र परिचित व्यक्तिहरु नै थिए । यसरी स्थापित व्यक्तिमाथि त यति ठूलो धम्की दिइन्छ भने मधेसका सामान्य महिलाको अवस्था त झन कमजोर छ । मधेसमा बस्ने अधिकांश मधेसी महिलाले सार्वजनिक स्थलमा कहिल्यै बोल्ने मौका पाउँदैनन् । र यदि बोल्न पाइहाले भने पनि उनीहरूको आवाज कहिल्यै सुनिँदैन वा सार्वजनिक स्थलमा ती आवाज बोल्न दिईंदैन वा जबर्जस्ती मौन बस्न बाध्य पारिन्छ ।

सञ्जीवनी र अन्य महिलालाई दिइएका धम्कीको घटनाले सञ्चारमाध्यममा ठीकै स्थान पायो । नागरिक समाजका केही समूहबाट समर्थन पाप्त भयो भने महिला अधिकारवादी र अधिवक्ताले न्यायका पक्षमा ऐक्यबद्धता पनि जनाए । सञ्जीवनीमाथि घृणायुक्त अभिव्यक्ति आइरहँदा पनि मूलधारका महिला समूह/अधिकारकर्मी भने मौन रहे । यो मौनताले मूलधारको महिलावादी आन्दोलन सिमान्तीकरणमा पारिएका महिलाका सवालमा अझैं पनि समावेश हुन नसकेको देखाउँछ । केही महिला राजनीतिकर्मीले यी सवालमा केही चासो देखाए जब कि पुरूष राजनीतिकर्मीहरु भने चुपचाप नै बसे । यसो हुनुको पछाडिको कारण उनीहरूले शारीरिक रूपमै आक्रमण गर्ने स्तर र प्रकृतिको धम्की अथवा बलात्कार गर्ने स्तरको धम्कीको महसुस र सामना गर्नु परेको छैन । यहाँ महिलाविरूद्ध घृणायुक्त अभिव्यक्ति दिइएका धेरै उदाहरण छन्, यस्ता घटनाको दर्ता समेत भएको छैन, अनुसन्धान हुन बाँकी नै छ जसले यस्ता घटनालाई बढाउन योगदान पुर्‍याइरहेका छन् । यद्यपि, यो घटना व्यापकरूपमा सार्वजनिक भएको कुरालाई भने भुल्नु हुँदैन ।

जब सञ्जीवनी आफूलाई दिइएको धम्कीको उजुरी लिएर नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी गर्न पुगिन्, वकिल सहितको उपस्थितिमा निरन्तर प्रयत्न गर्दा पनि प्रहरीले उजुरी दर्ता गर्न अस्वीकार गर्‍यो ।[३] प्रहरीले सञ्जीवनीको इन्बक्समा आएका सन्देश र उनको विरूद्ध सामाजिक सञ्जालमा पोष्ट गरिएका सामग्रीमा कुनै नंग्न तस्विर वा अश्लील विषयवस्तु समावेश नभएकोले तिनीहरु 'साइबर अपराध' अन्तर्गत नपर्ने बताए । अझ प्रहरी अधिकारीले सञ्जीवनीलाई कुनै शारीरिक हानी नभएको तर्फ इंङ्गित गर्दै 'तपाईलाई केही भएकै छैन्, तपाई एक्लै प्रहरी कार्यालयमा आउनु भएको छ' भन्ने प्रतिक्रिया दिए । यो पीडित महिलालाई आफूविरूद्ध भएको दुर्व्यवहार विरूद्ध कुनै प्रतिरोध नगर्न र चुपचाप सहन प्रेरित गर्ने खतरनाक प्रकृतिको दुर्व्यवहार हो । यस्तो दुर्व्यवहारका घटनाले पीडितलाई गम्भीर मानसिक तनाव र चिन्तामा धकेल्न सक्छ ।

बेकर र जुराज तर्क गर्छन्, '...मौजुदा सामाजिक–कानुनी संरचना र प्रणाली अनलाइनबाट हुने भेदभाव र उत्पीडनलाई सम्बोधन गर्न असफल भइसकेको छ' जुन कुरा नेपालमा अझै अभ्यास छ । नेपाल प्रहरी साइबर ब्यूरोका अधिकारीले सञ्जीवनीको कवितामा धार्मिक सवाल समावेश भएको हुनाले यस्ता धम्की आउनु 'स्वभाविक' भएको संकेत गरे । अझ एक प्रहरी अधिकारीले उनलाई सम्झाउँदै पाकिस्तानमा भए फाँसीको सजाय हुन सक्ने तर भाग्यवश मुस्लिम समाजमा नजन्मिएकोले त्यस्तो अवस्था नआएको बताए । तर, सञ्जीवनीले

a hostile space for those women and marginalized gender who are vocal. And the behavior of a state agency (such as the national cyber bureau), which is supposed to provide safety related services has been doing the opposite. This case demonstrates the impunity towards hate speech cases against women and marginalized women. It also indicates that the state's approach is also patriarchal in nature that further obstructs the principle of equal justice for all. The efforts to provide justice for gender-based violence or just to empower women or create an equal, safe space for women, is fought back by those systems that have long been dominant in Nepal.

## 3. Conclusion

The issues of online abuse must be dealt with keeping the context of violence against women and gender-based discrimination at the center. One of the recommendations made by the Organization for Security and Cooperation in Europe in their report on countering online abuse of women journalists, notes that the mechanism of justice must ensure that the same rights that people have offline must be protected online.[4] The national cyber bureau or any other mechanisms and systems for safety and justice must be further sensitized to work from the perspective of the victim/survivor. The women's movement of Nepal must reinvent itself. Nepal has a history of women's movements and as a result there is some space for women to speak up more heavily than they have so far. However, there is a long way to go for women from marginalized communities to have the same space. For this, the movement needs to be more inclusive in itself and provide the space and solidarity for all these women to share their issues too.

## Endnotes

1 Ekantipur. (2021, February 12). "Pitrisattalaai Khabardariswarup' Sapana Sanjeevaniko Kawita" [Video]. YouTube. https://www.youtube.com/watch?v=2ezBA2OOqtg

2 Baker, K., & Jurasz, O. (2019). Online Misogyny: A Challenge for Legal Regulation. Journal of International Affairs Editorial Board, 72(2), 96. https://www.jstor.org/stable/10.2307/26760834

3 The author was present with Sapana Sanjeevani during the reporting. Sanjeevani also confirmed that the case has not been registered until now.

4 Gardiner, Becky, ed. 2016. New Challenges to Freedom of Expression: Countering Online Abuse of Female Journalists. OSCE.





थुप्रै वकिलहरु नै लागेर आफ्नो मुद्दा दर्ता गराउनु पर्ने दबाब दिनु परेको थियो । तथापि, अझैसम्म उक्त उजुरी दर्ता भएको छैन ।

एकातिर इन्टरनेटले अधिकारका लागि वकालत, बहस र अभियान सञ्चालनका लागि स्थान उपलब्ध गराइरहेको छ भने अर्कोतिर अधिकारका लागि सशक्तरूपमा आवाज उठाउने महिला र सीमान्तकृत महिलालाई शत्रुतापूर्ण व्यवहार गर्ने प्रतिकुल स्थानको रूपमा पनि विकास हुँदै गइरहेको छ । त्यसैले नागरिकको सुरक्षा दिनु पर्ने साइबर ब्यूरोजस्तो संस्थाले पनि निर्वाह गर्नुपर्ने कर्तव्यभन्दा ठीक विपरित व्यवहार गरिरहेको छ । यसले महिला र सीमान्तकृत महिलाविरूद्ध हुने घृणायुक्त अभिव्यक्तिका विरूद्ध रहेको दण्डहीनताको अवस्था देखाउँछ । यसले राज्यका जिम्मेवार अधिकारीमा रहेको पितृसत्तात्मक सोच उजागर गर्छ भने यस्तो प्रवृत्तिले न्यायको सिद्धान्तमै अवरोध पुर्‍याउँछ । लामो समयदेखि पितृसत्तालाई टिकाइ राख्ने यस्तो प्रणालीले लैङ्गिक हिंसाविरूद्ध न्याय प्राप्तिका लागि भएका प्रयास वा महिलाको सशक्तिकरण वा महिलाका लागि समान, सुरक्षित स्थान निर्माणका लागि भएका प्रयत्नलाई नै चुनौती दिन्छ वा बाधा पुर्‍याउँछ ।

## ३. निष्कर्ष

तसर्थ, यी अनलाइनबाट हुने दुर्व्यवहारका मुद्दालाई सम्बोधन गर्ने क्रममा महिलाविरूद्ध हुने हिंसा र लैङ्गिक भेदभावलाई केन्द्रमा राखेर हेरिनुपर्छ । अर्गनाइजेशन फर सेक्युरिटी एण्ड कोअपरेशन युरोप (ओएससीई)को पत्रकार महिलामाथि हुने अनलाइन दुर्व्यवहारविरूद्ध प्रतिरोध गर्नका लागि तयार पारिएको प्रतिवेदन[४]ले अफलाइनमा प्राप्त हुने सबै किसिमका सुरक्षा अधिकार अनलाइनमा पनि प्राप्त हुने न्यायिक प्रणाली सुनिश्चित गर्नुपर्ने सुझाव दिएको छ । त्यसैले साइबर ब्यूरो वा सुरक्षा र न्यायका लागि स्थापित र सञ्चालित कुनै पनि संयन्त्रलाई पीडितको न्यायको पक्षमा काम गर्न संवेदनशील बनाइनुपर्छ । नेपालको महिला अभियानले पनि यी सवाललाई समीक्षा गरी रूपान्तरण गर्नुपर्छ । नेपालमा महिला आन्दोलनको लामो इतिहास छ । तिनै आन्दोलनको परिणामस्वरूप महिलाले आफ्नो आवाज उठाउने केही स्थान निर्माण भएको छ । तर, महिलालाई प्राप्त ती स्थानसम्म पुग्न वा उपयोग गर्नका लागि पनि सीमान्तकृत समुदायका महिलाले निकै लामो यात्रा गर्नुपर्ने अवस्था यथावत छ । त्यसैले महिला आन्दोलन आफैँमा समावेशी हुनुपर्छ र उनीहरूका मुद्दा सार्वजनिक बहसमा ल्याउन सिमान्तकृत समुदायका महिलालाई आवश्यक स्थान उपलब्ध गराउने र मुद्दामा पनि आन्दोलनको ऐक्यबद्धता जरूरी छ ।

## पाद टिप्पणी

१ इकान्तिपुर । २०२१ फेब्रुअरी । पितृसत्तालाई खबरदारीस्वरूप' सपना सञ्जीवनीको कविता । भिडियो । युट्यूब । https://www.youtube.com/watch¿v=2ezBA2OOqtg

२ बेकर के. र जुराज ओ. । सन् २०१९ । अनलाइन मिसोग्यानी : अ च्यालेन्ज फर लिगल रेगुलेशन । जर्नल अफ इन्टरनेशनल अफियर्स । एडिटोरियल बोर्ड, ७२ (२), ९६, https://www.jstor.org/stable/10.2307/26760834

३ प्रहरीमा उजुरी दिन जाँदा सपना सञ्जीवनीसँग यो लेखक पनि उपस्थित थियो । सञ्जीवनीले अहिलेसम्म पनि प्रहरीमा घटना नभएको कुरा जानकारी दिएकी छन् ।

४ गार्डिनर, बेक्की, सं. । २०१६ । न्यू च्यालेन्जेज टु फ्रिडम अफ एक्सप्रेशन : काउन्टरिङ अनलाइन अव्युज अफ फिमेल जर्नलिस्टस् । ओएससीइ ।

# Women's Economic Empowerment and Inclusive Growth in the Post COVID-19 World

■ Swadeepa Bohara

## 1. Introduction


The 2021 International Women's Day agenda called for individual and organizational actions to challenge gender biases and inequality in workplace, which was aligned with the broader objective of increasing women's economic and political participation. Naturally, this agenda came at a time when the world was seemingly emerging out of an unprecedented global crisis, the COVID-19 pandemic, which unmasked the broken state of our current global system, for realizing gender equality.

Preliminary assessments during the pandemic hinted to women's falling labor market participation rates with women globally dominating the informal sector. With the pandemic induced labor/wage cuts, a lack of social protection, and increased care burden, economic insecurity increased for women. Additionally, incidents of violence against women also spiked during lockdown, with impacts more pronounced in fragile, conflicting and developing states.

In a single year, the global statistics on gender appear quite sobering. The latest Global Gender Gap report found that economic hurdles and workplace challenges increased for women while their political participation decreased. Compared to 78 percent of men, only 55 percent of women are currently engaged in the global labor market. The estimated average time needed to achieve gender parity at this year's rate is 135 years whereas last year's rate was 99.5 years. Another gender parity study[1], conducted by McKinsey Global, estimated that if women continue to take up a greater share of the unpaid care work, disengage from the labor market, and no actions are taken to counter these effects, the global GDP could shrink to $1 trillion in 2030.







# कोरोना महामारी र महिला आर्थिक सवलीकरण

■ स्वदिपा बोहरा

## १. भूमिका

सन् २०२१ को विश्व महिला दिवसले सबै व्यक्ति र संस्थाहरूलाई कार्यस्थलमा हुने लैङ्गिक विभेद र असमानतालाई चुनौती दिन आव्हान गरेको थियो । यो बृहतरूपमा महिलाको आर्थिक र राजनीति सहभागीता वृद्धि गर्ने सवालसँग पनि सम्बन्धित थियो । यो एजेण्डा अप्रत्याशित ढङ्गबाट विश्वव्यापीरूपमा देखिएको कोरोना महामारीको संकटको बेला बाहिर आएको हो । कोभिड-१९ को महामारीले लैङ्गिक समानता अनुभूति गर्ने सवालमा ध्वस्त भएको विश्व प्रणालीलाई नै उदाङ्गो बनाइदियो ।

संसारभरि नै ठूलो संख्यामा महिला अनौपचारिक क्षेत्रमा छन्, कोरोना महामारीका कारणहरू श्रम बजारमा महिलाको सहभागीताको दर निकै खस्किँदो अवस्थामा रहेको सुरूआती अध्ययनहरूले देखाएका थिए । माहामारीमा ती श्रमिक महिलाको ज्याला कटौती भयो भने सामाजिक सुरक्षाको अभाव, सेवामुलक काममा थप जिम्मेवारी र आर्थिक असुरक्षा पनि बढ्यो । यसका साथै, माहामारीका कारण गरिएको बन्दाबन्दीको समयमा महिलाविरोधी हिंसा पनि त्यतिकै मात्रामा बढ्यो । यस्तो हिंसाको प्रभाव विशेषगरी विकासशील, द्वन्द्वबाट गुज्रिरहेका तथा कमजोर राष्ट्रहरूमा बढी परेको थियो ।

विश्वभरीमा गत एक वर्षभित्र मात्रैको लैङ्गिक समानतासम्बन्धी तथ्याङ्क हेर्ने हो भने खासै उत्साहजनक छैन । ग्लोबल जेन्डर ज्ञाप प्रतिवेदनअनुसार गत वर्ष महिलाको राजनीतिक सहभागिता घटेको छ भने उनीहरूले आर्थिक असहजता भोग्नुका साथै र कार्यस्थलमा पनि थप चुनौतीहरूको सामना गर्नु परेको छ । तुलनात्मक रूपमा विश्व श्रम बजारमा महिलाभन्दा पुरूष धेरै संलग्न छन् । विश्व बजारमा ७८ प्रतिशत पुरूष र ५५ प्रतिशत महिला कार्यरत छन् । यो वर्षको हिसाबमा औषत लैङ्गिक समानता हासिल गर्न १३५ वर्ष लाग्ने देखिन्छ जब कि गत वर्ष ९९.५ वर्ष लाग्ने अनुमान गरिएको थियो । मेकिन्स्की ग्लोबल नामको संस्थाले गरेको अर्को अनुसन्धानले[१] के देखाएको छ भने यदि महिला श्रम बजारबाट पूरै बिमुख भएर घरायसी काम मात्र गर्ने अवस्था आयो र यस्तो अवस्थाको अन्त्यका लागि कुनै कदम चालिएन भने सन् २०३० सम्ममा विश्वको कूल ग्राह्यस्थ उत्पादन एक खरब अमेरिकी डलरमा संकुचित हुनेछ ।

These trends point to a growing concern among governments, policymakers and development practitioners about the risks of reversing some of the hard-earned parity and widening further the 'gender gap'. As governments lift lockdowns and businesses resume to reclaim normalcy, there is a 'window of opportunity' for public, private and social sector actors to collectively envision an economic recovery trajectory to achieve inclusive growth. Increasingly, public and private investors around the world are turning to gender smart investing to achieve inclusive economic growth and to deliver on Sustainable Development Goal (SDG) commitments. These leads us to pose two key questions: What are some key considerations for developing gender smart strategies for policy makers and practitioners in Nepal's post COVID-19 economic recovery? And where are some immediate opportunities to mainstream gender smart strategies?

## 2. Key considerations for women's economic empowerment

Women consist of half the world population and make important contributions to the economy. The need for promoting women's economic participation rests on the idea that the untapped potential of women remains a lost opportunity for economic growth. Thus, women's economic empowerment aims for their equal participation in society and economy by empowering them to advance economically and make economic decisions.[2] While the definitions and approaches on women's economic empowerment varies as per the need and local context, the UN High Level Panel on Women's Economic Empowerment provides a common global framework. The Women's Economic Empowerment (WEE) framework identifies seven drivers of transformation for i) breaking gender stereotypes; ii) leveling the playing field for women; iii) investing in care work; iv) ensuring fair share of financial, digital and property assets; v) public sector; vi) private sector creating opportunities for women; and vii) enhancing women's voices. This framework remains a cornerstone of SDGs and offers a broad context for developing gender smart strategies and inclusion metrics.

> **"Women's economic empowerment aims for their equal participation in society and economy by empowering them to advance economically and make economic decisions."**

## 3. Assessing women's economic empowerment in Nepal

The history of women's empowerment work in Nepal spans over three decades, during which female literacy, life expectancy and fertility have all improved. Nepal's stride towards gender equality has improved in the recent years, especially women labor participation has increased. However, in the context of women's full and equal participation to advance economically and act on economic decisions, there is still much to be done. The WEE framework provides a contextual basis for assessing progress made.

Breaking gender stereotypes: Gender equality requires addressing adverse norms





सरकार, नीति-निर्माता र विकासका क्षेत्रमा क्रियाशील विज्ञहरूलाई यो तथ्याङ्कले निकै दुःखी बनाएको छ । यसरी बढ्दै गएको 'लैङ्गिक खाडल'का कारण धेरै मिहिनेतबाट प्राप्त गरिएका लैङ्गिक समानताको आँकडाबाट पछाडि फर्किन बाध्य पारेको दुःखद परिदृष्य देखाइरहेको छ । यदि सरकारले बिस्तारै बन्दाबन्दीको अन्त्य गर्दै बजार खुल्ने सामान्य अवस्थातिर फर्काउने प्रयत्न गऱ्यो भने समावेशी आर्थिक विकासको एउटा अवसरको परिदृष्य देखिन सक्छ । यस्तो अवस्था सार्वजनिक, निजी र सामाजिक क्षेत्रका लागि संयुक्त रूपमा आर्थिक पीडाबाट बाहिर आउने एउटा अवसर बन्न सक्नेछ । हिजोआज विश्वभरि सार्वजनिक तथा निजी लगानीकर्ताहरूले बिस्तारै समावेशी आर्थिक बृद्धि र दीगो विकास लक्ष्य प्राप्तिका लागि सहयोग हुने गरी लगानी बढाइरहेका छन् । यस्तो अवस्थामा हामी सामु छलफल गर्नै पर्ने मुख्य दुईवटा प्रश्न आउँछन् : नेपालको सन्दर्भमा कोभिड-१९ माहामारीपछि आर्थिक पुनस्थापनाका लागि रणनीति निर्माण गर्दा प्रभावारी लैङ्गिक समानता प्राप्त गर्न नीति-निर्माता तथा विज्ञहरूले विचार गर्नै पर्ने मुख्य बुँदाहरु के-के हुन् ? त्यस्तै, लैङ्गिक समानता हासिल गर्ने रणनीतिलाई नीति निर्माणको मुख्यधारमा ल्याउन तत्काल चाल्नु पर्ने कदम के-के हुन् ?

## २. महिला आर्थिक सवलिकरणको लागि विचारणीय पक्षहरू

संसारको आधा जनसंख्या ओगटेका महिलाले अर्थतन्त्र विकासको क्षेत्रमा ठूलो योगदान पुऱ्याएका छन् । अहिलेसम्म आर्थिक बृद्धिका लागि क्षमताको प्रयोग गर्न नपाएका महिलाको आर्थिक सहभागिताको प्रबर्द्धन गर्न आवश्यक छ । त्यसैले, महिलाको आर्थिक सवलिकरणको उद्देश्य महिलालाई आर्थिक प्रगतिका लागि निर्णय लिन सक्ने वातावरण बनाउंदै समाज र अर्थतन्त्रमा समान सहभागिता सुनिश्चत गर्नु हो[२] । आवश्यकता तथा स्थानीय परिस्थितिअनुरूप महिलाको आर्थिक सवलीकरणका सन्दर्भमा भिन्न-भिन्न विचार तथा दृष्टिकोण छन् । तथापि, संयुक्त राष्ट्रसंघीय उच्चस्तरीय प्यानलले महिला आर्थिक सशक्तिरणका लागि एउटा विश्वव्यापी साझा खाका दिएको छ । यो महिला आर्थिक सशक्तिकरण खाकाले आर्थिक रूपान्तरणका सातओटा मुख्य चालक शक्ति पहिचान गरेको छ : क) लैङ्गिक रूढिवादलाई तोड्ने, ख) महिलाका लागि समान अवसरको, ग) हेरचाहको क्षेत्रमा लगानी, घ) वित्तीय, डिजिटल र सम्पत्तिमा समुचित स्वामित्वको सुनिश्चतता, ङ) सार्वजनिक क्षेत्र, च) निजी क्षेत्रमा महिलालाई अवसरको सिर्जना, र छ) महिलाको बुलन्द आवाज । महिलाको आर्थिक सवलिकरणको यो ढाँचा दिगो विकास लक्ष्य प्राप्तिको एउटा महत्वपूर्ण पक्ष हो, यसले लैङ्गिक रणनीति र समावेशी मापनको विकासका लागि बृहत परिवेश प्रदान गर्दछ ।

> **"महिलाको आर्थिक सवलिकरणको उद्देश्य महिलालाई आर्थिक प्रगतिका लागि निर्णय लिन सक्ने वातावरण बनाउँदै समाज र अर्थतन्त्रमा समान सहभागिता सुनिश्चत गर्नु हो ।"**

## ३. नेपालमा महिला आर्थिक सवलिकरण

नेपालमा महिला सवलीकरणको क्षेत्रमा काम सुरु भएको तीन दशकभन्दा बढी भयो । यो अवधिमा महिलाको साक्षरता, औषत आयु र प्रजनन् स्वास्थ्यमा उल्लेख्य सुधार भएको छ । लैङ्गिक समानताको बाटोमा नेपालका कदमहरु धेरै अघि बढिरहेका छन् । विशेषगरी श्रम बजारमा महिला सहभागिता निकै बढेको छ । यद्यपि, आर्थिक अभिबृद्धि र यो क्षेत्रसँग सम्बन्धित निर्णय लिने सन्दर्भमा अझैं महिलाको पूर्ण र समान सहभागिता हुन सकेको छैन, सुधार ल्याउन अझैं धेरै काम गर्न बाँकी छ । यो 'महिला आर्थिक सवलीकरण' खाकाको आधारमा यस क्षेत्रमा भएको सुधारको मापन गर्न सकिन्छ ।

that affect both men and women. In Nepal, gender norms around labor and marriage affect men and women's participation in society and the economy. Marriage norms influence women's confidence, ambition, career decision and access to assets while men, especially supportive or docile husbands, are stereotyped as a 'wife's puppet' or 'hen-pecked husband', which keep them from taking on domestic chores or public stance. In recent years, a few Civil Society Organizations (CSOs) - like MenEngage Alliance and Care Nepal – have launched initiatives for boys and men to discuss their role in ending violence against women. Increasingly, gender experts are raising awareness, accountability and priorities around gender equality and inclusion within development initiatives. However, in the private sector, new narratives and actions are required to alter the general perception that hold women's enterprise as 'credit unworthy'.

Leveling the playing field for women: By ensuring legal protection and reforming discriminatory laws, governments can show their commitment to enforce and achieve gender equality. In recent years, Nepal has made 'notable' progress on women's rights and equality. The 2015 Constitution grants women equal right to inheritance. Several amendments of the Labor Act 2017 also make provisions for decent work hours, wage limit, and health and safety requirements within the formal workplace, including 60 days paid maternity leave. The 2016 Industrial Enterprise Act legally recognized micro-enterprises and waived business registration fee and income tax for at least five years. Women-owned businesses receive a 35 percent waiver on registration fee and a 20 percent waiver on the registration fee for intellectual property rights. However, while in principle, the Constitution and policies protect women from discrimination and exploitations based on sex, in practice, they often lack enforcement mechanism resulting in weak implementation.

> **Unequal access to key assets like financial, digital and property, widens the gender disparities in work and society. In the last several years, due to policies like joint land ownership and tax incentive for women-owned enterprises, women's ownership in assets has increased.**

Investing in care work: In Nepal, there is a strong gender division of labor, which requires women to undertake domestic duties. Increasing women's labor force participation in paid work requires recognizing the value of unpaid care work, reducing the hours spent by investing in time and labor-saving technology and redistributing care roles for men within households and introducing social protection policies like childcare, paternity leave, etc.

Ensuring fair share of assets: Unequal access to key assets like financial, digital and property, widens the gender disparities in work and society. In the last several years, due to policies like joint land ownership and tax incentive for women-owned enterprises, women's ownership in assets has increased. Land ownership increased from 10.3 percent in 2012 to 19.71 percent in 2014.[3] In 2019, of the total 923, 356 business establishments, 29.8 percent were women owned.[4] Access to finance has also improved. With the presence of commercial banks in 746 local units, around





परम्परागत लैङ्गिक भूमिका रूपान्तरण: लैङ्गिक समानताका लागि महिला र पुरूष दुवैलाई असर गर्ने हानिकारक सामाजिक नियमहरु आवश्यक छ । नेपालमा श्रम तथा विवाहका सवालमा रहेका लैङ्गिक मान्यताहरूले महिला तथा पुरूषको समाज र अर्थतन्त्रमा हुने सहभागीतालाई प्रभाव पार्छ । विवाहका मान्यताले एकातिर, महिलाको आत्मविश्वास, महत्वाकांक्षा, पेशासम्बन्धी निर्णय र सम्पत्तिमाथिको पहुँचमा प्रभाव पार्छ । अर्कोतिर, सहयोगी पुरूषहरुमाथि 'स्वास्नीको औंलामा नाच्ने' वा 'जोइटिङ्ग्रे' श्रीमान्' भन्ने जस्ता शब्दहरु प्रयोग गरिन्छन्, जसको कारण विवाहित पुरूषहरु घरायसी काम गर्न तथा यससम्बधी प्रगतिशील सार्वजनिक अडान लिनबाट निरूत्साहित हुन्छन् । महिलामाथि हुने हिंसा अन्त्यका लागि युवा तथा पुरूषको भूमिकाबारे छलफल गर्न बिगत केही वर्षदेखि केही गैर-सरकारी संस्थाहरु जस्तै : 'मेन इन्गेज अलाएन्स' र 'केयर नेपाल' ले केही प्रयास थालेका छन् । विकाससम्बन्धी गतिविधिमा पनि लैङ्गिक समानता र समावेशीकरणका सवाल समावेश गरिएका छन् र ती कार्यक्रममा संलग्न लैङ्गिक विज्ञहरूले लैङ्गिक समानताप्रति उत्तर दायित्व वृद्धि गर्न र प्राथमिकता निर्धारण गर्न सचेतनामुलक कार्यक्रमहरू अगाडी बढाइरहेका छन् । तथापि, निजी क्षेत्रमा भने महिलालाई उद्यमीको दृष्टिले नहेर्ने, व्यवसायिक ऋण माग्दा जोखिमयुक्त पात्रको रूपमा हेर्ने जस्ता पुरातनपन्थी भाष्यलाई चुनौती दिन नयाँ ढङ्गको विचार र कामको आवश्यक छ ।

खेल मैदानलाई समान बनाउने : सरकारले कानुनी संरक्षण र भेदभावपूर्ण कानुनलाई सुधार गरेर लैङ्गिक समानता प्राप्तिको लागि प्रतिबद्धता जाहेर गर्न सक्छ । बिगतका केही वर्षमा नेपालले महिला अधिकार तथा समानताको क्षेत्रमा केही राम्रा लक्ष्यहरु पनि हासिल गरेको छ । नेपालको संविधान २०७२ ले महिलालाई पुर्ख्यौली सम्पत्तिमा समान अधिकार दिएको छ । श्रम ऐन, २०७४ को संशोधनपछि महिलालाई ६० दिनसम्म तलब सुविधासहित सुत्केरी विदा दिने, ज्यालाको सीमा औपचारिक कार्यस्थलमा स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डको आवश्यकता पूरा गर्ने अधिकार सुनिश्चित गरिएको छ । 'उद्योग व्यवसाय ऐन, २०७३'ले कानुनीरुपमै साना तथा घरेलु उद्योगको पहिचान गरी त्यस्ता उद्योगको दर्ता शुल्क र पाँच वर्षसम्म आयकर मिनाह गरेको छ । त्यस्तै, महिलाको स्वामित्वमा भएको उद्योगको दर्ता शुल्कमा ३५ प्रतिशत र बौद्धिक सम्पत्ति अधिकार दर्ता गर्दा २० प्रतिशत शुल्क सुबिधा पाउने व्यवस्था भएको छ । यद्यपि, सैद्धान्तिकरुपमा संविधान र कानुनले महिलालाई लैङ्गिक भेदभाव र शोषणको अन्त्य गरेको छ, तर कानुन कार्यान्वयन गर्ने निकायको कमजोर भूमिकाका कारण व्यवहारिक रूपमा ती संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

> **वित्तीय सम्पत्ति, डिजिटल सम्पत्ति र घर-जग्गामाथि असमान पहुँचले कार्यस्थल र समाजमा भएको लैङ्गिक असमानतालाई अझै मलजल गर्छ । जग्गाको संयुक्त स्वामित्व र महिलाको स्वामित्व भएको उद्योगलाई कर छुटजस्ता नीतिका कारण बिगत केही वर्षदेखि सम्पत्तिमा महिलाको स्वामित्व बढेको छ ।**

घरायसी सेवाप्रदायक काममा लगानी : नेपालमा लिङ्गमा आधारित श्रमको विभाजन बलियो छ, जसका कारण महिलाहरू घरायसी काममा अग्रसर देखिन्छन् । घर वा संस्थामा महिलाले प्रदान गर्ने सेवामुलक कामले समग्रमा व्यक्ति, परिवार, अर्थतन्त्र र समाजलाई फाइदा पुर्‍याइरहेको हुन्छ । केही महिला हेरचाहको क्षेत्रमा काम गर्छन् र आफ्नो पहिचानको रूपमा लिएर जिम्मेवारी स्वीकार गर्छन्, त्यसैले यस क्षेत्रमा हस्तक्षेपको अवश्यकता छ । वास्तवमा सेवामुलक क्षेत्रमा काम गर्दा छलफल गर्न, आफ्नो माग राख्न सक्ने बनाएर सशक्तिकरण गर्न यो क्षेत्रमा लगानी गर्न जरूरी छ ।

सम्पत्तिमाथि उचित अंशको सुनिश्चितता: वित्तीय सम्पत्ति, डिजिटल सम्पत्ति र घर-जग्गामाथि असमान पहुँचले कार्यस्थल र समाजमा भएको लैङ्गिक असमानतालाई अझै मलजल गर्छ । जग्गाको संयुक्त स्वामित्व र महिलाको स्वामित्व भएको उद्योगलाई कर छुटजस्ता

61 percent of the citizens have access to financial services[5]. Moving forward, as new services emerge via digital platforms, ensuring literacy and access to the technology and services for women will be key to closing the 'digital gender divide' and promoting inclusive digital economies.

Private sector creating opportunities: Policy, culture, and practices in workplace affect women's economic empowerment. The female labor force participation rate is 26.3 percent compared to 53.8 percent for men[6]. Small and Medium Enterprises (SMEs) contribute 22 percent to Nepal's GDP and create 1.7 million jobs. Despite contributing more than 80 percent share in job creation in the economy, more than half of these SMEs fall in the informal economy.[7] Still a vast majority of the private sector remain "gender neutral," with the exception of few banks and private companies (like Nabil and Machhapuchchhre Banks, Best Remit, Khanal Poultry, and TBi Group) who are developing financial products tailored for women and have endorsed Women's Empowerment Principles[8] as business operating principle.

Public sector creating opportunities: Governments are often the largest employers and policy shapers. Governments can create equitable opportunities for women by reviewing recruitment, training, promotion, pay and procurement practices in the public sector. The Government makes 45 percent reservation quotas to include women and disadvantaged groups, of which 33 percent are for women. In 2007, the Government of Nepal introduced the principle of Gender Responsive Budgeting, which allows 33 percent budgetary spending on gender. However, women hold only 10 percent of public positions. For women's meaningful public participation, attention is needed not only why women are over-represented in certain areas but also where women's representation is largely missing.

Enhancing women's voices: Strengthening women's visibility and representation in society isre critical to advancing women's economic empowerment. In Nepal, CSOs, micro-credits and cooperatives, and identity-based groups amplify women's collective voices. Moving forward, conversations and concrete actions around women's work need to make clear distinctions between general empowerment versus economic empowerment, which can help prioritize women's economic issues in media and across associations like Federation of Women Entrepreneurs Association of Nepal, Federation of Nepalese Chamber of Small and Cottage Industries, and the Federation of Business Professional Women of Nepal, among others.

A considerable amount of work has been done to empower women in Nepal, which provides an opportunity to bolster complementary actions to advance women's economic agenda. Nepal has some progressive laws and policies for





नीतिका कारण बिगत केही वर्षदेखि सम्पत्तिमा महिलाको स्वामित्व बढेको छ । सन् २०१२ मा १०.३ प्रतिशत महिलाको जमिनमाथि स्वामित्व थियो, जुन सन् २०१४ मा बढेर १९.७१ प्रतिशत पुग्यो ।[३] । सन् २०१९ मा ९२३ उद्योगमध्ये ३५६, अर्थात २९.८ प्रतिशत महिलाको स्वामित्वमा थियो[४] । बित्तमाथिको पहुँच पनि बढेको छ । अहिले ७४६ स्थानीय तहमा व्यवसायिक बैंकहरू पुगेका छन् भने ६१ प्रतिशत नागरिकको वित्तीय सेवामा पहुँच पुगेको छ[५] । यो क्रमसंगै, नयाँ डिजिटल सेवामा पहुँच बढ्दै जाँदा, महिलामा प्रविधिको साक्षरता पनि बढ्दै गएको छ । यसले 'डिजिटल लैङ्गिक असमानता' घटाउन र समावेशी डिजिटल अर्थतन्त्रको प्रबर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

निजी क्षेत्रले सिर्जना गर्ने अवसर : कार्यस्थलमा हुने नीति, संस्कृति र अभ्यासले महिलाको आर्थिक सवलीकरणमा प्रभाव पार्छ । महिला श्रम शक्तिको सहभागिता दर २६.३ प्रतिशत छ भने पुरूषको ५२.८ प्रतिशत छ[६] । साना तथा मझौला उद्योगहरूले नेपालको कूल ग्राहस्थ उत्पादनमा २२ प्रतिशत योगदान गर्छ भने १७ लाख रोजगारी पनि सिर्जना गर्छ । साना तथा मझौला उद्योग अर्थतन्त्रको ८० प्रतिशतभन्दा बढी रोजगारी सिर्जना गर्ने क्षेत्र भए पनि आधाभन्दा धेरै यस्ता उद्योगहरू अनौपचारिक अर्थतन्त्रभित्र पर्छन्[७] । अहिले पनि नीजि क्षेत्रमा अधिकांश उद्योगहरू 'लैङ्गिक रूपमा तथस्ट' छन् । यद्यपि, केही अपवादहरू भने पक्कै पनि छन् । जस्तै नबिल बैंक, माछापुच्छे बैंक, वेस्ट रेमिट, खनाल पोल्ट्री र टिबिआई ग्रुप आदिले महिलामैत्री वित्तीय उत्पादनको विकास गर्दै, 'महिला सवलीकरण सिद्धान्त[८]'लाई आफ्नो व्यवसाय सञ्चालन गर्ने सिद्धान्तका रूपमा अपनाएका छन् ।

सार्वजनिक क्षेत्रले सिर्जना गरेका अवसर : सरकार सबैभन्दा ठूलो नीति निर्माता र रोजगारदाता हो । सरकारले सार्वजनिक क्षेत्रमा कर्मचारी नियुक्ति गर्ने प्रक्रिया, तालिम, बढुवा र तलब आदिको समीक्षा गरी महिलाका लागि समान अवसर सिर्जना गर्न सक्छ । सरकाले अहिले सरकारी सेवामा महिला र सिमान्तकृत समुदायका लागि ४५ प्रतिशत आरक्षण कोटा निर्धारण गरेको छ, जसमध्ये ३३ प्रतिशत महिलाको लागि छुट्याइएको छ । यसैगरी सन् २००७ मा नेपाल सरकारले 'लैङ्गिक उत्तरदायी बजेट' सिद्धान्तको आधारमा बजेटको ३३ प्रतिशत लैङ्गिक कार्यक्रममा खर्च गर्ने अनुमती दिएको छ । तर, कूल सरकारी सेवाको १० प्रतिशत रोजगारीमा मात्र महिलाको उपस्थिति छ । महिलाको अर्थपूर्ण सहभागिताका निम्ति महिलाको कुनै खास क्षेत्रमा मात्र किन सिमित प्रतिनिधित्व छ भन्ने प्रश्नका साथै अरू क्षेत्रमा महिलाको प्रतिनिधित्व किन हुन सकिरहेको छैन भनेर खोतल्न पनि जरूरी छ ।

महिलाका आवाज बुलन्द गर्नेः महिलाको आर्थिक सवलिकरणका लागि समाजमा महिलाको छबी र प्रतिनिधित्व सशक्त बनाउन आवश्यक छ । नेपालमा गैरसरकारी संस्था, लघुवित्त र सहकारी, र पहिचानमा आधारित समूहहरूले महिलाका सामूहिक आवाजलाई शक्तिशाली बनाएका छन् । आगामी दिनमा महिलाका सवालमा हुने छलफल र क्रियालापमा सामान्य सवलीकरण र आर्थिकबीचको भिन्नतालाई स्पष्ट पार्नु पर्ने आवश्यता छ । यसले महिलाका आर्थिक सवाल मिडियामा ल्याउन र महिला नेतृत्वका उद्योगसम्बन्धी संघ-संस्थाको प्राथमिकीकरणमा पनि सहयोग पऱ्याउँछ ।

नेपालमा महिला सवलिकरणका निम्ति थुप्रै कामहरू भएका छन् । यसले महिलाका आर्थिक मुद्दालाई अगाडि बढाउन पर्याप्त अवसर दिन्छ । नेपालमा महिलाका लागि केही प्रगतिशील

women. However, due to significant policy implementation challenges, women continue to miss out on the benefits of such laws and policies.

### 4. Opportunities for gender smart strategies

For policymakers and practitioners, the WEE framework offers a simple but effective tool for assessing gender smart strategies. This is to say, women's economic empowerment is a pathway for women to realize gender parity, as it presents a clear case for human rights, economic development, and commerce. In weighing up the considerations for designing gender smart strategies, where are some immediate opportunities for implementing gender smart strategies?

### 4.1. Data and digitization for evidence-based policy making

This idea assumes that policy making based on evidence creates better policy outcomes. Digitization helps capture data points by setting up business processes within enterprises. Also, a move towards policymaking based on evidence ultimately creates demand for digitization, high-quality statistical data, research and analysis.

In the context of delivering SDG commitments, a major cross sectoral challenge for Nepal is in tracking and standardizing indicators. The National Planning Commission's assessment on costing and financing SDGs noted that, of the 470 indicators, data and definition are available at accepted standard(s) for 214 indicators, at moderate levels of acceptance for 105 indicators, and poor for nine. This is problematic for measuring outcomes, assessing impact and investing. Additionally, this issue has obstructed access to finance for micro and small enterprises, as they face difficulty in accessing credit due to poor or lack of proper bookkeeping. In the absence of business performance and credit history, banks continue to view such enterprises as high-risk, refusing credit lending. Hence, cross-sectoral partnership and investments are required to collectively identify needs and prioritizing capture, managing, and using data in transparent and democratic ways. That being said, a number of open data platforms appear to be on the rise in Kathmandu such as: Open Data Nepal, Kathmandu Living Labs, Young Innovations, Naxa etc., which present cross sectoral innovation and cooperation opportunities.

### 4.2. Gender smart investing

The basic premise of Gender Smart Investing is that investing for gender equity will only expand the 'economic pie'. Gender smart investing is a strategy that





कानुन तथा नीति पनि बनेका छन् । तर, कार्यान्वयनका सन्दर्भमा भएका चुनौतीका कारण महिलाहरू ती कानुन र नीतिबाट पाउनु पर्ने लाभ समेत लिनबाट बञ्चित छन् ।

### ४. लैङ्गिक मैत्री रणनीतिहरूका लागि अवसरहरू

नीति निर्माता र विकासकर्मीका लागि महिला आर्थिक सशक्तिकरण (डब्ल्यूईई) खाकाले लैङ्गिकमैत्री रणनीति प्राथमिकीकरण गर्न आवश्यक सरल तर अत्यन्तै प्रभावकारी विधि प्रदान गरेको छ । महिलाको आर्थिक सशक्तिकरण लैङ्गिक समानता महसुस गर्ने बाटो हो । यसले मानवअधिकार, आर्थिक विकास र वाणिज्यका लागि स्पष्ट उदाहरण प्रस्तुत गर्दछ । जब हामी लैङ्गिकमैत्री रणनीति निर्माण गर्ने विचारको कुरा गर्छौं, 'नेपालमा लैङ्गिक मैत्री रणनीति कार्यान्वयनका लागि केही तत्काल उपलब्ध अवसरहरु कहाँ छन् र ?' भन्ने प्रश्न उठ्छ । त्यहाँ दुईओटा सम्भावित अवसरहरु हुन सक्छन्, तर यसका लागि आफ्नै लगानी र फाइदा आवश्यक पर्छ ।

### ४.१. प्रमाणमा आधारित नीति निर्माणका लागि तथ्याङ्क र प्रविधिकरण

यस अवधारणाले प्रमाणमा आधारित नीति निर्माणले राम्रो नीतिगत परिणाम दिने कल्पना गर्दछ । प्राविधिकरणले उद्यमबीच व्यवसायिक प्रक्रिया निर्धारण गरेर तथ्याङ्क मापन गर्न सघाउँछ । त्यसैगरी, प्रमाणमा आधारित नीति निर्माणले प्रविधिकरण, उच्च गुणस्तरको तथ्याङ्क, अनुसन्धान र विश्लेषण सिर्जनाको माग गर्दछ ।

दिगो विकास लक्ष्यका प्रतिवद्धता प्रस्तुत गर्ने सन्दर्भमा नेपालको क्षेत्रगत चुनौती भनेको सूचकहरूको ट्र्याकिङ गर्ने मापदण्ड निर्धारण गर्नु हो । राष्ट्रिय योजना आयोगको मुल्याङ्कन अनुसार दिगो विकास लक्ष्यको लागत र वित्तपोषण सम्बन्धी ४७० सूचकहरुमध्ये २१४ ओटा सूचकहरूको तथ्याङ्क र परिभाषा स्वीकृत हुने स्तरमा रहेका छन् । यसैगरी १०५ ओटा सूचकहरु मध्यमस्तर र नौओटा कमजोर अवस्थामा रहेका छन् । यो परिणाम मापन, प्रभाव मूल्याङ्कन गर्न र लगानीका लागि समस्याग्रस्त अवस्थामा छ । साथै, यसले साना उद्योग र व्यवसायको वित्तीय पहुँच निर्माणका लागि अवरोध गरेको छ । कमजोर र उचित हिसाब व्यवस्थापनमा कमजोरी भएका कारण व्यवसायीले ऋण प्राप्त गर्न पनि निकै ठूलो समस्याको सामना गरिरहनु परेको छ । व्यापारको अवस्था र ऋणको इतिहासको अभावका कारण बैंकले पनि त्यस्ता व्यवसायलाई उच्च जोखिमको रूपमा हेर्ने गरेका छन्, त्यसकारण बैंकहरु पनि त्यस्ता व्यवसायलाई ऋण उपलब्ध गर्न स्वीकार गर्दैनन् । तसर्थ, अन्तर क्षेत्रगत साझेदारी र लगानीको समूहिक पहिचान र प्राथमिकिकरण, व्यवस्थापन, पारदर्शी र लोकतान्त्रिक तरिकाबाट तथ्याङ्कको प्रयोग आवश्यक छ । ओपना डाटा नेपाल, काठमाडौं लिभिङ ल्याव, योङ्ग इनोभेसन्स्, नेक्सा जस्ता खुल्ला तथ्याङ्क प्लेटफर्म बढेका छन्, जसले अन्तर क्षेत्रगत आविष्कार र सहयोगका अवसरहरु प्रस्तुत गर्छन् ।

### ४.२ लैङ्गिक मैत्री लगानी

लैङ्गिक समानताका लागि गरिने लगानीले मात्र आर्थिक अंश बिस्तार गर्छ भन्ने कुरा लैङ्गिकमैत्री लगानीको मूलभूत विचार हो । लैङ्गिक मैत्री लगानीको रणनीतिले लगानीकर्तालाई लगानी र मापनको आधारमा पुँजीको प्रयोग गर्न र नेतृत्वमा लैङ्गिक

allows investors to use capital intentionally and measurably to better inform investment decisions and address gender inequities by increasing gender representation in leadership, creating equitable workforce, fostering gender inclusive value chains, developing products and services tailored to women's needs, and ensuring a 'no-harm' operation policy for women in the community[9].

Globally, the number of private funds and investments for gender investing is rising. Just in 2019, investments firms rose around $4.8 billion in private capital, doubling the amount raised in 2018. In 2020, a multilateral gender financing initiative composed of G7 member nations and Development Finance Institutes (DFI) raised $4.5 billion in 18 months, exceeding its initial target amount and period. Public funds are also warming up to this approach. Recently, Japan's Government Pension Investment Fund announced $2.9 billion in Gender Diversity Index, which will provide further exposure to developed market companies with strong gender diversity policies and practices. In the public markets, two financial products were launched, an exchange-traded fund for social justice and a gender bond, Women's Livelihood BondTM, which is the third bond in its series.

Beyond traditional banking and microfinance, Nepal has a budding venture capital and private equity market. Currently, domestic and foreign investment funds and DFIs (like International Finance Corporation, CDC Group, Dolma Impact Fund, True North Associates, One to Watch, Business Oxygen) operate with capital of about $48 million USD[10]. Just in 2020, three new SME financing platforms were launched: COVID-19 MSME Fund offered collateral free working capital and business development services to MSMEs; Nepal Invests provided a platform to facilitate foreign direct investment; and Nepal Private Equity Association promoted alternative investments within the expanding entrepreneurial ecosystem.

These recent developments indicate a positive direction for gender lens investing. To mainstream gender smart investing, the public sector and regulators can support this approach by introducing and implementing favorable policies such as: mandating companies to report and publicly disclose on gender parity achievements, and unlocking gender financing through microfinances etc. Private companies can commit to the principles of women's economic empowerment, initiate broader conversation around gender and inclusion, and conduct internal assessments to align company strategy with gender smart strategies - from reviewing business operation, investment processes to portfolio management and exit strategies.

## 5. Conclusion

A growing pool of evidence show that gender smart investing improves company's human capital and creates an enabling environment for business. By considering





प्रतिनिधित्व बढाउँदै, समान श्रमशक्ति सिर्जना गर्न, लैङ्गिक समावेशी मुल्य श्रृंखला विकास गर्न, महिलाको आवश्यकता अनुरूप उत्पादन र सेवाहरूको विकास गर्न र समुदायमा महिलाका लागि 'हानी नगर्ने' नीतिहरु सुनिश्चित गर्नुपर्छ ।[९]

विश्वव्यापी रूपमा लैङ्गिक मैत्री लगानीका लागि निजी कोष र लगानीको संख्या बृद्धि भइरहेको छ । सन् २०१९ मा मात्रै ४.८ अबर अमेरिकी डलर लगानी निजी पुँजी बृद्धि गरे । जुन सन् २०१८ को लगानीको दोब्बर पुँजी हो । सन् २०२० मा, जी ७ सदस्य राष्ट्रहरु र डेभलोपमेन्ट फाइनान्स इन्स्टिच्युट (डिएफआई)को बहुपक्षीय लैङ्गिक वित्तपोषण पहलमा १८ महिनामै ४.५ अरब अमेरिकी डलर जम्मा भएको छ, जुन पूर्वानुमान गरिएको भन्दा छोटो समयमा भएको लक्ष्य भन्दा बढी प्राप्ति हो । सार्वजनिक कोष पनि यस अवधारणा अनुरूप अघि बढेको छ । हालसालै जापान सकारको पेंन्सन लगानी कोषले लैङ्गिक विविधता सूचकमा २.९ अरब अमेरिकन डलर लगानी गर्ने घोषणा गरेको छ, जसले विकसित बजारका कम्पनीलाई उपयुक्त लैङ्गिक विविधता नीति र अभ्यासका साथै अरूबाट धेरै सिक्ने मौका प्रदान गर्नेछ । सार्वजनिक बजारमा, दुई प्रकारका वित्तिय उत्पादनहरूको सुरूवात भएको छ, एक, समाजिक न्यायका लागि वित्तीय कोष र दुई, लैङ्गिक अनुबन्ध । महिलाको जिविकोपार्जनसँग सम्बन्धि अनुबन्ध यस श्रृंखलाको तेस्रो अनुबन्ध हो ।

पराम्परागत बैंकिङ र लधुवित्तबाहेक, अहिले नेपालमा नबोदित उद्यम पूँजी र निजी समतामुलक बजार पनि रहेका छन् । हाल, स्वदेशी र विदेशी लगानी कोष र डिएफआई जस्तैः इन्टरनेशनल फाइनान्स् कोपरेसन, सिडिसि ग्रुप, डोल्मा इम्प्याक्ट फन्ड, टु नर्थ असोसियट्स, वान टु वाच, विजिनेश अक्सिजन आदिले करिब ४८ करोड अमेरिकी डलर बारबारको पूँजी सञ्चालनमा ल्याएको छ ।[१०] सन् २०२० मा मात्र तीनवटा साना तथा मझौला उद्योगहरूको वित्तपोषण प्लेटफर्महरु सुरूआत भएका छन् : कोभिड–१९ लक्षित एमएसएमई कोषले लघु, साना तथा मझौला उद्योगहरूलाई बिना जमानत काम गर्नका लागि पूँजी र व्यापार विकास सेवाहरु उपलब्ध गराउने, नेपाल लगानीले प्रत्यक्ष वैदेशिक लगानीलाई सहज बनाउन मञ्च उपलब्ध गरेको छ । नेपाल निजी समता संघ (नेपाल प्राइभेट इक्युटी असोसियसन) ले बिस्तारित उद्यमशीलतामा बैकल्पिक लगानीलाई प्रोत्सान गरेको छ ।

हालका यी घटनाक्रमले लैङ्गिक मैत्री लगानीका लागि सकारात्मक दिशा देखाएको छ । लैङ्गिक मैत्री लगानीलाई मूलधारमा ल्याउनका लागि सार्वजनिक क्षेत्र र नियामक निकायले अनुकुल नीति निर्माण र कार्यान्वयन गरेर यस अवधारणालाई सहयोग पुऱ्याउन सक्छन् । जस्तैः कम्पनीलाई लैङ्गिक समानताका उपलब्धीबारे सार्वजनिक रूपमा खुलासा गर्न लगाउने र लधुवित्तका माध्यमबाट लैङ्गिक वित्तलाई बढावा दिने आदि गर्न सक्छन् । निजी कम्पनीहरूले महिलाको अर्थिक सशक्तिकरणका सिद्धान्तप्रति प्रतिबद्धता जनाउन सक्छन् । लैङ्गिकता र समावेशीकरणबारे बृहत्तर छलफल गराउने र कम्पनीको रणनीतिसँग लैङ्गिक मैत्री रणनीति मिलाउनका लागि आन्तरिक मुल्याङ्कन गर्न सक्छन् । यसले व्यवसाय सञ्चालन, लगानी प्रक्रियादेखि पोर्टफोलियो व्यवस्थापन र कार्यक्रम समापन पश्चातको निकास रणनीतिको समिक्षासम्म गर्न सक्छन् ।

## ५. निष्कर्ष

लैङ्गिक मैत्री लगानीले कम्पनीको मानवीय पूँजी सुधार गर्नुको साथै व्यवसायका लागि सक्षम वातावरणको सिर्जना गर्छ भन्ने कुरा बढ्दो प्रमाणले स्पष्ट देखाउँछ । लैङ्गिक

the scope of gender smart strategies, organizations can better capitalize on opportunities for increased profit, growth, and innovation. Prioritizing data and digitization and introducing measures to mainstream gender smart investing offer policymakers and practitioners a 'golden opportunity' to fundamentally expand the conversation about what an inclusive economy means and to increase women's full economic and political participation.

### Endnotes

1. https://www.mckinsey.com/~/media/McKinsey/Industries/Public%20and%20Social%20Sector/Our%20Insights/Future%20of%20Organizations/COVID%2019%20and%20gender%20equality%20Countering%20the%20regressive%20effects/COVID-19-and-gender-equality-Countering-the-regressive-effects-vF.pdf
2. United Nations (2016). Leave No One Behind: A Call to Action for Gender Equality and Women's Economic Empowerment. Retrieved from https://www2.unwomen.org/-/media/hlp%20wee/attachments/reports-toolkits/hlp-wee-report-2016-09-call-to-action-overview-en.pdf?la=en&vs=930
3. ILO (2016). Barriers to Women's Land and Property Access and Ownership in Nepal. Retrieved from https://www.iom.int/sites/default/files/our_work/DOE/LPR/Barriers-to-Womens-Land-Property-Access-Ownership-in-Nepal.pdf
4. Central Bureau of Statistics (2019). National Economic Survey 2019.
5. Nepal Rastra Bank (2019). SME Financing in Nepal.
6. This is a 2017 national estimate that counts population above 15 years. World Bank (2021). Retrieved from https://data.worldbank.org/indicator/SL.TLF.CACT.FE.NE.ZS?locations=NP
7. Nepal Rastra Bank (2020). Survey Report on the Impact of COVID-19 on the Economy. Retrieved from https://www.nrb.org.np/contents/uploads/2020/08/Survey-Report-on-COVID-Impact-Final.pdf
8. https://www.weps.org/about
9. CDC Group and IFC (2021). Private Equity and Value Creation: A Fund Manager's Guide to Gender-Smart Investing. Retrieved from https://assets.cdcgroup.com/wp-content/uploads/2020/11/17181326/Summary-page_Gender-smart-Investing-Guide-for-Fund-Managers_correct.pdf
10. Divakaran, S., Lorenzato, G., Upreti, A. & Dahal, P. (2018) Survey of the Nepal Equity and Venture Capital Environment. Retrieved from http://documents.worldbank.org/curated/en/903171544632149481/pdf/WPS8672.pdf





मैत्री रणनीतिको दायरालाई विचार गर्दै यी संगठनहरूले बृद्धि भएको नाफा, बृद्धि, र नवीन अवसरको उचित पूँजीकरण गर्न सक्छन् । तथ्याङ्क र प्राविधिकरणलाई प्राथमिकिकरण गर्दै र लैङ्गिक मैत्री लगानीलाई मुलधारमा ल्याउनका लागि नीति निर्माता र प्रयोगकर्तालाई समावेशी अर्थतन्त्रको अर्थ र लैङ्गिक समानताको बृहत्तर उद्देश्य अर्थात् मौलिक रूपमा बिस्तार गर्ने 'सुवर्ण अवसर' उपलब्ध गराउँदछ ।

### पाद टिप्पणी

१ https://www.mckinsey.com/~/media/McKinsey/Industries/Public%20and%20Social%20Sector/Our%20Insights/Future%20of%20Organizations/COVID%2019%20and%20gender%20equality%20Countering%20the%20regressive%20effects/COVID-19-and-gender-equality-Countering-the-regressive-effects-vF.pdf

२ संयुक्त राष्ट्र संघ (२०१६) । लिभ नो वान बिहाइण्डः अ कल टु याक्सन फर जेन्डर इक्वालिटी एण्ड वुमेन्स इकोनोमिक इम्पावरमेन्ट । //www2.unwomen.org/-/media/hlp%20wee/attachments/reports-toolkits/hlp-wee-report-2016-09-call-to-action-overview-en.pdf?la=en&vs=930

३ आइएलओ (२०१६) । ब्यारिअर्स टु वुमेन्स ल्याण्ड एण्ड प्रपर्टी एक्सेस एण्ड ओनरशिप इन नेपाल । https://www.iom.int/sites/default/files/our_work/DOE/LPR/Barriers-to-Womens-Land-Property-Access-Ownership-in-Nepal.pdf

४ केन्द्रिय तथ्याङ्क बिभाग (२०१९)। नेपाल इकोनोमिक सर्भे २०१९ ।

५ नेपाल राष्ट्र ब्याङ्क (२०१९)। एसएमइ फाइनेन्सिङ्ग इन नेपाल ।

६ यो २०१७ को अनुमान हो, जसमा १५ वर्षभन्दा माथिको जनसंख्या गनिएको छ। विश्व ब्याङ्क (२०२१) https://data.worldbank.org/indicator/SL.TLF.CACT.FE.NE.ZS?locations=NP

७ नेपाल राष्ट्र ब्याङ्क (२०२०) । सर्भे रिपोर्ट अन द इम्प्याक्ट अफ कोभिड-१९ अन द इकोनोमी https://www.nrb.org.np/contents/uploads/2020/08/Survey-Report-onCOVID-Impact-Final.pdf

८ https://www.weps.org/about

९ सीडिसी ग्रूप एण्ड आइएफसी (२०२१) । प्राइभेट एण्ड भ्याल्यु क्रिएसनः अ फन्ड म्यानेजर्स गाइड टु जेन्डर-स्मार्ट इन्भेस्टिङ्ग https://assets.cdcgroup.com/wp-content/uploads/2020/11/17181326/Summary-page_Gender-smart-Investing-Guide-for-Fund-Managers_correct.pdf

१० दिभाकरन, एस, लोरेंजातो, जी, उप्रेती, ए र दाहाल। (२०१८) सर्भे अफ द नेपाल इक्युटी एण्ड भेन्चर क्यापिटल एन्भाइरोमेण्ट । http://documents.worldbank.org/curated/en/903171544632149481/pdf/WPS8672.pdf

# Feminist Analysis of Nepali Child Rights Movement

■ Sanjog Thakuri


## 1. Preface

Nepal's child rights movement is seen as the most well-cultured among human rights movements in the country. Experienced child rights activists opine that while Nepal's child rights movement is a relatively recent development when compared to other rights-based campaigns, it is one of the most well-organized social movements. This article attempts to analyze the child rights movement from a feminist perspective. Feminist theory argues for an end to discrimination, and amplification and inclusion of the marginalized voices. As this spirit is reflected by the child rights movement, the movement itself can also be assessed from a feminist angle.

### 1.1. Child rights movement in Nepal

In order to protect rights of children, the United Nations introduced the Convention on the Rights of the Child (CRC) in 1989 with Nepal ratifying the convention in 1990. Therefore, Nepal as a signatory, must develop the necessary laws, policies, mechanisms and structures to ensure the rights of children. The CRC consists of the following four fundamental principles: non-discrimination, the best interests of the child, the right to survival and development, and respect of children's views and opinion. After ratifying this convention, Nepal must uphold these principles and implement all the articles contained in the convention. Compared to other conventions and treaties, issues related to child rights are more sensitive largely because children are marginalized on the basis of age and also socio-culture. As children cannot raise their voice on certain issues concerning their wellbeing, it is important to create a safe and enabling environment so that children can express themselves.





# नेपालको बालअधिकार अभियानको नारीवादी विश्लेषण

■ सन्जोग ठकुरी

## १. पृष्ठभूमि

बाल अधिकार अभियानलाई नेपालको मानवअधिकार अभियानमध्ये सुसंस्कृत अभियानको रूपमा लिने गरिन्छ । अन्य अधिकारका अभियानभन्दा धेरै पछि सुरु भए पनि नेपालको बाल अधिकार अभियान सुव्यवस्थित सामाजिक आन्दोलनको रूपमा स्थापित भएको अभियन्ताहरु बताउँछन् । यस लेखमा नेपाली बालअधिकार अभियानलाई नारीवादी दृष्टिकोणबाट विश्लेषण गरिएको छ । नारीवादी सिद्धान्तले विभेदको अन्त्य, सिमान्तकृत समूहको बलियो आवाज र समावेशी मुद्दालाई आत्मसात गरेको हुन्छ । मानवअधिकार र समानता यो सिद्धान्तको केन्द्रिय पक्ष हो । यो विचारलाई बालअधिकार अभियानले पनि अंगिकार गर्ने भएकोले यो अभियानलाई पनि नारीवादी सिद्धान्तसँग जोडर हेर्न सकिन्छ ।

### १.१. नेपालमा बालअधिकार अभियान

संयुक्त राष्ट्र संघले बालअधिकारको संरक्षणका लागि अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धी, १९८९ पारित गरी लागू गरेको छ । नेपालले पनि वि.सं. २०४७ भदौ २९ मा यो महासन्धी अनुमोदन गरेको छ । यससँगै नेपालले पक्ष राष्ट्रको रूपमा बालअधिकार सुनिश्चितताका लागि आवश्यक कानून, नीति निर्माणका साथै आवश्यक संयन्त्र र संरचना स्थापना गर्नुपर्ने हुन्छ । बालअधिकार महासन्धीका चार आधारभूत सिद्धान्तहरु छन्: गैरविभेदीकरण, बालबालिकाको उच्चतम हित, बाँच्न र विकास गर्न पाउने अधिकार र बालबालिकाको विचारको सम्मान । महासन्धीको अनुमोदनसँगै नेपालले पक्ष राष्ट्रका रूपमा यी सिद्धान्त र महासन्धीमा उल्लेखित धाराहरूको अनिवार्यरूपमा कार्यान्वयन गर्नुपर्छ । अन्य महासन्धी वा सामाजिक मुद्दाभन्दा बालअधिकारका मुद्दाहरु थप संवेदनशील छन् किनभने उनीहरू उमेर समूहका साथै सामाजिक-सांस्कृतिक रूपमा पनि पछाडि पारिएका छन् । उनीहरू आफ्ना सरोकारका कतिपय मुद्दामा आफै आवाज उठाउन नसक्ने भएकाले, बालबालिकाले आफ्ना भावना आफै व्यक्त गर्ने अवसरका लागि सहज र सुरक्षित वातावरणको निर्माण गरिदिन जरूरी छ ।

To help children with disabilities, Nepal's child rights movement first began in 1982 with Nupur Bhattacharya's campaign. She started the Hatemalo children's radio show, which was the first program of its kind in South Asia, guided by the 'child-to-child' approach.[1] In Nepal's child rights movement, especially in rights of children with disabilities, this was an important milestone. Similarly, in 1987, Child Workers in Nepal (CWIN) was established with the aim of advocating for the rights of street children. CWIN has subsequently played a key role in amplifying street children's rights, making it now a political issue.

In addition, child rights networks have been established in order to widen the child rights movement and make it more effective. Although there were numerous child rights networks formed in the past, there are about 20 actively working in Nepal at present. However, the networks bear the hegemony of men and the Khas-Arya community. After all, as the state has been excluding women and marginalized communities, child rights networks are no different. As child rights networks are active in the field of inclusion, justice and equality, it must be the case that they should be inclusive. Yet, in practice, these networks are not with women's leadership being accepted fully.

## 2. The state of women leadership in child rights networks

Organizations active in the field of child rights have formed networks to amplify their voices. They formed a national network called 'Children at Risk Network Group' in 1992. With this, child rights organizations started to come together and mobilized as 'networks'. Although it has been 29 years since the formation of child rights networks, in leadership terms it is still dominated by men. In the history of child rights networks, only nine women have ever reached any leadership role.

> **"Most of the men and women in the leadership are from the Khas-Aryan community. Therefore, it can be said that Khas-Arya men from urban centers dominate the child rights movement."**

Established in 2010, National Child Protection Alliance has the history of having a woman at its helm. Similarly, Alliance Against Trafficking in Women and Children in Nepal (AATWIN) has had a woman as its chairperson since its establishment in 1997. Nevertheless, other networks have had a low number of women in their leadership. In 2002, organizations working for street children formed a national network, the 'National Alliance of Organizations Working for Street Children-Nepal'. The network was led by a woman once. However, after the tenure, women have been unable to reach senior roles. To widen access for disabled children, the 'Inclusive Education Forum' was formed in 2013, which selected a woman as its first chair. 'Destination Unknown: protect children on the move', a network working for children who have been separated from their family, also has a woman as its head for the first time. The global network 'Girls Not Brides' has a woman as the coordinator for its Nepal chapter. Established in 2012, the 'National Action and Coordination Group to End Violence Against Children' functions in every South





नेपालमा अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी सन् १९८२ मा नुपूर भट्टाचार्यले बालअधिकार अभियान सुरू गरेको देखिन्छ । उनले अपाङ्गता भएका बालबालिका लक्षित हातेमालो बाल कार्यक्रम सुरू गरेकी थिइन जुन दक्षिण एसियाकै पहिलो 'बालबालिका एकअर्काका लागि' भन्ने अवधारणाबाट निर्देशित कार्यक्रम थियो ।[१] नेपालको बालअधिकार अभियानमा विशेषगरी अपाङ्गता भएका बालबालिकाको अधिकारका लागि सुरूआत गरिएको यो निकै महत्वपूर्ण कदम थियो । यसैगरी सन् १९८७ मा सडक बालबालिकाको अधिकारका लागि काम गर्ने उद्देश्यले नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन) नामको संस्था स्थापना भयो । बालअधिकारको बहसलाई राजनीतिक मुद्दा बनाउनमा यसले निकै प्रभावकारी भूमिका खेलेको छ ।

बालअधिकार अभियानलाई बृहत र प्रभावकारी बनाउन बालअधिकार सञ्जालहरूको पनि निर्माण भएका छन् । देशभरिमा हालसम्म धेरैओटा सञ्जाल गठन भए तर हाल करिब २० ओटा बालअधिकार सञ्जालहरु क्रियाशील छन् । यी सञ्जालको नेतृत्वमा पुरूष र खसआर्य समुदायकै वर्चश्व रहँदै अएको छ । जसरी राज्यले महिला र अन्य सिमान्तकृत समुदायलाई बहिस्करणमा पार्दै आएको छ, बालअधिकार सञ्जालहरूको अवस्था पनि यो भन्दा भिन्न छैन । समावेशी, न्याय र समानताका पक्षमा क्रियाशील हुने बालअधिकारका सञ्जालहरु अनिवार्यरूपमा समावेशी हुनुपर्ने हो तर व्यवहारमा भने ती सञ्जालमा महिलाको नेतृत्व अझै पूर्ण रूपले स्वीकार गरिएको छैन ।

## २. बालअधिकार सञ्जालमा महिला नेतृत्वको अवस्था

नेपालमा बालअधिकारका क्षेत्रमा क्रियाशील संघसंस्थाहरू बालअधिकारको आवाज र अभियानलाई सशक्त बनाउन सञ्जाल निर्माण गरी क्रियाशील रहँदै आएका छन् । सन् १९९२ मा चिल्ड्रेन एट रिस्क नेटवर्किङ ग्रुप (जोखिममा रहेका बालबालिकाहरूको लागि सञ्जाल) नामको राष्ट्रिय सञ्जाल गठन गरे । यो सँगै नेपालमा बालअधिकारका क्षेत्रमा सञ्जाल नै निर्माण गरेर सांगठनिक क्रियाकलाप सुरू भएको हो । यस हिसाबले नेपालमा बालअधिकार सञ्जाल गठन सुरू भएको २९ वर्ष पुरा भयो, तर ती सञ्जालको नेतृत्व मूलतः पुरूषमा मात्रै रहँदै आएको छ । बालअधिकार सञ्जालको इतिहासमै हालसम्म जम्मा ९ जना महिलाहरू मात्र मुख्य नेतृत्वमा पुग्ने अवसर पाएका छन् ।

> **"नेतृत्वमा रहेका पुरुष र महिला दुवै अधिकांश खस-आर्य समुदायका छन् । यसले नेपालको बालअधिकार अभियान खस पुरुष र शहरी दबदबामा छ भन्न सकिन्छ ।"**

सन् २०१० मा स्थापित राष्ट्रिय बाल संरक्षण सञ्जाल (एनसिपिए)को मूल नेतृत्व वा अध्यक्ष महिला नै रहेको इतिहास छ । यसैगरी सन् १९९७ मा स्थापित महिला तथा बालबालिका बेचविखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन)को अध्यक्ष पनि महिला नै हुने गरेको पाइन्छ । विशेषगरी महिला र बालिकासम्बन्धी काम गर्ने सञ्जाल भएको हुनाले एटविनमा महिला नेतृत्व रहेको हो । तर, अन्य सञ्जालहरूमा भने अत्यन्तै न्यून मात्रामा महिलाको नेतृत्व रहेको देखिन्छ । सन् २००२ मा 'सडक बालबालिकाहरूको लागि कार्यरत राष्ट्रिय सञ्जाल' (नाओस) को गठन भयो । नाओसले महिला नेतृत्व पाएको थियो तर एकभन्दा बढी महिला उक्त सञ्जालको नेतृत्वमा पुग्न सकेको छैन ।

यसैगरी सन् २०१३ मा अपाङ्गता भएका बालबालिकाकाहरूको शिक्षामा पहुँच पुर्‍याउने उद्देश्यसहित 'समाहित शिक्षा मञ्च नेपाल' गठन भएको थियो । उक्त सञ्जालको संस्थापक अध्यक्षमा महिला छनौट गरिएको थियो । यसैगरी विभिन्न कारणले परिवारबाट छुट्टिएका

Asian Association for Regional Cooperation (SAARC) member country under the auspices of the apex child rights agency 'South Asia Initiative to End Violence Against Children' to bring all campaigns relating to child rights into alignment. This network has a woman chair for the first time in a decade.

There is a weak representation of women in child rights networks. Indeed, demands to ensure the representation of historically marginalized women in state institutions and all social organizations have long existed. And while the issue of inclusion has been demanded to transform male-dominated power relations, it is ironic to see that child rights networks exclude women from senior-level posts. Therefore, while the 2015 Constitution ensures women's proportional inclusion, child rights networks have not implemented the provision, furthering the notion that the child rights movement remains patriarchal in nature.

## 3. The domination of a privileged group[2]

Nepal is politically and socially unequal in terms of its genders, castes, ethnicities, geographies and classes. The impact of this can be seen in all aspects of life including child rights movements.

### 3.1. Khas-Arya men everywhere

In the initial phase of the child rights movement, there was a major presence of women and Janajati[3] men. As far as the vulnerabilities faced by children were concerned, it is the children from marginalized communities who face the main dangers. This fact can be seen and heard in speeches and reports of child rights networks. However, in the 29-year history of child rights networks, about 80 percent of leadership posts have been taken by men. While women have been excluded from the leaderships, marginalized communities have also been excluded. The men and women who have reached the leadership are mostly from the Khas-Arya community. Therefore, it can be said that Khas-Arya men from urban centers dominate the child rights movement.

> **"Although child rights movement has been in existence for a long time, the main reason for women not being able to assume leadership in these networks is clearly the patriarchal structure of society."**

At those times when they feared losing their hegemony, they did not encourage an environment to exist where a new inclusionary and reform minded leadership can flourish. Although child rights movement has been in existence for a long time, the main reason for women not being able to assume leadership in these networks is clearly the patriarchal structure of society. In a similar vein, women's dual responsibilities at home and at the office is also a major reason, says Minakshi Dahal, a child rights campaigner. She adds, "To assume leadership, individuals must be prepared to be active even after office hours, to sit for meetings and discussions. Although women have their domestic responsibilities along with





बालबालिकाहरूको अधिकारको लागि क्रियाशील सञ्जाल 'यात्रामा रहेका बालबालिकाकाको अधिकार संरक्षण अभियान (डेस्टिनेशन अन्नोन)' को नेतृत्वमा पहिलो पटक महिला पुगेको अवस्था छ । 'बालिका दुलही होइनन्' अभियान भन्ने विश्वस्तरीय सञ्जालको नेपाल शाखामा अहिले महिलालाई संयोजकको भूमिका दिइएको छ । सन् २०१२ मा दक्षिण एसियाली सहयोग संगठन (सार्क) अन्तर्गत बालबालिकाको अधिकार अझ विशेषगरी उनीहरूमाथि हुने हिंसाविरूद्ध सांगठनिक रूपमा आवाज उठाउन गठन गरिएको संगठन 'साइभाक' अन्तर्गत प्रत्येक देशमा बाल हिंसा विरूद्ध क्रियाशील राष्ट्रिय कार्य समन्वय समूह (एनएसीजी नेपाल) गठन भएको छ । करीब एक दशकको इतिहास बोकेको यो संगठनमा पहिलो पटक महिला प्रमुखको भूमिकामा चयन गरिएको छ ।

बालअधिकारका क्षेत्रमा काम गर्ने संस्था र सञ्जालहरूको मुख्य नेतृत्वमा महिलाहरूको नेतृत्व अवस्था अत्यन्तै कमजोर देखिन्छ । ऐतिहासिक रूपमा पछाडि पारिएका महिलाको राज्यका साथै सबै सामाजिक संघसंस्थामा प्रतिनिधित्व गराइनु पर्ने माग उठेको पनि निकै लामो समय भइसक्यो । पुरूषप्रधान शक्ति–सम्बन्धको रूपान्तरणका लागि समावेशीकरणको माग हुँदै आएको भए पनि अधिकारकै क्षेत्रमा क्रियाशील बालअधिकार सञ्जालको जिम्मेवार निकायमा महिला बहिस्करणमा पर्नु बिडम्बनापूर्ण छ । नेपालको संविधान २०७२ ले महिलाको समानुपातिक समावेशीकरण सुनिश्चित गरेको छ । तर बालअधिकारका क्षेत्रमा क्रियाशील यी सञ्जालले संवैधानिक व्यवस्थाको समेत कार्यान्वयन गरेका छैनन् । यसले बालअधिकारवादी आन्दोलन पुरूषप्रधान भएको तथ्य अगाडि सार्छ ।

## ३. वर्चश्वशालीकै[२] दबदबा

नेपाल राजनीतिक र सामाजिक रूपमा लैङ्गिक, जातिय, भौगोलिक र वर्गिय रूपमा पनि असमान छ र यसको प्रभाव जीवनका विविध पक्षमा पर्नुको साथै, उक्त प्रभाव बालअधिकार अभियानमा पनि प्रष्ट देखिन्छ ।

### ३.१. सबैतिर खसआर्य पुरुष

बालअधिकार अभियानको सुरूवातमा महिला तथा जनजाति[३] पुरूषहरूको नेतृत्व र उपस्थिति देख्न सकिन्छ । समस्याको दृष्टिकोणबाट हेर्ने हो भने सबैभन्दा धेरै जोखिममा सिमान्तकृत समुदायकै बालबालिका रहेका छन् । हरेक बालअधिकारवादी सञ्जालहरूको भाषण र प्रतिवेदनहरूमा यही तथ्य देखिन्छ । तर, नेपालको बालअधिकार सञ्जालको करिब ३० वर्षको इतिहासमा झण्डै ८० प्रतिशत नेतृत्व भने पुरूषकै रहेको छ । यसरी नेतृत्व गर्नेहरूबाट जसरी महिला बहिस्करणमा पारिएका छन्, त्यसरी नै सिमान्तकृत समुदाय पनि बहिस्कृत छन् । नेतृत्वमा रहेका पुरूष र महिला दुवै अधिकांश खस–आर्य समुदायका छन् । यसले नेपालको बालअधिकार अभियान खस पुरूष र शहरी दबदबामा छ भन्न सकिन्छ ।

> **"बालअधिकारका अभियान सञ्चालन भएको लामो समय हुँदा पनि गठन भएका सञ्जालहरूमा महिला नेतृत्व पुग्न नसक्नुको मुख्य कारण पितृसत्तात्मक संरचना र सोंच नै हो ।"**

आफ्नो वर्चश्व गुम्ने त्रासका कारण उनीहरूमा नयाँ समावेशी प्रकृतिको नेतृत्व तयार गर्ने विचारको विकास समेत हुन सकेको देखिँदैन । बालअधिकारका अभियान सञ्चालन भएको लामो समय हुँदा पनि गठन भएका सञ्जालहरूमा महिला नेतृत्व पुग्न नसक्नुको मुख्य कारण पितृसत्तात्मक संरचना र सोंच नै हो । यसका साथै महिलाहरूको कार्यालय र घरको दोहोरो जिम्मेवारी पनि अर्को कारण रहेको बालअधिकारवादी मिनाक्षी दाहाल बताउँछिन् ।

childcare, men can evade those responsibilities, hence their dominance has been maintained." This demonstrates that women cannot reach the leadership position not because of merit but due to patriarchal power relationships that currently exist in Nepal .

## 3.2. Inclusive learning and practice in child clubs

Of the 20 child rights networks active at the present, only five networks have been led by three former child club members – all of whom are men. There has never been a Dalit or a woman former child club member who reached the leadership of these networks. This shows the discrepancy between the what is preached and what is practiced regarding the issue of inclusion in the child club movement. This begs the question – where did the lessons of inclusion and handover of leadership learnt in child clubs vanish? Is this a result of Khas-Arya men going to child clubs as trainers and Khas-Arya boys getting more opportunities who then later receive disproportionate leadership opportunities? It is also commented that the child clubs mostly have boys in the main leadership role, while girls are sidelined to the posts of vice-chairs or treasurers. A network of organizations working on child participation, 'Consortium Nepal' is supposed to delve into issues like this. However, out of the five key roles in its executive committee, only one is a woman (the treasurer).

## 3.3. Issues of gender and sexual minorities

As the child rights movement fails to recognize gender and sexual minorities, no significant work has been conducted in this area. As the UN Committee on the Rights of the Child has recommended Nepal to reflect the voices of intersex children, it is the duty of the state and child rights movement to address the issues of gender and sexual minorities. Yet, such efforts should not stop here. In fact, they should also be encouraged to assume leadership roles in the movement even though the state and child rights activists remain silent on this issue. The intersex rights activist, Esan Regmi sees this as the "privileged silence" of the child rights movement, saying that "even with the background of continuous campaign, issues of gender and sexual minorities are not heard in child rights movement. Pressure induced representation is there, but meaningful participation is not assured."

## 4. Conclusion

The child rights movement has been unable to address the spirit of establishing leadership of those whose concerns are being resolved. The movement must work for children but it should also be sensitive in enhancing the leadership capacities of women and individuals from marginalized communities who work





उनी भन्छिन्, 'नेतृत्व लिनका लागि कार्यालय समय भन्दा अगाडि वा पछाडि पनि बैठक बस्न, छलफल गर्न तयार हुनुपर्छ तर महिलाहरूसँग काम सँगसँगै घर र बच्चाको पनि जिम्मेवारी हुने तर पुरूषहरु त्यस्तो जिम्मेवारीबाट पन्छिने वा मुक्त हुने हुँदा पुरूषहरूको बर्चस्व देखिएको हो ।' यसले महिला क्षमताका कारण नभइ मूलतः नेपालको पुरूषप्रधान शक्ति–सम्बन्धका कारण महिला नेतृत्वमा पुग्न नसकेको देखाउँछ ।

## ३.२. बालक्लबको समावेशी सिकाइ र व्यवहार

हाल क्रियाशील रहेका २० वटा बालअधिकार सञ्जालहरूमा जम्मा ५ वटा सञ्जालको मात्र नेतृत्वमा बालक्लबका पूर्व सदस्यहरूले पुग्ने अवसर पाएका छन् । यी पाँच सञ्जालहरूमा नेतृत्व गर्ने पुरूषहरू भने मात्र तीन जना रहेका छन् । हालसम्म पनि यस्ता संजालहरूमा बालक्लबको पूर्व सदस्यको हैसियतले प्रतिनिधित्व गर्ने एकजना पनि महिला र दलित छैनन् । यसले नेपालको बालक्लब अभियानको समावेशीकरणसम्बन्धी भनाइ र गराईबीचको तादम्यता नमिलेको स्पष्ट देखाउँछ ।

अब प्रश्न आउँछ, बालक्लबमा सिकिएको नेतृत्व हस्तान्तरण, समावेशिता कहाँ गयो ? कतै खसआर्य पुरूष नै तालिम दिन पुग्ने, बालक्लबमा समावेशीता सिकाउने र विभिन्न सामाजिक लाभ र अवसरका कारण बालक्लबबाट पनि खसआर्य पुरूष नै अभियानको नेतृत्वमा पुऱ्याउने प्रवृत्तिको समस्या त हैन ? नेपालको बालक्लबको मूल नेतृत्वमा पनि सँधैजसो बालक हुने र बालिकालाई उपाध्यक्ष वा कोषाध्यक्ष पद मात्र दिने चलन रहेको टिप्पणी भइरहन्छ । यो समस्यालाई सम्बोधन गर्ने निकायको रूपमा रहेको नेपालमा बालसहभागिताका लागि कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम नेपाल)को हालको कार्यसमितिको प्रमुख ५ पद मध्ये कोषाध्यक्ष मात्र महिला भएको देखिन्छ ।

## ३.३. लैङ्गिक तथा यौनिक अल्पसंख्यकका मुद्दा

नेपाली बालअधिकार अभियानले नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई चिन्दैन किनकि यस समुदायका बालबालिकाको मुद्दालाई सम्बोधन गर्ने किसिमले नीति तथा कार्यक्रम आएको देखिदैन । राष्ट्र संघीय बालअधिकार समितिले राज्यलाई दिएको समापन टिप्पणीमा अन्तरलिङ्गी बालबालिकाको समस्यालाई सम्बोधन गर्नुपर्ने कुरा उल्लेख गरेको छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यकको मुद्दालाई सम्बोधन गर्नु राज्य र बालअधिकार अभियानको दायित्व हो । यति मात्रै होइन, उनीहरूलाई अभियानको नेतृत्वमा समेत ल्याउनु पर्ने हो । तर, राज्य र बालअधिकारवादी सञ्जाल यसमा मौन छ । अन्तरलिङ्गी (Intersex) अधिकारकर्मी इशान रेग्मी यसलाई बालअधिकारवादी आन्दोलनको 'प्रिभिलेज्ड साइलेन्स' भन्छन् । उनी भन्छन्, 'निरन्तर खबरदारी गर्दा पनि लैङ्गिक तथा यौनिक अल्पसंख्यकको मुद्दा बालअधिकार अभियानमा सुनिंदैन । दबाबका कारण प्रतिनिधित्व गराइए पनि अर्थपूर्ण सहभागिता भने गराईदैन ।'

## ४. निष्कर्ष

'जसको सरोकार उसैको नेतृत्व' भन्ने मर्मलाई नेपाली बालअधिकार अभियानले सम्बोधन गर्न सकेको छैन । बालअधिकार अभियानले बालबालिकाका लागि त काम गर्नु नै पर्छ तर,

in the sector. Therefore, what is being practiced at present in the child rights networks is arguably fighting against the principle of an inclusive democracy. If the activists are responsible for the fact that only men reach leadership positions, then donors working in the sector are just as culpable. Donors have their own policies on gender transformation, and gender equality and social inclusion, based on which, partnerships with local civil society organizations should be agreed. Yet, government, donors and other supportive organizations do not seem interested on inclusion in child rights networks. Therefore, until those whose concerns are being discussed are given the opportunity to voice their opinion, we fail to recognize the actual problems. Unless the child rights movement is made inclusive, movements such as these are in a danger of being simply a 'playground' of men and the dominant communities. Consequently, the child rights movement is in a danger of reinforcing its image of being male, masculine, heterosexual, and Khas-Arya led.

## Endnotes

1. https://myrepublica.nagariknetwork.com/news/34650/?categoryId=81
2. Nepal's privileged/dominant community are the high caste communities from hills. Gender-wise, it is the men from the dominant community who have been in the leadership positions of Nepal's socio-cultural, and political institutions. To be specific, they are the Khas-Arya men..
3. For more information on Janajati, please refer to page 6 of Population Monograph of Nepal 2014: http://mohp.gov.np/downloads/Population%20Monograph%20V02.pdf

## References


- Anubhavharu, Consortium Nepal, 2068.
- Balbalikako Sangathan Nirman ra Sahajikaran Nirdeshika, 2074, Ministry of Federal Affairs and Local Development, Government of Nepal, 2074.
- Constitution of Nepal, 2015.
- Discussions with child rights activists, 2021.
- Kathmandu Upatyakakaa Baal Clubharuma Baal Sahabhagitako Awastha: Adhyayan Pratiwedan, Sanjog Thakuri, Nirijana Bhatt, Diwakar Pyakurel, Aatmaram Neupane, Hatemalo Sanchar and Save the Children, 2013.
- Nepalma Bal Adhikar: Bal Adhikar Mahasandhiko 25 Barsha, CWISS, 2072.
- Yaun Abhimukhikaran, Laingik Pahichaan tathaa Yaun Bisheshtaa (Yaubhikyautaa): Adharbhut Awadharana, The Basic Concept, Queer Youth Group and Campaign for Change, 2077.






बालअधिकार क्षेत्रमा रहेका महिला, सिमान्तकृत समुदायको नेतृत्व क्षमताको विषयमा पनि उत्तिकै संवेदनशीलताका साथ काम गर्नुपर्छ । त्यसैले नेपालको बालअधिकार सञ्जालमा भइरहेको अभ्यास सैद्धान्तिकरूपमा समावेशी लोकतन्त्रको विरूद्धमा छ ।

बालअधिकार सञ्जालको नेतृत्वमा पुरूष मात्रै आइपुग्नुमा मूलरूपमा अभियन्ताहरु नै बढी मात्रामा जिम्मेवार छन् भने बालअधिकारको क्षेत्रमा निरन्तर रूपमा सहयोग गर्दै आएका दातृ निकायहरु पनि उत्तिकै जिम्मेवार छन् । दातृ संस्थाका आफ्नै लैङ्गिक रूपान्तरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता नीतिहरु हुने गर्दछन् जसको आधारमा साझेदारीलाई अघि बढाउनु पर्ने हुन्छ । तर, सरकार, दातृ निकाय तथा सहयोगी संस्थाहरूले समावेशीकरणको सिद्धान्तमा बालअधिकारवादी संजालहरूका विषयमा खासै चासो दिएको देखिँदैन ।

जबसम्म जसको समस्या उसको आवाज हुन सक्दैन हामी वास्तविक समस्याको पहिचान गर्नबाट चुक्दछौं । बालअधिकार अभियान समावेशी नहुँदासम्म यस्ता अभियान पुरूष र सामाजिक रूपमा वर्चश्वशाली समुदायकै खेलमैदान भइरहने छ । अनि फलस्वरूप बालअधिकार आन्दोलन आजको नेपालको बालअधिकारवादी सञ्जालरूपको स्वरूप पुलिङ्गी (Male), पुरूषवादी (Masculine), विषमयौनिक (Heterosexual) र खसआर्य कै प्रभुत्वमा सधैभरी रहिरहने खतरा हुनेछ ।

## पाद टिप्पणी

१ https://myrepublica.nagariknetwork.com/news/34650/?categoryId=81.

२ नेपालमा बर्चस्वशाली समूह भनेर पहाडका उच्च जातलाई बुझिन्छ । लैङ्गिक दृष्टिकोणले, बर्चस्वशाली समूहका पुरूषहरूले नै नेपालका सामाजिक-सांस्कृतिक र राजनीतिक संस्थामा नेतृत्वदायी भूमिका ओगटेका छन्। तोकेरै लेख्दा, यी पुरूषहरू खस-आर्य पुरूष हुन् ।

३ जनजाती सम्बन्धि थप जानकारीका लागि पपुलेसन मोनोग्राफ अफ नेपाल २०१४ को पृष्ठ ६ हेर्नुहोला: http://mohp.gov.np/downloads/Population%20Monograph%20V02.pdf

## सन्दर्भ सूची


- अनुभवहरु, कन्सोर्टियम नेपाल, २०६८ ।
- काठमाडौं उपत्यकाका बालक्लबहरूमा बालसहभागिताको अवस्था : अध्ययन प्रतिवेदन, सन्जोग ठकुरी, निरिजना भट्ट, दिवाकर प्याकुरेल, आत्माराम न्यौपाने, हातेमालो सञ्चार र सेभ द चिल्ड्रेन, २०१३ ।
- नेपालको संविधान, २०७२ ।
- नेपालमा बालअधिकार : बालअधिकार महासन्धीको २५ वर्ष, सिविस, २०७२
- बालअधिकारका अभियन्ताहरूसँगको छलफल, २०७८ ।
- बालबालिकाको संगठन निर्माण र सहजीकरण निर्देशिका, २०७४, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल सरकार, २०७४ ।
- यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता (यौभिकयौता) : आधारभूत अवधारणा, क्वेयर युथ ग्रुप र क्याम्पेन फर चेन्ज, २०७७ ।

# Representation of Women with Disabilities in Politics

■ Rama Dhakal

## 1. Introduction

As someone who has been professionally active in the field of persons with disabilities rights, in my experience, such persons still do not have access to politics. While the issues affecting women with disabilities are becoming more political, the topic also still resides very much 'in the shadows'. In the past, political parties used to view such persons as merely a 'vote bank' at election times. There also seems scant interest in politics among Persons with disabilities, and nor do political parties seem to encourage them to participate either.

However, during the 2006 People's Movement, persons with disabilities participated in the building of a democratic state, where women with disabilities also made an active contribution. During the election of the first Constituent Assembly (CA), the issue of representation of persons with disabilities was highlighted. During the drafting of the constitution in the second CA, activists and representatives with disabilities persuaded the main political party leaders to ensure that their issues were addressed. As a result, the constitution accepted the principle of inclusion, which subsequently saw the political representation of persons with disabilities generally increasing. However, the political representation of persons with disabilities, especially women with disabilities, is yet to reflect their actual numbers in the population, demonstrating that disabled-friendly constitutional provisions are yet to be fully implemented.

## 2. Status of persons with disabilities and women with disabilities

According to the 2011 census, 1.94 percent of the population are persons with disabilities with 45.44 percent being women. Yet, the political participation of women with disabilities still remains low - with Nepal ranking 149th position







# राजनीतिमा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व

■ रमा ढकाल

## १. परिचय

म प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अपाङ्गता भएका व्यक्तिको अधिकारका क्षेत्रमा क्रियाशील छु । मेरो अनुभवमा अपाङ्गता भएका व्यक्तिहरूको सवाल राजनीतिक मुद्दाको रूपमा खासै उठेको पाईंदैन । अपाङ्गता भएका महिलाको राजनीतिक सवाल त झन ओझेलमै छ । नेपालका राजनीतिक दलहरूले बिगतदेखि नै अपाङ्गता भएका व्यक्तिलाई चुनावमा 'भोट बैंक'को रूपमा प्रयोग गर्दै आइरहेका छन् । एकातिर, अपाङ्गता भएका व्यक्ति पनि राजीतिमा संलग्न हुन खासै चासो दिँदैनन् भने अर्कोतिर दलहरु पनि अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिमा संलग्न गराउन चाहँदैनन् वा उत्प्रेरित गर्दैनन् ।

यद्यपि, लोकतान्त्रिक राज्यव्यवस्था निर्माणका लागि २०६२/६३ लगायतका जनआन्दोलनमा अपाङ्गता भएका व्यक्तिहरु सक्रियतापूर्वक सहभागी भएका थिए । यो क्रममा अपाङ्गता भएका महिलाको पनि सक्रियतापूर्वक सहभागीता र योगदान रहेको थियो । पहिलो संविधानसभाको निर्वाचनको बेला अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वका सवाल सशक्त रूपमा उठ्यो । यसका साथै संविधानसभाबाट नयाँ संविधान निर्माणका क्रममा अपाङ्गता व्यक्तिका अधिकार सुनिश्चतताका लागि राजनीतिक दलका प्रमुख नेताहरूको ध्यानाकर्षण गराउने काम पनि भयो । त्यसैले संविधानले सैद्धान्तिकरूपमा समानुपातिक समावेशीकरणको अवधारणालाई स्वीकार गर्‍यो, यसैको परिणामस्वरूप अपाङ्गता भएका व्यक्तिको राजनीतिक प्रतिनिधित्व बिस्तारै बढ्दै गएको छ । यद्यपि, राजनीतिमा अपाङ्गता भएका व्यक्ति र त्यसमा पनि महिलाको जनसंख्याको आधारमा प्रतिनिधित्व हुन अझैं हुन सकेको छैन । यसले अपाङ्गतामैत्री संवैधानिक व्यवस्थाको पनि अझैं पूर्णरूपमा कार्यान्वयन हुन नसकेको देखाउँछ ।

## २. अपाङ्गता भएका व्यक्ति तथा महिलाको अवस्था

२०६८ को जनगणनाअनुसार नेपालमा करिब १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या रहेको छ । तीमध्ये ४५.४४ प्रतिशत महिला छन् । तर, ती अपाङ्गता भएका महिलाको सामाजिक–राजनीतिक क्षेत्रमा सहभागीता भने अत्यन्तै न्यून छ । सन् २०१८ मा

out of 189 countries on the 2018 Global Gender Inequality Index. In noting the constitutional provision that women must make up at least 33 percent of positions in all state bodies, some 14,345 women were elected at the municipal level. Yet, among them, only four are women with disabilities. Similarly, the number of women with disabilities in provincial and federal government remains at zero.

In 2009, the federal government ratified the Convention on the Rights of Persons with Disabilities (CRPD), in which article 29 addressed the issue of increasing the political access of persons with disabilities. This article guarantees the rights of persons with disabilities to participate in politics equally with their able-bodied persons and places a level of 'moral pressure' on the state to grant constitutional and legal rights to persons with disabilities. After the ratification of the CRPD, the state was forced to legally establish the political rights of persons with disabilities. In this situation, persons with disabilities and those bodies that represent them, advocated strongly for their rights. As a result, the federal government transformed the 1992 Disability Welfare Act into a 'rights-oriented' act while also enacting the 2017 Rights of Persons with Disabilities Act. The enactment of the latter was a key achievement in terms of the rights of persons with disabilities. The Act has to some extent recognized the rights of persons with disabilities in regard to representation. For example, sub section 11 stipulates that persons with disabilities have the right to stand for election in a fear-free environment on the same basis as other persons and to vote voluntarily with or without the support of anyone. However, the question of candidacy or representation of women with disabilities was never clarified in the Act.

**"The enactment of the 2017 Rights of Persons with Disabilities Act was a key achievement in terms of the rights of persons with disabilities. The Act has to some extent recognized the rights of persons with disabilities in regard to representation."**

### 3. Representation of women with disabilities

The Communist Party of Nepal (UML) has a provision whereby a person with disabilities requires seven years of experience to be an election candidate, which is less than the number of years required for able bodied members. The Nepali Congress has also implemented a policy of 'reservation' to increase the political participation of women with disabilities, which saw persons with disabilities represented in their last general convention.  Although some political parties have tried to increase representation of persons with disabilities, it is clearly not enough. Persons with disabilities are still not given major responsibilities in the parties, appropriate plans to develop their leadership are lacking, and leadership of persons with disabilities inside parties is still not accepted. Furthermore, the 1993 Civil Service Act set aside a five percent quota for persons with disabilities, which further paved the way for this group to enter the sector. However, the quota has been reduced to 4 percent and no provision has been made to ensure the physical representation of women with disabilities. While the state introduced mechanisms for the representation of persons with disabilities, it has been unable to ensure





तयार पारिएको विश्व लैङ्गिक असमानता सूचकमा १८९ देश सहभागी थिए । ती देशमध्ये नेपाल १४९ औं स्थानमा सूचिकृत भएको छ । हुन त राज्यका सबै निकायमा महिलाको कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व हुनै पर्ने संवैधानिक व्यवस्था छ । सोही व्यवस्थाअनुरूप स्थानीय तहमा १४ हजार ३४५ जना महिला निर्वाचित भएका छन् । तर, यसरी निर्वाचितमध्ये अपाङ्गता भएका महिलाको सङ्ख्या ४ जना मात्रै छ । यसैगरी संघीय र प्रदेशसभामा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व शून्य छ ।

नेपाल सरकारले सन् २००९ मा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धी अनुमोदन गऱ्यो । उक्त महासन्धीको धारा २९ मा अपाङ्गता भएका व्यक्तिको राजनीतिक पहुँच अभिवृद्धि हुनुपर्ने विषय समावेश गरिएको छ । यो धाराले अपाङ्गता भएका व्यक्तिको राजनीति गर्ने र राजनीतिक क्रियाकलापमा समानरूपमा सहभागी हुने हक सुनिश्चितता गरेको छ । यसले अपाङ्गता भएका व्यक्तिको संवैधानिक र कानुनी अधिकार प्रदान गर्न राज्यलाई नैतिक दबाब दिएको छ । अन्तर्राष्ट्रिय महासन्धी अनुमोदन गरेपछि एकातिर राज्य कानुनीरूपमा अपाङ्गता भएका व्यक्तिको राजनीतिक अधिकार स्थापित गर्नै पर्ने बाध्यतातिर धकेलियो भने अर्कोतिर स्थापित अधिकारको कार्यान्वयन गर्नै पर्ने अवस्थामा पुग्यो । यस्तो अवस्थामा अपाङ्गता भएका व्यक्ति र सामाजिक संघसंस्थाले राजनीतिक प्रतिनिधित्वसहित अधिकारका मुद्दा सशक्त रूपमा उठाए । बहस, पैरवी र वकालतमार्फत निरन्तर आवाज उठाएका कारण कल्याणकारी ऐनको रूपमा रहेको अपाङ्गता कल्याण ऐन, २०४९ संशोधन गरी अधिकारमुखी अवधारणाअनुसार अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ निर्माण गर्न सम्भव भयो ।

अपाङ्गता भएका व्यक्तिको अधिकारका दृष्टिले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ निर्माण हुनु एउटा महत्वपूर्ण उपलब्धी हो । यो ऐनले अपाङ्गता भएका व्यक्तिको राजनीतिक प्रतिनिधित्वको अधिकारलाई केही हदसम्म स्वीकार गरेको छ । ऐनको उपदफा ११ मा अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समानरूपमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेद्वार हुने र स्वेच्छिक रूपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्न पाउने अधिकारको स्पष्ट व्यवस्था गरिएको छ । यद्यपि, निर्वाचनमा राजनीतिक दलले अपाङ्गता भएका महिलाको उमेद्वारी अनिवार्य दिनु पर्ने वा प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था भने ऐनमा प्रष्ट्याइएको छैन ।

**"अपाङ्गता भएका व्यक्तिको अधिकारका दृष्टिले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ निर्माण हुनु एउटा महत्वपूर्ण उपलब्धी हो । यो ऐनले अपाङ्गता भएका व्यक्तिको राजनीतिक प्रतिनिधित्वको अधिकारलाई केही हदसम्म स्वीकार गरेको छ ।"**

### ३. अपाङ्गता भएका महिलाको प्रतिनिधित्व

नेकपा (एमाले)ले ७ वर्ष मात्रै पार्टी संगठनमा अनुभव बटुलेका अपाङ्गता भएका व्यक्तिलाई निर्वाचनमा उमेद्वार बनाउने प्रावधान राखेको छ, जुन अन्य पार्टी सदस्यका लागि आवश्यक अनुभवभन्दा कम समयावधि हो । यसैगरी नेपाली कांग्रेसले अपाङ्गता भएका महिलाको राजनीतिक सहभागीता बढाउन अरक्षणको नीति लागू गरेको छ । त्यसैले कांग्रेसको गत महाधिवेशनमा पनि अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गराएको थियो । तर, केही राजनीति दलले अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गराउने प्रयत्न गरे पनि ती प्रयास अपूर्ण नै छन् । उनीहरूलाई पार्टीभित्र जिम्मेवारी दिने, नेतृत्व विकास गर्ने योजना निर्माण गर्ने र उनीहरूको नेतृत्व पार्टीभित्र नेतृत्व स्वीकार भने गरेको देखिँदैन । त्यस्तै, निजामति सेवा ऐन, २०४९ ले अपाङ्गता भएका व्यक्तिका लागि आरक्षित जम्मा कोटामध्ये ५ प्रतिशत छुट्याएको थियो । यसले अपाङ्गता भएका व्यक्तिको निजामती क्षेत्रमा प्रवेशको बाटो

proportional representation in the political and administrative spheres. Women with disabilities also face many challenges in gaining their political rights, which are addressed in the next section.

## 4. Challenges faced

Although a few political parties have made an effort to increase representation of persons with disabilities, discrimination against women with disabilities still persists. Consequently, there is still no conducive environment for women with disabilities to become politically informed and take political leadership roles. This is a major reason why women with disabilities continue to register low interest in politics. On the other hand, except for some quotas political parties do not have a clear vision, policy or work-plan to establish women with disabilities in leadership roles within their parties. It seems as if political parties do not believe that women with disabilities are capable of take leadership duties at all. In practice, political parties neither give leadership roles to women with disabilities in the internal party structures, nor do they offer party tickets to candidates with disabilities at election times. Instead, they seem to only use persons with disabilities as 'vote banks'. Henceforth, a lack of policy makers in political parties sympathetic to the issues of persons with disabilities poses a real challenge to the long-term representation of women with disabilities.

> **"While the state introduced mechanisms for the representation of persons with disabilities, it has been unable to ensure proportional representation in the political and administrative spheres. Women with disabilities also face many challenges in gaining their political rights."**

While the constitution ensured at least 33 percent representation in all state mechanisms, in practice, women with disabilities are not included in the reserved seats for women in general. Thus, the lack of the constitutional and legal framework for them to have a compulsory representation in seats reserved for women, is yet another challenge for their overall representation.

Therefore, although Nepal has embraced the principle of an inclusive democracy, it has not been effectively practiced. If and when the proportional representation of marginalized communities (such as Adivasi-Janajati, Dalit, Madhesi and Muslims is ensured) then only then will the proportional representation of persons with disabilities become a reality. Certainly, an inclusive democracy will never be practiced while persons with disabilities and women continue to be excluded. Yet, as the state is not committed to proportional inclusion, women with disabilities are unable to enjoy their political rights.

## 5. Possible solutions

The federal government has signed several international conventions on disability rights. It's now the turn of the state to effectively implement the commitments. Similarly, the constitution ensures a compulsory representation of women with





खोलेको थियो । तर, अहिले अपाङ्गता भएका व्यक्तिका लागि छुट्याइएको आरक्षणलाई ४ प्रतिशतमा झारिएको छ भने ऐनमा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गरिएको छैन । यसरी राज्यले केही हदसम्म अपाङ्ता भएका व्यक्तिको प्रतिनिधित्व हुनु पर्ने व्यवस्था गरेको भए पनि राजनीतिक–प्रशासनिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न भने सकेको छैन । अपाङ्गता भएका महिलाले राजनीतिक अधिकार अभ्यासका सन्दर्भमा अझैं पनि धेरै चुनौतीको सामना गरिरहनु परेको छ । तिनैमध्ये केही चुनौतीबारे यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

## ४. चुनौतीहरु

केही राजनीतिक दलले पार्टीमा अपाङ्गता भएका व्यक्तिलाई प्रतिनिधित्व गराउने प्रयत्न गरे पनि अपाङ्गता भएका महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण कायमै छ । जसकारण उनीहरु राजनीतिमा प्रवेश गर्ने र नेतृत्व लिन सहज वातावरण बनेको छैन । उनीहरू राजनीतिमा संलग्न हुन रूचि कम देखाउने एउटा मुख्य कारण पनि यही हो । एकातिर राजनीतिक दलहरूसँग कतै-कतै आरक्षण दिनेबाहेक अपाङ्गता भएका महिलालाई राजनीतिक नेतृत्वमा स्थापित गराउने स्पष्ट दृष्टिकोण, नीति तथा कार्ययोजना पनि छैन । यसैगरी राजनीतिक दलहरु अपाङ्गता भएका महिलाले राजनीतिक नेतृत्व लिन सक्छन् भन्ने विश्वास पनि गर्दैनन् । राजनीतिक दलहरु व्यहारिक अभ्यास हेर्दा न त उनीहरू आन्तरिक संरचनामा अपाङ्गता भएका महिलालाई नेतृत्वदायी भूमिका दिन्छन् न त निर्वाचनका बेला उमेद्वार बनाउन तयार हुन्छन् । बरू दलहरु अपाङ्गता भएका व्यक्तिलाई केवल निर्वाचनका बेला भोट बैंकको रूपमा उपयोग गर्ने रणनीतिभन्दा बढी चासो नै राख्दैनन् । राजनीतिक दलभित्रको नीति निर्माण गर्ने तहमा अपाङ्गता भएका महिला वा अपाङ्गता भएका व्यक्तिप्रति संवेदनशील व्यक्तिको कमी हुनु पनि अपाङ्गता भएका महिलाको राजनीतिक प्रतिनिधित्वको चुनौती हो ।

> **"राज्यले केही हदसम्म अपाङ्ता भएका व्यक्तिको प्रतिनिधित्व हुनु पर्ने व्यवस्था गरेको भए पनि राजनीतिक-प्रशासनिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न भने सकेको छैन । अपाङ्गता भएका महिलाले राजनीतिक अधिकार अभ्यासका सन्दर्भमा अझैं पनि धेरै चुनौतीको सामना गरिरहनु परेको छ ।"**

यसैगरी संविधानले राज्यका सबै निकायमा महिलाको कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको छ । तर, महिलालाई दिइने आरक्षणभित्र अपाङ्गता भएका महिलाहरु पर्दैनन् । महिलाभित्र पनि अपाङ्गता भएका महिलाको अनिवार्य प्रतिनिधित्व गराउने संवैधानिक र कानुनी व्यवस्था नहुनु अर्को चुनौती हो । नेपालले समावेशी लोकतन्त्रलाई आत्मसाथ गरेको छ । तर, व्यवहारिक रूपमा समावेशी लोकतन्त्रको प्रभावकारी अभ्यास हुन सकिरहेको छैन । राज्यबाट बञ्चितीकरणमा पारिएका आदिवासी जनजाति, दलित, मधेसी, मुश्लिम लगायतको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने वातावरण बन्दै गएको खण्डमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक प्रतिनिधित्वको सवाल स्थापित हुन्छ । अपाङ्गता भएका व्यक्ति वा महिलालाई छोडेर समावेशी लोकतन्त्रको अभ्यास हुन सक्दैन । तर, राज्य समानुपातिक समावेशीकरण अभ्यास गर्न प्रतिबद्ध नभएका कारण अपाङ्गता भएका महिलाले पनि समावेशी लोकतन्त्रको अभ्यास गर्न पाइरहेका छैनन् ।

## ५. सम्भावित समाधानहरू

नेपाल सरकारले अपाङ्गता अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीमा हस्ताक्षर गरिसकेको छ । राज्यले अब आफ्ना प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । यसैगरी, राष्ट्रियस्तरमा संविधानले समानुपातिक समावेशी सिद्धान्तलाई अवलम्बन गरेको छ । यो

disabilities in all spheres of the government. For this to be implemented, current legislation needs to be amended, and where necessary, new laws should be introduced. In short, political representation of women should be guaranteed in practice.

The role of political parties is key in a multi-party democracy. Yet, if there is no effective representation of persons with disabilities in the internal organizations of these parties, then issues affecting persons with disabilities are not going to accepted at the policy level of each party. Parties should make appropriate arrangements for the mandatory representation of women with disabilities in the internal structures, and also come up with policy arrangements to give them a priority. Parties also need to ensure the political rights of persons with disabilities through legislation and in their respective policy manifestos.

On this point, the Election Commission of Nepal (ECN) should be clearer on the issue of electing women with disabilities. Right from the registration of political parties, if the ECN can make the political representation of persons with disabilities a compulsory provision in election-related acts then the political representation of women with disabilities will be made easier. The ECN should recognize only those political parties that have an inclusive character, ensuring the representation of women with disabilities in line with the constitution. In order to participate in elections, the ECN should also make it easier for women with disabilities to register on the voter list, receive voter education and cast their vote independently.

## 6. Conclusion

The state, political parties and civil society organizations can each carry out various activities to ensure political representation of women with disabilities. The policy formulation made by the state should provide for the mandatory representation of women with disabilities in all relevant government bodies. Policy arrangements should be made to ensure their mandatory representation in the structure of political parties and to address those issues affecting this community. Similarly, to establish a narrative so that persons with disabilities can take political leadership, bodies representing persons with disabilities, political parties and other stakeholders must all launch a campaign so that discriminatory practices against persons with disabilities can end for good.

### References


- Interim Constitution of Nepal 2007. Kathmandu, Nepal.
- Constitution of Nepal 2015. Kathmandu, Nepal.






संवैधानिक प्रावधान अनुसार अपाङ्गता भएका महिलाको राज्यका हरेक निकायमा अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरिनुपर्छ । यसका लागि उपलब्ध ऐन र कानुनको संशोधन गर्ने वा आवश्यकता अनुसार नयाँ कानुनी व्यवस्था गरिनुपर्छ । व्यवहारिक रुपमै, अपाङ्गता भएका महिलाको अनिवार्य राजनीतिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ ।

बहुदलीय लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलको भूमिका सबैभन्दा महत्वपूर्ण हुने गर्दछ । तर, ती राजनीतिक दलको संगठनात्मक संरचनामा अपाङ्गता भएका व्यक्तिको प्रभावकारी प्रतिनधित्व छैन भने नीतिगतरुपमा अपाङ्गता भएका व्यक्तिको समस्यालाई दलको एजेण्डाको रुपमा स्वीकार गरिएको छैन । त्यसैले राजनीतिक दलको संरचनामा अपाङ्गता भएका महिलाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गर्ने र उनीहरूलाई विशेष प्राथमिकता दिएर राजनीतिक नेतृत्वमा स्थापित गराउने नीतिगत व्यवस्था दलहरूले गर्नुपर्छ । राजनीतिक दलहरूहरूले विधान र घोषणापत्रमार्फत अपाङ्गता भएका व्यक्तिको राजनीतिक अधिकार सुनिश्चित गर्नुपर्छ ।

यसैगरी, निर्वाचन आयोग पनि अपाङ्गता भएका महिलालाई निर्वाचित गराउने विषयमा स्पष्ट हुनुपर्छ । निर्वाचन आयोगले राजनीतिक दल दर्तादेखि निर्वाचनसम्बन्धी ऐन र कानुनमा अपाङ्गता भएका व्यक्तिको अनिवार्य राजनीतिक प्रतिनिधित्वको व्यवस्था गर्न सकेको खण्डमा अपाङ्गता भएका महिलाको राजनीतिक प्रतिनिधित्वको बाटो सहज हुन सक्छ । अपाङ्गता भएका महिलालाई निर्वाचनमा अनिवार्य उमेद्वार बनाउनु पर्ने र सहजरुपमा निर्वाचनमा सहभागी हुने अवस्थाको निर्माण गरिनुपर्छ । यसका लागि निर्वाचन आयोगले संवैधानिक व्यवस्था अनुसार अपाङ्गता भएका महिलाको प्रतिनिधित्व सहित समावेशी चरित्रको दललाई मात्रै मान्यता दिनुपर्छ । यसैगरी निर्वाचनमा सहभागीताका लागि मतदाता नामावलीमा नाम दर्ता गर्ने, सहजरुपमा मतदाता शिक्षा पाउने र व्यक्तिगत स्वतन्त्रताको प्रयोग गर्दै मतदान गर्ने व्यवस्था मिलाइनुपर्छ ।

## ६. निष्कर्ष

अपाङ्गता भएका महिलाको राजनीतिक अधिकार स्थापित गर्न राज्य, राजनीतिक र सामाजिक संघसंस्थाले विभिन्न क्रियाकलाप गर्न सक्छन् । राज्यले बनाउने नीति नियममा अपाङ्गता भएका महिलाको अनिवार्य प्रतिनिधित्व हुने पर्ने व्यवस्था गर्नुपर्छ । यसका साथै राजनीतिक दलको संरचनामा अपाङ्गता भएका महिलाको अनिवार्य प्रतिनिधित्व गराउने र उनीहरुका सवाललाई सम्बोधन गर्ने नीतिगत व्यवस्था गर्नुपर्छ । यसैगरी, अपाङ्गता भएका व्यक्तिले अवसर पाएको खण्डमा राजनीतिक नेतृत्व लिन सक्छन् भन्ने भाष्य निर्माणका लागि अपाङ्गता भएका व्यक्तिको अभियान सँगसँगै राजनीतिक दल र अन्य सरोकारवालाले पनि अभियान सञ्चालन गर्नुपर्छ ताकि अपाङ्गता भएका व्यक्तिलाई हेर्ने विभेदकारी मान्यताको अन्त्य गर्न सघाउ पुगोस् ।

### सन्दर्भ सूची


- नेपालको अन्तरिम संविधान २००७ । काठमाण्डौ, नेपाल ।
- नेपालको संविधान २०१५ । काठमाण्डौ, नेपाल।

- Constitution of Nepali Congress 1960. Kathmandu, Nepal. Retrieved from www.nepalicongress.org/single/party-constitution/constitution-of-nepali-congress on June 1, 2021.
- Nepal Disabled Women Association 2019. Political Participation of Women with Disabilities in Nepal: Barriers and Opportunities. Kathmandu, Nepal. Retrieved from www.ndwa.org.np/resources on June 1, 2021.
- Convention on the Rights of Persons with Disabilities 2006. Participation in political and public life [Article 29]. New York, USA. Retrieved from www.un.org/development/desa/disabilities/convention-on-the-rights-of-persons-with-disabilities/convention-on-the-rights-of-per)sons-with-disabilities-2.html on June 1, 2021.







- नेपाली कांग्रेसको संविधान १९६० । काठमाण्डौ, नेपाल। जुन १, २०२१ मा www.nepalicongress.org/single/party-constitution/constitution-of-nepali-congress बाट निकालिएको ।
- नेपाल अपाङ्ग महिला संघ २०१९ । नेपालमा अपाङ्गता भएका महिलाहरूको राजनीतिक सहभागिताः अवरोध र अवसरहरू । काठमाण्डौ, नेपाल । जुन १, २०२१ मा www.ndwa.org.np/resources बाट निकालिएको ।
- कन्भेन्सन अन द राइट्स अफ परसन्स उइथ डिसेबिलिटिज् २००६ । पार्टिसिपेसन इन पोलिटिकल एण्ड पब्लिक लाइफ (आरटिकल १९) । न्यू योर्क, युएसए । जुन १, २०२१ मा www.un.org/development/desa/disabilities/convention-on-the-rights-of-persons-with-disabilities/convention-on-the-rights-of-per)sons-with-disabilities-2.html बाट निकालिएको ।

# लेखकहरु



## । कैलाश राई

कैलाश राई लैङ्गिक, राजनीतिक र सामाजिक न्यायमा गहन चासो राख्ने अनुन्धानकर्ता हुनुहुन्छ । उहाँ "आदिवासी जनजाति महिलाका संगठन, आन्दोलन र लेखन" को लेखक हुनुहुन्छ तथा "पहिचानको खोजी: आदिवासी जनजाति महिलाको सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ" को सम्पादक हुनुहुन्छ । लैङ्गिक, महिला, अन्तर–सम्बन्धता, सामाजिक न्याय र सामाजिक समावेशीकरणमा केन्द्रित उहाँका दर्जनौं अनुसन्धानात्मक लेखहरु विभिन्न जर्नल तथा प्रकाशनहरुमा पाइन्छन् ।




## । पल्लवी पायल

पल्लवी विकास अध्ययनमा स्नातकोत्तर गर्नु भएको पल्लवी पायल एक राजनीतिक अनुसन्धानकर्ता हुनुहुन्छ । उहाँसँग चुनाव र संघीयताबारे अनुसन्धान गरेको अनुभव छ । उहाँ नारीवादी मिथिला कलाकार पनि हुनुहुन्छ । वर्तमान समयका मिथिला कलाको पुन:आविस्कार गर्दै, उहाँले महिला र विशेषगरी मधेसी महिलाहरुको जीवनमा प्रभाव पार्ने पितृसत्तात्मक र रुढिवादी परम्परागत सोचलाई उदाङ्गो पार्ने उद्देश्य लिनुभएको छ ।



## । स्वदिपा बोहरा

निजी क्षेत्रमा संलग्नता भएको र नीति अनुसन्धानमा अनुभवी, स्वादिपा बोहरा एक विकास परामर्शदाता हुनुहुन्छ । राज्य र बजारमा आधारित अवधारणा, विशेषगरी न्यायसंगत परिणामहरु प्राप्त गर्नका लागि प्रविधिले विकासका पहलहरुमा पार्न सक्ने सकारात्मक प्रभाव उहाँको रुचिका विषय हुन् । उहाँले न्यु जर्सीको सेटन हिल विश्वविद्यालयबाट स्नातकोत्तर र ब्रिघम योङ्ग विश्वविद्यालय, उथाबाट अन्तर्राष्ट्रिय सम्बन्ध र राजनीतिक अर्थशास्त्रमा बीए गर्नुभएको छ ।



## । सन्जोग ठकुरी

सन् १९९० को दशकदेखि नेपालको बाल अधिकार अभियानमा आबद्ध सञ्जोग ठकुरी बालक्लबका पूर्व सदस्य हुनुहुन्छ । ठकुरीले नेपालको बालअधिकार अभियानलाई समावेशीता, अन्तरसम्बद्धता र नरीवादी दृष्टिकोणले व्याख्या गर्दै आइरहनु भएको छ । हाल त्रिभुवन विश्वविद्यालयमा लैङ्गिक अध्ययनमा अध्ययनरत उहाँ पुरुष र पुरुषत्व केन्द्रित नारीवादी संस्था "हामी दाजुभाइ" को संस्थापक अध्यक्ष हुनुहुन्छ ।



## । रमा ढकाल

स्वयं अपाङ्गता भएको रमा ढकाल, राष्ट्रिय अपाङ्ग महासंघ नेपालको उपाध्यक्ष हुनुहुन्छ । राष्ट्रिय अपाङ्ग महिला संघको संस्थापक अध्यक्ष र सल्लाहकारको भूमिकामा रहेर काम गर्नु भएको ढकाल सन् १९९४ देखि नै अपाङ्गता भएका व्यक्तिको अधिकारका आन्दोलनमा निरन्तर रुपमा संलग्न हुनुहुन्छ । विशेषगरी उहाँ अपाङ्गता भएका र नभएका महिला र बालिकाको क्षेत्रमा सशक्तरुपमा आवाज उठाइरहनु भएको छ ।